# सौर्य दैनिक

www.souryaonline.com

वर्ष १५ अंक ३५ बिहिबार, १२ चैत २०८२ SOURYA NATIONAL DAILY Thursday, 26 March 2026 पृष्ठ : ८+२ मूल्य रू. ५


■ अनौपचारिक माध्यमबाट बाहिरियो कार्की आयोगको प्रतिवेदन

# राज्य संयन्त्रको हेलचेक्र्याइँले ठूलो हताहती


## तत्कालीन प्रधानमन्त्री ओली मुख्य जिम्मेवार

■ सौर्य समाचार

काठमाडौँ । २३ र २४ भदौको घटनासम्बन्धी जाँचबुझ गर्न बनेको गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगले करिब ६ महिना लगाएर तयार पारेको प्रतिवेदन गत फागुन २४ मै प्रधानमन्त्री सुशीला कार्कीलाई बुझाए पनि हालसम्म सार्वजनिक हुन सकेको छैन । विभिन्न राजनीतिक दल, संघसंस्था तथा नागरिक समाजले सार्वजनिक हुनुपर्ने माग राखे पनि सरकारले बेवास्ता गरिरहँदा अनौपचारिक माध्यमबाट भने प्रतिवेदनको मूल प्रति नै बाहिरिएको छ । प्रतिवदेन बाहिरएपछि प्रधानमन्त्री सुशीला कार्कीले बुधबार संघीय संसद् सचिवालयको पुस्तकालयमा अभिलेख राखी प्रतिवेदन सार्वजनिक गर्ने निर्णय गरेकी छिन् ।

यसका अलावा प्रधानमन्त्री कार्कीले मंगलबार नै नेपाल बाल संगठन र बालमन्दिरसम्बन्धी उच्चस्तरीय जाँचबुझ आयोग, २०७७ को प्रतिवेदन र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट तयार गरिएको सुशासन मार्गचित्र, २०८२ पनि संघीय संसद् सचिवालयको पुस्तकालयमा अभिलेख राखी सार्वजनिक गर्ने निर्णय गरेकी छिन् । संसद् सचिवालयले भने यसबारे कुनै पनि औपचारिक जानकारी नआइसकेको बताएको छ । सचिवालयका प्रवक्ता एकराम गिरीले हालसम्म त्यस्तो कुनै जानकारी नआएको र यदि त्यस्तो पत्र र प्रतिवेदन सचिवालयलाई प्रप्त भएमा जानकारी गराइने बताए ।

भदौ २३ मा भएको जेनजी प्रदर्शनका क्रममा सरकारको दमनका कारण १९ जनाको हत्या भएको थियो भने २४ गते देशभर सरकारी कार्यालयहरू, व्यापारिक संस्थान तथा निजी आवासहरूमा तोडफोड र आगजनी हुनुका साथै ७६ जनाको मृत्युसमेत भएको थियो । उक्त विषयमा निष्पक्ष छानबिन गर्ने जिम्मा पाएको आयोगले २३ गतेको घटनाका सवालमा गहन अनुसन्धान गर्दै दोषीमाथि कारबाही सिफारिस गरे पनि २४ गतेको सन्दर्भमा भने आयोगको अनुसन्धान घेरा साँघुरिएको देखिएको छ । ▸▸▸ बाँकी पृष्ठ ६



### ■ के हो तत्कालीन सरकारको मुख्य कमजोरी ?

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली अभिभावकीय भूमिकामा रहेकाले त्यसबेलाको घटना रोक्नु उनको मुख्य दायित्व भएकाले त्यसो गर्न नसक्नु प्रधानमन्त्रीको ठुलो कमजोरी रहेको आयोगको निष्कर्ष छ । प्रतिवेदनमा भनिएको छ, 'संसद् भवन परिसरबाहिर लगभग ४ घन्टा गोली चलिरहँदा, केहीको मृत्यु र सयौँको संख्यामा घाइते भइसकेको अवस्थामा पनि राज्यका सबै नागरिकको अभिभावकको जिम्मेवारी र दायित्व भएका पदाधिकारीको हैसियतले थप मानवीय क्षति रोक्न प्रयास नगर्नु प्रधानमन्त्रीको ठुलो कमजोरी हो ।' त्यस्तै, गृह प्रशासन, सुरक्षा निकायका प्रमुखहरू र समग्रमा शान्ति सुरक्षाको सम्पूर्ण दायित्व भएका गृहमन्त्री रमेश लेखक र देशको कार्यकारी प्रमुख रहेका प्रधामन्त्री ओलीले २३ गते दिउँसो नै बढी मानवीय क्षति रोक्नेतिर कुनै पहलको प्रयाससम्म नगरेको प्रतिवेदनले औँल्याएको छ । २३ गते घटनामा दिउँसो १ बजे नै मानवीय क्षति भइसकेको र सयौँ घाइते भइसकेको अवस्थामा दिउँसो २ बजे नै राष्ट्रिय सुरक्षा परिषद्को बैठक बोलाइए पनि प्रधानमन्त्रीले राति १० बजेपछि मात्र बैठक राखेको अनुसन्धानमा खुलेको छ । यसका साथै २३ गतेको सवालमा गोली हान्न आदेश नदिए पनि रोक्ने/रोकाउनेतिर प्रयास नै नगरेकोप्रति आयोगले प्रश्न उठाएको छ । 'गोली हान्न आदेश नदिएको, पूर्वमनसाय राखेरै हत्या गरेको खालको वारदात नभए पनि सुरक्षा बलले गोली चलाएर केही प्रदर्शनकारीको हताहत र घाइते भएपछि गोली फायर रोक्ने/रोकाउनेतिर प्रयास नै नगरी निजहरूले लापरबाहीपूर्ण कार्य गरेको कारणले किशोरकिशोरीको समेत ज्यान मर्न गएको देखिन आयो,' प्रतिवेदनमा उल्लेख छ ।

### ■ २४ गतेको घटनामा थप अनुसन्धान गर्ने जिम्मा सरकारलाई नै

भदौ २३ को घटनामा आयोगले दर्जनभन्दा बढी व्यक्तिलाई कारबाही सिफारिस गरे पनि २४ गतेको घटनामा कारबाहीका लागि भने आयोग मौन बसेको छ । सो विषयमा आयोगले २४ गते घटनामा संलग्न भएका व्यक्तिहरूको सम्बन्धमा निक्योल गर्न अभियोजनका लागि सिफारिस गर्न मिल्ने गरी ठोस प्रमाण फेला नपरेको जनाएको छ । 'आयोगलाई सहयोग पुग्ने गरी कुनै पनि पनि उचित प्रमाण सरकारी वा गैरसरकारी निकायबाट हालसम्म प्राप्त हुन सकेको छैन,' प्रतिवेदनमा भनिएको छ, 'आयोगलाई प्राप्त कार्यादेश निश्चित तर छोटो अवधिका लागि रहेकाले देशभरका घटना विस्तृत रूपमा छानबिन गर्ने तत्काल कोही कसैलाई दोषी प्रमाणित गर्न समय र जनशक्ति अभावका कारणले आयोगले सकेन ।'

तर, २४ गतेको विध्वंस मच्चाइएका स्थानहरूमा उक्त दिन घटना हुँदाको समयमा सोही स्थानहरूका टेलिफोन टावरहरूमा उपलब्ध डाटाका आधारमा भौतिक रूपमा उपस्थित भएका व्यक्तिका फोन नम्बरहरू नेपाल दूरसञ्चार र एनसेलबाट माग गरी अध्ययन गरिएको प्रतिवेदनमा उल्लेख छ । त्यसलाई सरकारले विज्ञसहितको अनुसन्धान टोली गठन गरी उपलब्ध अन्य प्रमाणहरूसँग भिडाई तत्कालै अभियुक्तसम्म पुग्न विस्तृत अनुसन्धान गर्न आवश्यक रहेको जनाएको छ । त्यस्तै, २४ गते सबै सुरक्षा निकायहरू आ-आफ्नो चेन अफ कमान्डमा चलेको, तर युनिफाइड कमान्डको अभाव देखिएको प्रतिवेदनमा छ । सुरक्षा संयन्त्रले कुन ठाउँ जोगाउने, कुन ठाउँ छोड्ने भन्ने प्राथमिकता लिस्ट नहुँदा २४ गते १० बजेबाट प्रहरी जनशक्ति प्रहरी कार्यालयहरूमा मात्र सीमित भएको, तर ती स्थान पनि पछि छाडेको हुँदा देशमा सुरक्षा शून्यता भई अराजकताको स्थिति सिर्जना भएको र आपराधिक प्रवृत्ति भएका व्यक्तिहरूले लुटपाट र आगजनी गर्ने अवसर पाएको प्रतिवेदनमा उल्लेख छ ।

२४ गते भएको विध्वंसात्मक क्रियाकलाप, सरकारी, निजी र व्यावसायिक घरानामाथिको बर्बरतापूर्ण आगजनी, तोडफोड, लुटपाट र चोरी जस्ता आपराधिक मानसिकता साथै प्रतिशोधबाट सिर्जित घटनाको भएको विश्लेषण आयोगको छ । २३ गतेको शान्तिपूर्ण आन्दोलनमा अत्यधिक बल प्रयोग हुँदा २४ गतेको घटना निम्तिएको पनि प्रतिवेदनमा भनिएको छ ।

### ओलीसहित ७ जनालाई फौजदारी कसुरमा कारबाही सिफारिस



तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, तत्कालीन गृहमन्त्री रमेश लेखक, तत्कालीन प्रहरी महानिरीक्षक चन्द्रकुबेर खापुङ, तत्कालीन गृहसचिव गोकर्णमणि दुवाडी, सशस्त्र प्रहरी बलका महानिरीक्षक राजु अर्याल, तत्कालीन राष्ट्रिय अनुसन्धान विभाग प्रमुख हुतराज थापा र काठमाडौँका तत्कालीन प्रमुख जिल्ला अधिकारी छविलाल रिजाललाई फौजदारी कसुरअन्तर्गत अभियोग लगाई ३ देखि १० वर्षसम्मको कैद सजाय र ३० हजारदेखि १ लाख रुपैयाँसम्म जरिमाना गर्न सिफारिस गरिएको छ ।

लापरबाही र हेलचेक्र्याइँ गरेको कारणले किशोरकिशोरीको ज्यान गएकाले तत्कालीन प्रधानमन्त्री ओली, तत्कालीन गृहमन्त्री लेखक र तत्कालीन प्रहरी महानिरीक्षक खापुङलाई जिम्मेवार देखाउँदै आयोगले कारबाही सिफारिस गरेको हो । उनीहरूलाई १० वर्षसम्मको जेल सजाय हुनेगरी मुलुकी अपराध संहिता, २०७४ को दफा १८१ को उपदफा (१) र सोही संहिता, २०७४ को दफा १८२ अनुसार कसुर हेरी अनुसन्धान र अभियोजन गर्न/गराउन सरकारलाई सिफारिस गरेको छ । त्यस्तै, तत्कालीन गृहसचिव दुवाडी, सशस्त्र बल नेपालका महानिरीक्षक अर्याल, तत्कालीन राअवि प्रमुख थापा र काठमाडौँका तत्कालीन सिडिओ रिजाललाई 'हेलचेक्र्याइँपूर्ण काम गरेको' भन्दै मुलुकी अपराध संहिता, २०७४ को दफा १८२ को उपदफा (१) अनुसार अनुसन्धान गरी अभियोजन गराउन आयोगले सिफारिस गरेको छ ।

### यस्तो छ प्रमुख व्यक्तिहरूको बयान सार



● **केपी शर्मा ओली**, *तत्कालीन प्रधानमन्त्री*

२३ भदौमा भएको जेनजी आन्दोलनको दौरान भएका तत्काल र तुरुन्त हुने घटना प्रधानमन्त्रीलाई सोझै जानकारी गराउने विषय होइन । प्रधानमन्त्रीले प्रहरीलाई गोली हान्न आदेश दिने होइन । प्रधानमन्त्री यो विषयमा जबाफदेही हुँदैन । सुरक्षाकर्मीमाथिको आक्रमण जेनजीले होइन, घूसपैठ समूहबाट भएको हो । सरकारका तिनोटै निकायमाथि आगजनी र आक्रमण सुनियोजित । सेना परिचालन गर्ने मनसाय सरकारको नभएकाले त्यस्तो गरिएन । म बाधक भएकाले आन्दोलन भएको भए २४ गते मेरो राजीनामापछि सबै ठिक हुनुपर्ने, तर भएन त ?



● **रमेश लेखक**, *तत्कालीन गृहमन्त्री*

मैले फिल्डमा प्रत्यक्ष आदेश नदिने भए पनि नीतिगत निर्देशन, समन्वय गर्दै स्थिति अनुगमन गरिरहेको थिएँ । २२ भदौको राष्ट्रिय सुरक्षा परिषद् बैठकमा २३ भदौको सम्भावित हिंसाबारे कुनै ठोस सूचना प्राप्त भएको थिएन । गोली प्रहारको आदेश मैले दिएको थिइनँ । बल प्रयोग परिस्थितिका आधारमा स्थलगत खटिएका अधिकारीले निर्णय गर्ने विषय हो । प्रहरी महानिरीक्षकले गृहमन्त्रीसँग अन्तिम बल प्रयोगका लागि लिखित वा मौखिक आदेश लिने कानुनी व्यवस्था र व्यावहारिक अभ्यास नभएकाले सो गरिएन । बानेश्वरमा प्रदर्शन हिंसात्मक भएपछि प्रधानमन्त्री, रक्षामन्त्री र प्रधानसेनापतिलाई जानकारी गराएँ । पीडाबोधका कारण २३ भदौमै नैतिक जिम्मेवारी लिँदै पदबाट राजीनामा दिएँ ।



● **एकनारायण अर्याल**, *तत्कालीन मुख्यसचिव*

२२ भदौको सुरक्षा समिति बैठकमा प्रधानमन्त्रीले सुरक्षा निकायको समन्वयमा सुरक्षा व्यवस्था मिलाउनू, राजनीतिक समन्वय सरकारको तहबाट गर्ने निर्देशन भयो । सो बैठकमा डिस्कर्ड, रेडिटलगायत सामाजिक सञ्जालबाट व्यापक हिंसा, आगजनी वा तोडफोड हुने ठोस गुप्तचर सूचना प्रस्तुत भएन । यति ठुलो हिंसात्मक अवस्था आउँछ भन्ने स्पष्ट आकलन सुरक्षा निकायबाट प्राप्त भएन । शीर्ष नेताहरू र बहालवाला मन्त्रीसहित उच्च पदस्थको सुरक्षा व्यवस्था मिलाइयो । सुरक्षा निकायबीच देखिएको समन्वय अभावका लागि कुनै एक संस्थालाई मात्र दोष दिन मिल्दैन ।



● **अशोकराज सिग्देल**, *प्रधानसेनापति*


जेनजी प्रदर्शनका क्रममा उत्पन्न जटिल र विषम परिस्थितिमा मैले संविधान र कानुनको मर्मअनुसार आफ्नो दायित्व निर्वाह गरेको छु । २२ भदौको केन्द्रीय सुरक्षा समिति बैठकमा आन्दोलन व्यापक हुन सक्ने जानकारी प्राप्त थियो । औपचारिक बैठक नबसेकाले विशेष रणनीतिक छलफल हुन सकेन । २३ गते नेपाली सेना परिचालन भएन । गृह मन्त्रालयको नेतृत्वमा सुरक्षा व्यवस्था कार्यान्वयन भएको थियो । २४ भदौमा मैले प्रधानमन्त्रीलाई कि राजीनामा दिन वा सेना परिचालनको निर्णय गर्न सुझाव दिएको थिए । सुरक्षा निकायहरूबीच समन्वयको अभाव रहेको आरोप अस्वीकार गर्छु । संवेदनशील संरचना जोगाउन सेनाले अग्रसर भूमिका खेलेको छ । मानवीय क्षति न्यून राख्न संयमता अपनाएको छ । सेनाले दमकल प्रयोग गरी सिंहदरबारस्थित राष्ट्रिय डाटा सेन्टर र अर्थ मन्त्रालयको डाटा सेन्टरको आगलागी नियन्त्रण गरेको हो । राष्ट्रपति निवास, प्रधानमन्त्री निवासको मुख्य संरचना, त्रिवि विमानस्थल, इन्धन डिपो, कारागार सेनाको पहलमा जोगाइयो । मैले भौतिक संरचनाभन्दा पनि मानवीय सुरक्षालाई प्राथमिकता दिएको थिएँ ।



● **चन्द्रकुबेर खापुङ**, *तत्कालीन आइजी, नेपाल प्रहरी*

२३ भदौको जेनजी आन्दोलनमा घुसपैठ भई स्थिति उत्तेजक बन्ने आकलन थियो । तर, संसद् भवनमा तोडफोड र आगजनी हुन सक्ने स्तरको विश्लेषण गरिएको थिएन ।

डिस्कर्डजस्ता प्लेटफर्ममा छलफल र तयारी भइरहेको सूचना सुरक्षा निकाय प्रमुखहरूको बैठकमा प्रस्तुत गरिएको थियो । निषेधित क्षेत्र तोडी संसद् भवनतर्फ जुलुस अघि बढेको रिपोर्टपछि प्रजिअसँग समन्वय गरी आवश्यक व्यवस्थापन गर्न निर्देशन दिएको थिएँ । प्रदर्शनकारी संसद् भवन प्रवेश गरेपछि स्थानीय प्रशासन ऐनअनुसार प्रहरी परिचालन गर्न निर्देशन दिएको हुँ । कर्फ्यु कार्यान्वयनको विधि र प्रक्रियामा प्रहरी महानिरीक्षकको प्रत्यक्ष भूमिका हुँदैन । फिल्डमा खटिएका प्रहरीले परिस्थितिले माग गरेमा कानुनबमोजिम गोली चलाउन सक्ने अधिकार राख्छन् । प्रत्येक अवस्थामा केन्द्रबाट पूर्वस्वीकृति लिनुपर्ने कानुनी बाध्यता छैन । नीतिगत रूपमा न्यूनतम बल प्रयोग गर्न निर्देशन दिएको थिएँ । जब आगजनी र आक्रमण हुन थाल्यो, सुरक्षा नियन्त्रण गुम्न सक्ने जोखिम फिल्डका अधिकृतहरूले महसुस गरेको हुनुपर्छ भन्ने मेरो बुझाइ छ । मेरो विश्वासमा कर्फ्यु आदेशपछि मात्रै गोली चलेको हो । २३ भदौमा अन्तिम बल प्रयोग नगरेको भए संसद् भवनमा थप क्षति हुने निश्चित थियो । रवि लामिछाने नक्खु कारागारबाट बाहिर आएको मलाई जानकारी थिएन । मैले जानाजान कुनै गैरकानुनी आदेश दिएको छैन । २४ भदौमा प्रहरी र कार्यालयमाथि नै आक्रमण भएको अवस्थामा उपलब्ध जनशक्तिले मात्र अवस्था नियन्त्रण गर्न र थप मद्दत परिचालन गर्न सम्भव भएन ।



● **राजु अर्याल**, *आइजिपी, सशस्त्र प्रहरी बल*

जेनजी युवाले आन्दोलनअघि रेडिट, डिस्कर्ड, एक्स प्रयोग गरेकोबारे कुनै रिपोर्टिङ भएन । कर्फ्युपछि स्थानीय प्रशासन ऐनमा भएको व्यवस्थाबमोजिम कार्य गर्न निर्देशन दिएको थिएँ । गोली चलाउने निर्णय व्यक्तिगत रूपमा मैले गरेको होइन । सशस्त्रको तर्फबाट अन्तर्राष्ट्रिय प्रहरी मानक र मानवअधिकार मापदण्ड उल्लंघन हुने गरी घातक गोली प्रहार भएको कुनै आधिकारिक रिपोर्ट मैले पाएको छैन ।



● **हुतराज थापा**, *तत्कालीन प्रमुख, राष्ट्रिय अनुसन्धान विभाग*

वास्तविक जेनजी ५ हजारसम्म रहे पनि ऐक्यबद्धता र स्वार्थ समूहको उपस्थिति हुँदा आन्दोलनमा १०-१५ हजार सहभागी हुन आकलन थियो । विभागको साइबर तथा टेक्निकल इन्टेलिजेन्स संरचना समयानुकूल अद्यावधिक हुन सकेको छैन । २३-२४ भदौको घटनाको गहिरो ट्र्याकिङ, स्रोत प्रमाणीकरण र गहिरो पूर्वानुमान गर्न सफल हुन सकिएन । विभिन्न प्लेटफर्महरूमा फैलिएको सन्देशको प्रभाव विश्लेषण गर्न आवश्यक उपकरण र दक्ष जनशक्ति भएन । शीर्ष नेताहरूको घर म्यापिङ गरी आक्रमणको योजना बनाएकोबारे जानकारी थिएन । २३ भदौको घटनामा सुरक्षा संरचना अन्डर-इस्टिमेसनको मुख्य समस्या देखियो ।

## ज्येष्ठ सदस्य केसीको पदबहाली

### आज बाँकी सांसदलाई शपथ गराउने



काठमाडौँ । नवनिर्वाचित प्रतिनिधिसभाका ज्येष्ठ सदस्य अर्जुनरसिंह केसीले पद तथा गोपनीयताको शपथ लिएका छन् । केसीलाई बुधबार राष्ट्रपति रामचन्द्र पौडेलले शपथ गराएका हुन् । शपथपछि बुधबार नै केसीले सिंहदरबारस्थित संघीय संसद् सचिवालयमा पदबहालीसमेत गरेका छन् । योसँगै गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनपछि नयाँ सरकार गठन र संसद्को अधिवेशन आह्वान गर्ने तयारी भइरहेका बेला ज्येष्ठ सदस्य केसीले सभाध्यक्षको जिम्मेवारी पाएका छन् । पदबहाली गर्दै ७८ वर्षीय केसीले निष्पक्ष र पारदर्शी रूपले सभामुखको कार्यसम्पादन गर्ने प्रतिबद्धतासमेत जनाए । आज बिहीबार उनै ज्येष्ठ सदस्य केसीले प्रतिनिधिसभाका नवनिर्वाचित बाँकी २७४ जना सदस्यलाई शपथ गराउनेछन् । नयाँ सभामुखको निर्वाचन नभएसम्म केसीले संसद् बैठकको अध्यक्षता गर्नेछन् ।

# कांग्रेसको १५औँ महाधिवेशन १६-१९ असोजमा गर्ने निर्णय



**यस्तो छ कार्यतालिका**

- ■ २ भदौ, २०८३ : गाउँ-नगर वडा अधिवेशन
- ■ ७ भदौ, २०८३ : गाउँ-नगरपालिका अधिवेशन
- ■ १७ भदौ, २०८३ : प्रदेशसभा क्षेत्रीय अधिवेशन
- ■ २४ भदौ, २०८३ : प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन, जिल्ला अधिवेशन (एकमात्र क्षेत्र भएका)
- ■ २-३, असोज २०८३ : जिल्ला अधिवेशन (एकभन्दा बढी क्षेत्र भएका)
- ■ ७-८, असोज २०८३ : प्रदेश अधिवेशन
- ■ १६-१९, असोज २०८३ : केन्द्रीय महाधिवेशन

■ सौर्य समाचार

काठमाडौँ । नेपाली कांग्रेसले पार्टीको १५औँ महाधिवेशन आगामी १६-१९ असोजमा गर्ने निर्णय गरेको छ । बुधबार बसेको केन्द्रीय समिति बैठकले २०८३ असोज १६ देखि १९ सम्म केन्द्रीय महाधिवेशन गर्ने निर्णय गरेको प्रवक्ता देवराज चालिसेले जानकारी दिए । मंगलबारदेखि जारी केन्द्रीय कमिटी बैठकमा सभापति गगन थापाले आगामी २४-२६ भदौमा महाधिवेशन गर्न प्रस्ताव गरेका थिए । उनले महाधिवेशनका लागि आगामी १ वैशाखदेखिको कार्यतालिका प्रस्तुत गरेका थिए । तर, बुधबार महाधिवेशन कार्यतालिकाको सम्बन्धमा केन्द्रीय सदस्यहरूले धारणा राखिसकेपछि महाधिवेशन मिति संशोधन गरेर निर्णय गरिएको हो । यससँगै गत मंसिरमा पदावधि सकिएको कांग्रेसले १५औँ महाधिवेशनका लागि चौथो मिति तय गरेको हो । वर्तमान केन्द्रीय कार्यसमिति गत २६ पुष-१ माघको दोस्रो विशेष महाधिवेशनमार्फत् आएको हो ।

नयाँ कार्यतालिकाअनुसार आगामी २ भदौदेखि वडा अधिवेशन सुरु हुनेछ । महाधिवेशनको काम सुरु गर्न वरिष्ठ अधिवक्ता प्रेमबहादुर खड्काको संयोजकत्वमा निर्वाचन समिति बनाइएको छ । बैठकले उपसभापति पुष्पा भुसालको संयोजकत्वमा संविधान संशोधन अध्ययन समिति गठन गर्ने निर्णय गरेको छ । बैठकले अर्का उपसभापति विश्वप्रकाश शर्माको संयोजकत्वमा प्रदेश र स्थानीय तहको प्रभावकारिताको सम्बन्धमा अध्ययन गर्न समिति बनाउने निर्णय पनि भएको केन्द्रीय सदस्य प्रकाश पन्थले जानकारी दिए । ▸▸▸ बाँकी पृष्ठ ७

**इनिशा विक प्रकरण**

# सामूहिक बलात्कार नभएको प्रहरी निष्कर्ष

## आरोपितविरुद्ध जबरजस्ती करणी र कर्तव्य ज्यान मुद्दा चलाउन माग

■ खगेन्द्र भट्टराई

सुर्खेत । बलात्कारपछि हत्या गरिएको भनिएकी सुर्खेतकी इनिशा विकमाथि सामूहिक बलात्कार नभएको प्रहरी अनुसन्धानबाट खुलेको छ । १७ दिनको अनुसन्धानपछि बुधबार प्रहरीले सरकारी वकिल कार्यालयमा बुझाएको प्रतिवेदनमा शारीरिक सम्पर्कपछिको अत्यधिक रक्तस्रावका कारण मृत्यु भएको निष्कर्ष निकालिएको छ । घटनामा जोडिएका सबै तथ्यहरूका आधारमा गरिएको अनुसन्धान प्रतिवेदनमा सामूहिक बलात्कार नभएको निष्कर्ष छ ।

फागुन २३ गते बिहान विद्यालयको प्रयोगात्मक क्रियाकलापमा जानु छ भनेर निस्किएकी इनिशा घरबाट गएको २ घन्टापछि वीरेन्द्रनगर नजिकैको सामुदायिक वनमा अचेत भेटिएकी थिइन् । उद्धार गरेर अस्पताल पुऱ्याएलगत्तै चिकित्सकले उनलाई मृत घोषित गरेका थिए । इनिशाको परिवार र आफन्तले सामूहिक बलात्कारपछि हत्या गरिएको भन्दै अझै शव बुझेका छैनन् । घटना भएकै दिनदेखि अनुसन्धानमा खटिएको प्रहरीले बुधबार अनुसन्धान सकेर सरकारी वकिल कार्यालयमा प्रतिवेदन पेस गरेको हो ।

अनुसन्धानमा प्राप्त तथ्य, प्रमाण र आरोपितहरूको बयानका आधारमा प्रतिवेदन तयार गरिएको जिल्ला प्रहरी कार्यालय सुर्खेतका सूचना अधिकारी डिएसपी मोहनजंग बुढथापाले बताए । 'विभिन्न प्रमाण र आरोपीहरूको बयानले पनि सामूहिक बलात्कार पुष्टि हुने आधार देखिएन,' उनले भने, 'घटनामा संलग्न चारै जना दोषी देखिन्छन् ।' प्रहरीले उनका प्रेमी भनिएका अनमोल गौलीलाई मुख्य अभियुक्त ठहर गरेको छ । प्रहरीले मुख्य अभियुक्तविरुद्ध जबरजस्ती करणी र कर्तव्य ज्यान मुद्दा दायर गरी जन्मकैद र बाँकी ३ जनाविरुद्ध घटनास्थलमा उपस्थित भएर पनि पीडितलाई बचाउने प्रयास नगरेको आरोपमा कर्तव्य ज्यानसम्बन्धी मुद्दा चलाउनुपर्ने मागदाबी गरेको छ । 'अनुसन्धानबाट प्राप्त वैज्ञानिक प्रमाणहरूले सामूहिक बलात्कार पुष्टि गर्दैन,' डिएसपी बुढथापाले भने, 'पोस्टमार्टम रिपोर्ट र अनुसन्धान प्रतिवेदनअनुसार इनिशाको मृत्यु मुख्य अभियुक्त उनका प्रेमी भनिएका युवकसँगको शारीरिक सम्पर्कपछिको उच्च रक्तस्रावका कारण भएको देखिन्छ ।'


घटनासँग सम्बन्धित धेरैजसो प्राविधिक रिपोर्ट प्राप्त भइसकेको र केही रिपोर्ट आउन बाँकी रहेको डिएसपी बुढथापाले बताए । 'अनुसन्धानमा खुलेका सबै तथ्यसहितको प्रतिवेदन बुझाइसकिएको छ,' उनले भने, 'अब अरू कुराहरू न्यायलयमा खुल्न सक्छन् ।' २ हप्ताअघिदेखि प्रहरीले वैज्ञानिक तरिकाले अनुसन्धान गर्ने भन्दै केन्द्रबाट सिआइबी, नेपालगन्जबाट पोलिग्राफ, सिडिआर एनालिसिसलगायत विज्ञको टोलीले घटनाको अनुसन्धान गरेको थियो । सामूहिक बालात्कार पछि इनिशाको हत्या भएको भन्दै आफन्त र परिवारले उनको शव बुझ्न मानेका छैनन् । घटना भएको १९ दिन बितिसक्दा पनि इनिशाको शव कर्णाली प्रदेश अस्पतालको शवगृहमै छ । घटनाको तथ्य पत्ता लगाउन मृतक र आरोपितहरूको मोबाइल, भजाइनल स्वाब परीक्षण तथा केन्द्रीय विधिविज्ञान प्रयोगशालामा टक्सिकोजिकल, बायोसेरोलोजिकल परीक्षणसहित प्रहरीले प्रतिवेदन तयार गरेको हो ।

घटनामा मुख्य अभियुक्त अनमोल गौलीले आफू २ वर्षदेखि इनिशासँग प्रेम सम्बन्धमा रहेको र आफूहरूबीच शारीरिक सम्बन्ध रहँदै आएको भन्दै सामूहिक बलात्कार नभएको बयान दिएका छन् । घटनाको दिन पनि सहमतिमै शारीरिक सम्पर्क भएको र अत्यधिक रक्तस्राव भएपछि इनिशा बेहोस भएको अभियुक्तले बयान दिएका थिए । ▸▸▸ बाँकी पृष्ठ ७



● **मोहनजंग बुढथापा**, *सूचना अधिकारी*

घटनामा संलग्न चारै जना दोषी देखिन्छन् । तर, विभिन्न प्रमाण र आरोपीहरूको बयानले पनि सामूहिक बलात्कार पुष्टि हुने आधार देखिएन ।



# मन्त्री अभावमा सिंहदरबार सुनसान, बजेट तयारी कर्मचारीमै सीमित

■ मधु शाही

काठमाडौँ । देशमा नयाँ आर्थिक वर्षको बजेट निर्माणको चटारो लगभग सुरु भइसकेको छ । यतिखेर सिंहदरबारका सबै मन्त्रालयमा मन्त्रीहरू भइदिएको भए प्रदेश एवं स्थानीय तहका जनप्रतिनिधिहरू बजेट माग्न सिंहदरबारमा आइसकेका हुने थिए । जनप्रतिनिधि मात्र नभएर जिल्ला जिल्लाबाट विभिन्न राजनीतिक दलका नेताहरू अहिले सिंहदरबार आउने समय हो । नेपालको संविधानको प्रावधानअनुसार प्रत्येक जेठ १५ गते नेपाल सरकारले संघीय संसद्समक्ष बजेट प्रस्तुत गर्नुपर्दछ । तर, सिंहदरबारमा अहिले पहिले पहिले जस्तो बजेट माग्न आउनेहरूको भिडभाडा देखिँदैन । बजेट निर्माणको क्यालेन्डर त सुरु भइसकेको छ, तर कर्मचारी तहमा नै यो काम भइरहेको छ । त्यसैले राजनीतिक नेतृत्व तहमा बजेटको चटारो सुरु भएको छैन ।

अर्कोतर्फ अहिले सरुवा, बढुवा होस् या अन्य प्रशासनिक काम लिएर सिंहदरबारमा नागरिक पुगेका देखिँदैनन् । किनभने निर्वाचनको केही समयअघिदेखि नै सिंहदरबारमा अधिकांश मन्त्रीहरू हुनुहुन्न । केही मन्त्रीहरू यही फागुन २१ गते सम्पन्न निर्वाचनमा उम्मेदवार बन्न गएकाले अधिकांश मन्त्रालय खालीजस्तै छन् । एउटा मन्त्रीले धेरै मन्त्रालयको जिम्मेवारी लिनुपर्ने अवस्था भएकाले मन्त्रालयहरू सुनसान देखिएका छन् । प्रशासनिक काम लिएर आउने नागरिक कर्मचारीसमक्ष पुग्ने गरेका देखिन्छन् तर त्यो संख्या थोरै छ । शिक्षासम्बन्धी काम लिएर बागलुङबाट आएका बलराम आचार्य अझै केही दिन काठमाडौँ बस्नुपर्ने अवस्था भएको बताउँछन् । उनले भने, 'यहाँ आएको केही दिन भयो, तर मन्त्री नभई काम नहुने भएकाले अब नयाँ मन्त्री नआउञ्जेल यतै बस्नुपर्ने भएको छ । नयाँ मन्त्रिमण्डल बनेपछि काम सकेर मात्र घर फर्कने निधो गरेको छु ।'आफ्ना निजी एवं प्रशासनिक काम लिएर आउने राजनीतिक दलका कार्यकर्ता एवं जनप्रतिनिधिको भिडभाड देखिने गरेको सिंहदरबार केही समय यतादेखि सुनसान जस्तै छ । जनतासँग प्रत्यक्ष जोडिएका र कतिपय विकासे कार्यक्रम सञ्चालन हुने मन्त्रालयमा पहिला जस्तो खचाखच नागरिक नआएका सिंहदबारमा कार्यरत कर्मचारी बताउँछन् ।

शिक्षा मन्त्रालयमा मन्त्रीको कार्यकक्षमा बसेका एक कर्मचारीका अनुसार मन्त्री नभएपछि नीतिगत रूपमा हुने काम रोकिएका छन् । अरू बेला बजेटको समय मन्त्रीको सचिवालयमा भेटघाट गर्नेको भिड थेगी नसक्नुहुन्थ्यो । अहिले खाली कुर्सी र २-४ कर्मचारी मात्रै भेटिन्छन् । शिक्षा मन्त्रीको मन्त्री निवासको कार्यकक्षमा पुग्दा पूर्वमन्त्री महावीर पुनको फोन नम्बर लेखिएको कागज भित्तामा टाँसिएको थियो ।  त्यहाँ कार्यरत कर्मचारीले भने, 'उतिबेला मन्त्री आफैँले सेवाग्राहीको गुनासो सुन्न फोन नम्बर टाँस्नुभएको थियो । अहिले मन्त्री नभएका कारण कोही आएका छैनन् ।' गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि क्षतिग्रस्त पश्चात टहरामा सञ्चालित स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट मन्त्री डा.सुधा गौतम नियमित कार्यमा नफर्किने भन्दै अनौपचारिक रूपमा बिदा भइसकेकी छन् ।

नागरिकले प्रत्यक्ष रूपमा स्वास्थ्यका विषय लिएर मन्त्रालय आउने थलो अहिले सुनसान छ । मन्त्रालयका प्रवक्ता डा.प्रकाश बुढाथोकीले बजेट बनाउने समयमा मन्त्री नहुँदा कार्य सम्पादनमा चुनौती देखिएको बताए । उनले भने, 'नयाँ मन्त्री को आउला भन्दै पर्खिनेहरू हुनुहुन्छ । बजेटकै बेलामा मन्त्रीको आगमनले केही प्रभावकारिता हुने थियो ।' बजेटको बेला सिंहदरबारका मन्त्रालय मात्रै होइनन्, वरिपरिको माहोलको रौनक नै बजेटमय हुन्थ्यो । हातमा फाइल बोकेर सिंहदरबार धाउनेको चहलपहलले एककिसिमको रमाइलो अनुभूति हुने गरे पनि अहिले सुनसान जस्तै अवस्थामा रहेको सिंहदरबार देख्दा अनौठो लागेको गृह मन्त्रालयका कर्मचारी केदार घिमिरेले बताए ।

'मन्त्रालयमा पालो कुरेकाहरू क्यान्टिनमा आएर चिया खाजा खाने, गफ गर्ने गर्दथे, यसले सबै मन्त्रालयका क्यान्टिन भरिभराउ हुन्थे,' उनले विगत सम्झँदै भने, 'प्रवेशद्वारदेखि नै भित्र पस्नेको लाइनै लाग्थ्यो, अहिले सुनसान छ ।' सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका प्रवक्ता सहसचिव उदयबहादुर रानामगरले बजेट तयारी सबै मन्त्रालयको महत्त्वपूर्ण समय भएको बताए ।

अरू समय बजेट तयारी गर्दा खाजा खान पनि फुर्सद नहुने विगत सम्झिँदै उनले भने, 'मन्त्री नभएपछि सार्वजनिक सम्पर्कहरू निकै नै कम हुने रहेछ । यतिबेला बजेट तयारी गर्ने महत्त्वपूर्ण बेला भएकाले यो अवस्था खट्किएको पाइएको हो ।' गत २१ फागुनमा प्रतिनिधिसभा सदस्य निर्वाचन सम्पन्न भइसकेको छ ।

# सर्वोच्चमा ४०.८२ प्रतिशत मुद्दा फर्स्योट

■ सौर्य समाचार



काठमाडौँ । सर्वोच्च अदालतले गत आर्थिक वर्षमा १६ हजार ६३४ मुद्दा फर्स्योट गरेको छ । अघिल्लो आवबाट जिम्मेवारी सरेका मुद्दा, रिट र निवेदन/प्रतिवेदनको संख्या २५ हजार ७२८ र गत आवमा नयाँ दर्ता भएका १५ हजार १३ गरी जम्मा मुद्दाको लगत ४० हजार ७४१ रहेको थियो । त्यसमध्येबाट ४०.८२ प्रतिशत मुद्दा फर्स्योट भएको सर्वोच्चले जनाएको हो । सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाका अनुसार सर्वोच्च अदालतमा अघिल्लो वर्षको तुलनामा ६.६९ प्रतिशत बढी मुद्दा फर्स्योट भएको हो । बुधबार राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले आव २०८१/०८२ को वार्षिक प्रतिवेदन बुझाएका छन् ।

उक्त प्रतिवेदनअनुसार उच्च अदालतमा अघिल्लो आवबाट जिम्मेवारी सरेका मुद्दा, रिट र निवेदन/प्रतिवेदनको संख्या २५ हजार २२५ थान र यस आवमा नयाँ दर्ता भएका ५८ हजार १८५ गरी मुद्दाको जम्मा लगत ८३ हजार ४१० कायम भएकामा ६१ हजार ४५४ मुद्दा अर्थात् ७३.६७ प्रतिशत फर्स्योट भएको छ । जुन गत वर्षको तुलनामा ८.८५ प्रतिशतले बढी मुद्दा फर्स्योट भएको हो । जिल्ला अदालतमा गत आवदेखि जिम्मेवारी सरेको मुद्दा, रिट र निवेदन/प्रतिवेदनको संख्या १ लाख १० हजार २६ र यस आवमा नयाँ दर्ता भएका १ लाख ८५ हजार १५ गरी मुद्दाको जम्मा लगत २ लाख ६८ हजार ४४ कायम भएकोमा १ लाख ६६ हजार ४६७ मुद्दा अर्थात् ६२.१० प्रतिशत फर्स्योट भएको प्रतिवेदनमा उल्लेख छ ।

जुन अघिल्लो वर्षको तुलनामा ८.९० प्रतिशत बढी मुद्दा फर्स्योट भएको हो । प्रतिवेदनमा सर्वोच्च अदालतलगायत मातहत अदालत तथा न्यायाधीकरणमा अघिल्लो आवदेखि जिम्मेवारी सरेको मुद्दा, रिट र निवेदन/प्रतिवेदनको संख्या १ लाख ६२ हजार ३४४ रहेको जनाइएको छ । गत आवमा नयाँ दर्ता भएका २ लाख ३४ हजार २५३ गरी जम्मा मुद्दाको वार्षिक लगत ३ लाख ९६ हजार ५९३ कायम भएकोमा २ लाख ४७ हजार ३३ अर्थात् ६२.२९ प्रतिशत मुद्दा फर्स्योट भई १ लाख ४९ हजार ५६० मुद्दा बाँकी रहेको प्रतिवेदनमा उल्लेख छ ।

# कम्बोडियाबाट ५१ नेपालीको उद्धार

■ सौर्य समाचार

काठमाडौँ । विभिन्न व्यक्तिहरूको प्रलोभनमा परी विभिन्न माध्यमबाट कम्बोडिया पुगेका र त्यहाँ अवैधरूपमा सञ्चालन गरिएका अनलाइन स्क्यामिङ केन्द्रहरू र क्यासिनोहरूमा अनलाइन ठगिमा परेका ५१ नेपालीको उद्धार गरिएको छ । अनलाइन ठगिका साथै विभिन्न गैरकानुनी काममा लगाइएका साथै कम्बोडियामा बिनाराहदानी बसिरहेका उनीहरूलाई बुधबार थाइल्यान्डस्थित नेपाली दूतावासको पहल र कम्बोडिया सरकारको सहयोगमा उद्धार गरी गैरआवासीय नेपाली संघ, कम्बोडियाको सहजीकरणमा नेपाल फर्काइएको हो । यसैगरी अलपत्र परेका वा कठिन परिस्थितिमा रहेका अन्य नेपालीलाई नेपाल फर्काउने पहल भइरहेको दूतावासले जनाएको छ ।

कम्बोडियामा नेपालीलाई नागरिक अनलाइन ठगीलगायत गैरकानुनी काममा लगाइएको र बिनाराहदानी वा राहदानी-अवधिभन्दा बढी समय बसिरहेको जानकारी प्राप्त भएको दूतावासले जनाएको छ । कम्बोडियामा अवैध रूपमा बसिरहेका नेपाली नागरिकलाई नेपाल फर्कन सहजीकरणका लागि नेपाली राजदूतावास बैंकक वा गैरआवासीय नेपाली संघ कम्बोडियाका प्रतिनिधिलाई सम्पर्क गर्न अनुरोध गरिएको छ । स्क्यामिङ केन्द्रहरूमा काम लगाइएकाको राहदानी कम्पनीले जफत गर्ने गरेको वा स्क्यामिङ केन्द्रहरूबाट ट्रान्सफर हुँदा राहदानी हराएको भनी जनाको गुनासो आएको छ । त्यस्तो अवस्थामा नेपाल फर्किनलाई नेपाली राजदूतावास बैंककले उद्धार गर्न बिनाशुल्क एकतर्फी यात्रा अनुमतिपत्र जारी गरिदिने गरेको जनाएको छ ।

कम्बोडियाको पर्यटनसम्बन्धी तथ्यांकअनुसार पछिल्लो समय सन् २०२१ मा १०१ नेपालीहरू भ्रमण भिसामा कम्बोडिया गएकामा सन् २०२२ मा १ हजार ९७७ जना, सन् २०२३ मा २ हजार  ९४० जना, सन् २०२४ मा ६ हजार ४०४ जना तथा सन् २०२५ मा ९ हजार ६७६ नेपालीहरू कम्बोडिया गएको देखिन्छ । नेपाल सरकारले तोकेका मापदण्डबमोजिम श्रम स्वीकृति लिएर मात्र वैदेशिक रोजगारीमा जान तथा कसैको प्रलोभनमा परी छिटो र धेरै पैसा कमाउने लोभमा कम्बोडिया, लाओस, म्यानमार थाइल्यान्डलगायतका मुलुकहरूमा भ्रमणको बहाना गरी वैदेशिक रोजगारीमा नआउनका लागि र ाजदूतावासले अनुरोध गरेको छ ।


## आठराई त्रिवेणी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
हाङपाङ,ताप्लेजुङ
कोशी प्रदेश, नेपाल

**आर्थिक प्रस्ताव खोल्ने सूचना**

**प्रकाशन मिती : २०८२/१२/१२**

यस कार्यालयबाट मिती २०८२ पौष १३ गते सौर्य राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित ठेक्का नं. ATRM/NCB/RD/05/82/83 अनुसार दर्ता हुन आएका बोलपत्रहरुको प्राबिधिक प्रस्तावको परिक्षण गर्दा तपशिल अनुसारका बोलपत्रहरु सारभूत रुपमा प्रभावग्राही तथा योग्यताका आधारमा सफल भएकाले सार्वजनिक खरदि ऐन, २०६३ दफा २५ तथा सार्वजनिक खरिद नियमावली २०६४ (बानौं संशोधन) को नियम ३१ "क" बमोजिम आर्थिक प्रस्ताव तपशिलको मिति र स्थानमा खोलिने भएको हुँदा सबैमा जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल :**

| Notice No. | Contract No. | Substantially Responsive Successful Bidders in Technical Bid Evaluation | Price Bid Opeaning Place, Date & Time |
|---|---|---|---|
| 1. | ATRM/NCB/ RD/05/82/83 | Sisne Rose - Pomu JV Bhaktapur | Place: Office of Rural Municipal Executive, Aathrai Tribeni Rural Municipality Hangpang-Taplejung. Date: 2082-12-19 Time: 12:30 PM |

**Chief Administrative Officer**

Bagamati Province Government
Ministry of Social Development
## Social Development Office, Lalitpur
**Invitation for Sealed Quatations**

**Date of publication: 2082/12/12 (March 26, 2026)**

1. Social Development Office, Lalitpur invites Sealed quotations for the construction of works as mentioned below. Eligible Bidders may obtain further information and inspect the Sealed quotation Forms at the office or may visit PPMO website www.bolpatra.gov.np/egp.

| S.N, | Description of Work and Contract No. | Estimate Amount Without Vat (NRs.) | Bid Security (NRs.) | Bid Fee (NRs.) |
|---|---|---|---|---|
| 1 | Construction of a science laboratory and library at Shree Guheshwori Bal Sikshya Secondary School Kathmandu M.N.P.11 SDOLALITPUR/SQ/06/2082-83 | 17,38,262.60 | 44,000 | 1,000 |
| 2 | Construction of Chandeshwori Jesth Nagarik Sewa Kendra, Tokha-2, Kathmandu SDOLALIT-PUR/SQ/07/2082-83 | 15,64,688.54 | 40,000 | 1,000 |

## रामधुनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
झुम्का ,सुनसरी
कोशी प्रदेश , नेपाल

**सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति २०८२/१२/१२ गते**

यस कार्यालयबाट मिति २०८२/११/०१ गते E-Bidding मार्फत प्रकाशित सूचना बमोजिम पेश हुन आएका सिलबन्दी दरभाउपत्रहरुमध्ये मुल्यांकन समितिको सिफारिस बमोजिम देहायका दरभाउपत्रहरु स्वीकृतीको लागि छनौट गरिएकोले सार्बजनिक खरिद नियमावली २०६४ को नियम ८४ (१०) बमोजिम सम्बन्धितको जानकारीको लागि सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन गरिएको छ |

**तपसिल :**

| S.n. | Contract No. | Work Description | Bidder's Name & Address | Bid Amount (without VAT ) |
|---|---|---|---|---|
| 1 | RMY/SQ/07/ 082/083 | Supply and delivery of various medicine in Ramdhuni municipality office | M/s Dalima Medisales, New Baneshwor, Kathmandu | Rs.15,27,350.00 |

**प्रमुख प्रशासकीय अधिकृत**

## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म कम्पनीले भारतबाट आयात गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्नबमोजिम रहेको व्यहोरा सर्वसाधारणको जानकारिको लागि प्रकाशन गरिएको छ ।

| सि नं. | मालवस्तुको विवरण | आकार प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पत्तिको मुलुक | इकाई | प्रति इकाई मूल्य | अधिकतम खुद्रा मूल्य (MRP) |
|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electric Scooter | SCOOTER | E-Sawari | X Wheel X1 | Rated Motor Power 2 KW, Battery 4.3 KW | INDIA | 1 | 2,55,555.00 | 2,55,555.00 |
| 2. | Electric Scooter | SCOOTER | E-Sawari | X Wheel X1 | Rated Motor Power 1.5 KW, Battery 4.3 KW | INDIA | 1 | 2,55,555.00 | 2,55,555.00 |

**ई-सवारी नेपाल प्रा. लि.** - का.म.न.पा. - २८, रामशाह पथ, काठमाडौं
एक्जीम कोड नं. : ३०४१४७२१६०१३७एनपी, फोन: ९८१५ ५५५५५५

कोशी प्रदेश सरकार
## पर्यटन, वन तथा वातावरण मन्त्रालय
विराटनगर, नेपाल

**प्रस्ताव पत्र (RFP) पेश गर्ने सम्बन्धी सूचना ।**

**(सूचना प्रकाशित मितिः २०८२/१२/१२)**

यस मन्त्रालय अन्तर्गत संचालित Enhancing Capacity for Sustainable Management for Forest, Land and Biodiversity in Eastern Hills Project को आ.व. २०८२/८३ को स्वीकृत तपसिल बमोजिमको क्रियाकलाप सञ्चालन गर्न प्राविधिक र आर्थिक प्रस्ताव छुट्टाछुट्टै खाममा सिलबन्दी गरी मिति २०८२ चैत्र २६ गते मध्यान्ह १२:०० बजेभित्र पेश गर्नहुन यो सूचना प्रकाशन गरिएको छ। RFP document मन्त्रालयको वेबसाइट https://motfe.koshi.gov.np/ मा हेर्नहुन र थप जानकारीका लागि आयोजना व्यवस्थापन इकाई वा ९८५२०४०१७२/९८४६९१२५८५ मा सम्पर्क गर्नहुन समेत सूचित गरिन्छ ।

| सि.नं. | RFP No. | Name of Activity |
|---|---|---|
| १ | MoTFE/FLB/Koshi/ RFP/2082/083-04 | Institutional Capacity Assessment of Koshi Province and 34 Local Levels on SLM, LDN and Biodiversity Conservation and Management |
| २ | MoTFE/FLB/Koshi/ RFP/2082/083-05 | Developing Tools to Integrate Landscape, Biodiversity and LDN Information in Land-use Mapping and Planning |

## उर्लाबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
उर्लाबारी, मोरङ
कोशी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(सूचना प्रकाशित मितिः २०८२।१२।१२)**

यस उर्लाबारी नगरपालिकाको राष्ट्रिय स्तरको बोलपत्रमा प्रकाशित सूचना बमोजिमको समयावधी भित्र दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिलमा उल्लेख भएका बोलपत्रको न्यूनतम मूल्यांकन भई सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा २ प्रयोजनका लागि सम्वन्धित सबै बोलपत्रदाताहरु को जानकारीका लागि ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

| सूचना नं. | आयोजनाको नाम | स्वीकृत हुने फर्मको नाम | कवोल अंक मू.अ.कर.सहित |
|---|---|---|---|
| URL-school-Ward1-W-NCB-28-082/83 | Construction of Toilet at Saradha and Nunsari School, ward 1 | श्री डि. कुशुम कन्स्ट्रक्सन प्रा.लि., उर्लाबारी न.पा. -०१ । | २२,८९,८४८।१० |
| URL-school-Ward2&9-W-NCB-34-082/83 | Sunpakuwa-2, Shanti-2, Prabhat-9, Rajghat-9, Sunjhoda-2 ma gate tatha bidhyalaya gherabare | श्री बि.एन.सि कन्स्ट्रक्सन प्रा.लि., पथरी शनिश्चरे न.पा. ०१ । | २३,१९,७६९।३२ |
| URL-Tahara-Ward3-8&9-W-NCB-26-082/83 | Krishi tatha Pashu Bajar -3,Ambari Bajar-8,Durgapuri Bajar-9 purwadhar Nirman& Shiva Marga Mato purae-8, Urlabari, Morang | श्री अनन्तश्री मल्टी बिल्डर्स ग्रुप  प्रा.लि., दमक न.पा. ०५ । | ३७,८५,४०३।०५ |

**प्रमुख प्रशासकीय अधिकृत**

# नयाँ शैक्षिकसत्रका लागि ९७ प्रतिशत पाठ्यपुस्तक छपाइ पूरा

■ सौर्य समाचार

काठमाडौँ । नयाँ शैक्षिकसत्रका लागि समयमै पाठ्यपुस्तकको उत्पादन गरी विद्यार्थीको हातहातमा पुऱ्याउन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र सम्बद्ध निकायहरूले तीव्रताका साथ काम गरिरहेका छन् । नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले हालसम्म विद्यालय तहका लागि तोकिएको लक्ष्यको ९७ प्रतिशत पाठ्यपुस्तक छपाइ गरी बिक्रीवितरणको तयारी सुरु गरेको छ । गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मतपत्र छपाइको कामसँगै पाठ्यपुस्तक उत्पादनको नियमित जिम्मेवारीलाई जनक शिक्षा सामग्री केन्द्रले बहन गरेकाले विद्यार्थीले पाठ्यपुस्तकको अभाव खेप्नु नपर्ने सम्बद्ध अधिकारीले बताए । निजी क्षेत्रका मुद्रकले पनि तोकिएको जिम्मेवारीअनुसार सबै पाठ्यपुस्तक छपाइ भएको जनाए ।

जनक शिक्षा केन्द्रको सञ्चालक समितिका अध्यक्षसमेत रहेका शिक्षा मन्त्रालयका सचिव चूडामणि पौडेलले मतपत्र छपाइका बाबजुद पाठ्यपुस्तक छपाइ कार्य हुँदै आएकाले शैक्षिकसत्र सञ्चालन हुनुअघि विद्यार्थीलाई पाठ्यपुस्तक उपलब्ध हुने प्रबन्ध गरिएको बताए । मतपत्र छपाइको कामसँगै पाठ्यपुस्तक उत्पादनको कामलाई समानान्तररूपमा गरेको केन्द्रले शैक्षिकसत्र २०८३ का लागि १ हजार २६० अधिकृत विक्रेता चयन गरेको छ भने यही चैत १५/१६ गतेदेखि बिक्रीको तयारी गरेको केन्द्रका प्रबन्ध सञ्चालक यदुनाथ पौडेलले जानकारी दिए । उनका अनुसार केन्द्रलाई तोकिएका कक्षाहरूका लागि करिब ४५ लाख विद्यार्थीका लागि अनुवाद पुस्तक र ऐच्छिक विषयसमेत गरी कुल १ करोड ७० लाख थान पाठ्यपुस्तक छपाइको लक्ष्य रहेकामा अधिकांश पुस्तक छपाइ भइसकेको छ । केही पुस्तकहरूको सेट मिलाउन बाँकी रहेकाले उक्त कार्य पूरा भएपछि धमाधम बिक्री सुरु हुने उनको भनाइ छ ।

केन्द्रले तोकिएको कक्षाहरूका लागि ३८ अनिवार्यसहित १६० विषयका पाठ्यपुस्तक उत्पादन गरिसकेको छ । केन्द्रले यही चैत १९ देखि हुने माध्यमिक शिक्षा परीक्षा (एसइई) मा सहभागी हुने ५ लाख २० हजार विद्यार्थीका लागि आवश्यक प्रश्नपत्र पनि उत्पादन गरी सम्बन्धित परीक्षा केन्द्रमा पठाइसकेको छ । सरकारले हाल कक्षा १, २ र ४ बाहेक कक्षा १२ सम्मका लागि आवश्यक पर्ने पाठ्यपुस्तक छपाइको जिम्मा जनक शिक्षा केन्द्रलाई दिएको छ । कक्षा १, २ र ४ को निजी क्षेत्रका मुद्रणलाई जिम्मा दिइएको छ । केन्द्रले कक्षा ११ र १२ का लागि चाहिने पाठ्यपुस्तक आगामी असार महिनासम्म मुद्रण गर्छ । यसअनुसार ७० प्रतिशत उत्पादनको हिस्सा जनक शिक्षा र ३० प्रतिशत भार निजी क्षेत्रको मुद्रणमा पर्छ । निजी प्रेसले अधिकार पाएकोभन्दा अतिरिक्त तहका लागि पाठ्यपुस्तक छापेर बिक्री गर्दा केन्द्रलाई घाटा लाग्ने गरेको छ ।

गत शैक्षिकसत्रमा आफूले छापेका कक्षा ३ र ५ का पाठ्यपुस्तक ३० प्रतिशत मात्रै बिक्री भई अन्य पुस्तक सञ्चित रहेको प्रबन्ध सञ्चालक पौडेलले बताए । पाठ्यपुस्तक छाप्न निजी क्षेत्रको मुद्रणको जिम्मेवारी प्राप्त सात प्रेसका संयोजक दीपक भण्डारीले आफूहरूलाई सीमित कक्षाका लागि मात्रै जिम्मेवारी दिइएको र तोकिएको संख्यामा छपाइ भइसकेको उल्लेख गरे । उनले जनक शिक्षालाई सुरक्षित मुद्रणका रूपमा रूपान्तरण गरी आफूहरूलाई सरकारले सबै कक्षाका लागि पाठ्यपुस्तक छाप्ने जिम्मेवारी दिए पनि बहन गर्नसक्ने गरी प्रेस खरिद गरेकाले यसबारे नीतिगत निर्णय हुनुपर्ने धारणा राखे ।

पाठ्यपुस्तक बिक्रीबापत जनक शिक्षाले नौ प्रतिशत र निजी क्षेत्रले ३० प्रतिशतसम्म बिक्रेतालाई कमिसन दिन्छन् । निजी क्षेत्र सञ्चालक भण्डारीले ९ प्रतिशत मात्रै कमिसनमा बेच्दा जनक शिक्षा झन् नाफामा जानुपर्ने तर्क गर्दै निजी प्रेसको लगानी धरासायी हुन नदिन राज्यले सबै कक्षाका पाठ्यपुस्तक छपाइको जिम्मेवारी खुला गर्नुपर्ने माग गरे । जनक शिक्षाका प्रबन्ध सञ्चालक पौडेलले विगतमा मेसिनको अभावले पाठ्यपुस्तक अभावका कारण आवश्यकमात्रामा निजी क्षेत्रको सहयोग लिइएकोमा अहिले मेसिनलगायत पूर्वाधार क्षमता भएको तथा केन्द्रको प्रबन्धपत्रबमोजिम एकलौटी रूपमा केन्द्रले नै सबै कक्षाका लागि पाठ्यपुस्तक छपाइको जिम्मेवारी पाउनुपर्ने तर्क गरे । जनक शिक्षा र निजी प्रेसले पाठ्यक्रम विकास केन्द्रबाट विकसित मुद्रणीय प्रतिलाई उत्पादन गर्दै आएको छन् । पाठ्यक्रम विकास केन्द्रले शैक्षिकसत्र २०८३ का लागि २०७७ देखि लागू गरिएको पाठ्यपुस्तकको मूल्यसूची कायम गरेको छ । निजी क्षेत्र पनि पुरानै मूल्यमा बिक्री गर्न राजी भएको छ ।

नीतिगत निर्णय भई जिम्मेवारी दिइएको विषयमा जनक शिक्षा र निजी प्रेसबीच अधिकारको अतिक्रमण हुनुले बजारमा असन्तुलन हुने पनि गर्छ । यसले कुनै कक्षाका पाठ्यपुस्तक अभाव र कुनै कक्षाका पाठ्यपुस्तक चाहिनेभन्दा बढी उत्पादन हुन सक्ने हुन्छ । मूल्यसूची र गुणस्तरमा पनि एकरूपता हुँदैन । शिक्षा मन्त्रालयले यस्ता विषयको अनुगमनको जिम्मेवारी शिक्षा तथा मानव स्रोत विकास केन्द्रलाई दिएको छ । सो केन्द्रका प्रवक्ता महेन्द्र पराजुलीले हालसम्म के-कति पाठ्यपुस्तक तयारी भयो र कहिलेसम्म लक्ष्य पूरा हुन्छ भनेर जनक शिक्षा केन्द्र र निजी प्रेसबाट जिम्मेवारीप्राप्त ७ वटा मुद्रणलाई पत्राचार गरिएको जानकारी दिए । जनक शिक्षा केन्द्रले गत माघमा निर्वाचन आयोगको कार्यादेशबमोजिम सम्पन्न निर्वाचनका लागि प्रत्यक्षतर्फ २ करोड ३ लाख २३ हजार र समानुपातिकतर्फ २ करोड ८ लाख ४३ हजार गरी ४ करोड ११ लाख ४३ हजार मतपत्र छपाइ गरेको थियो ।



वसन्त याममा हिमालमा स्वास्थ्य सेवा

# आरोही र पदयात्रीका लागि ११ सदस्यीय चिकित्सक टोली परिचालन

■ सौर्य समाचार

काठमाडौँ । वसन्त ऋतुमा हिमाल आरोहणका लागि आएका आरोही र पदयात्रीको स्वास्थ्य जाँचका लागि चिकित्सकको टोली हिमालमा खटिएको छ । हिमालयन उद्धार संघले आन्तरिक तथा बाह्य पर्वतीय पदयात्रीको उपचारका लागि सोलुखुम्बुको सगरमाथा बेस क्याम्प, फेरिचे र मनाङ जिल्लाका लागि विदेशी चिकित्सकसहित ११ जनाको टोली त्यसतर्फ खटाएको हो । वसन्त र शरद ऋतुमा हिमाल आरोहण गर्न जाने पर्यटकलाई स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले २०३० मा स्थापना भएको उक्त संघले वसन्त ऋतु सुरु भएसँगै ५ विदेशी र २ नेपाली चिकित्सकसहित ११ जनाको टोलीलाई हिमालमा पठाएको हो ।

हिमालय उद्धार संघका अध्यक्ष डम्बर पराजुलीले हिमाल आरोहण गर्न जाने पर्वतीय पर्यटकको स्वास्थ्य जाँच तथा उपचारका लागि सोलुखुम्बुको सगरमाथा आधार शिविर, सोलुखुम्बुको फेरिचे र मनाङको मनाङ गाउँमा अस्थायी स्वास्थ्य केन्द्र स्थापना गरी चिकित्सक टोली खटाइएको जानकारी दिए । उनले भने, 'हिमाल आरोहण गर्न जाने स्वदेशी तथा विदेशी पर्यटकलाई लक्षित गरी आधार क्षेत्रमा विशेषज्ञ सेवा उपलब्ध गराउन तालिम दिएर स्वयंसेवी चिकित्सक परिचालन गरेका हौँ ।' सगरमाथा आधार शिविरमा अस्ट्रेलियाली चिकित्सक सामन्था एलिसन विल्स, नेपाली चिकित्सक पिन्स सिंह र सहयोगीका रूपमा लाक्पा नोर्बु शेर्पा खटिएका छन् । फेरिचे स्वास्थ्यचौकीमा अस्ट्रेलियाली चिकित्सक रेबेका एलेन कारपेन्टर, अमेरिकाका डा.केटलिन ब्रुक हार्पर, नेपाली चिकित्सक आकृति सिंह र सहयोगीका रूपमा आङ दावा शेर्पा र थानेश्वर भण्डारी खटिएका छन् ।

यसैगरी, मनाङ स्वास्थ्यचौकीमा अमेरिकाका डाक्टर जोसेफ पिटर महोनी, अस्ट्रेलियाली डाक्टर केन जे कोह र सहयोगीका रूपमा प्रकाश खत्री खटिएको संघले जनाएको छ । प्रत्येक वर्ष हजारौँ पदयात्री र आरोहीलाई स्वास्थ्यसेवा प्रदान गर्दै आइरहेको संघले जनैपूर्णिमाका अवसरमा गोसाइँकुण्डमा समेत स्वास्थ्य शिविर राखेर पदयात्रीलाई सेवा प्रदान गर्दै आएको छ । संघका प्रमुख कार्यकारी अधिकृत गोविन्द बस्यालले कार्यक्षेत्रमा खटिएका स्वयंसेवक चिकित्सकलाई लेक लाग्ने समस्या र अन्य पर्वतीय क्षेत्रमा आइपर्ने स्वास्थ्य समस्याबारे विस्तृत तालिम प्रदान गरेर संघले कार्यक्षेत्रमा पठाउने गरेको जानकारी दिए । उक्त टोलीले स्वदेशी पदयात्रीलाई निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ । संघले नेपाल मेडिकल काउन्सिलबाट स्वीकृत लिएका चिकित्सकलाई मात्र कार्यक्षेत्रमा खटाउने गरेको सिइओ बस्यालले बताए ।

पर्वतीय पदयात्रा व्यवसायीको छाता संस्था ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान)का निवर्तमान अध्यक्ष नीलहरि बाँस्तोलाले हिमाल आरोहणका लागि उच्च हिमाली क्षेत्रमा पुगेका स्वदेशी तथा विदेशी पदयात्रीलाई स्वास्थ्य सेवा प्रदान गर्नु राम्रो काम भएको बताए । 'हिमाल आरोहणका लागि गएका पर्यटकलाई स्वास्थ्य सेवाबाट राहत पुगेको छ, सो सेवा सरकारी क्षेत्रबाट पनि प्रदान गरिनुपर्ने हो, संघले हिमाली क्षेत्रमा पुऱ्याएको सेवा प्रशंसनीय छ,' बाँस्तोलाले भने ।


## बिजवेल लिमिटेडको २०८१।८२ को वार्षिक साधारणसभा सम्वन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति २०८२/१२/१२ गते**

यस कम्पनीको मिति २०८२/१२/०७ मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको आ.व. २०८१।०८२ को वार्षिक साधारणसभा निम्न मिति, स्थान र समयमा देहायका विषयहरुमा छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा सबै शेयरधनीहरुको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा हुने मिति, स्थान र समय**

मिति : २०८२ चैत्र ३० गते सोमबार
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा. १०, काठमाण्डौ ।
समय : विहानको ९:३० बजे ।

**छलफलका विषयहरू :**

**सामान्य प्रस्तावहरु**

१. आ.व. २०८१।०८२ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
२. आ.व. २०८१।०८२ को लेखापरिक्षण प्रतिवेदनसहितको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण पारित गर्ने सम्बन्धमा ।
३. कम्पनीको आ.व. २०८२।०८३ को लागि लेखापरिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमीक तोक्ने सम्बन्धमा ।
४. बिबिध ।

**विशेष प्रस्तावहरु**

१. कम्पनीको रजिष्टर्ड ठेगाना परिवर्तन गर्ने सम्बन्धमा ।
२. सञ्चालक समितिलाई बाधा अड्काउ फुकाउको लागि अख्तियारी सम्बन्धमा ।
३. बिबिध ।

**संचालक समिति**



## नबिल बैंक लिमिटेड, पर्सा बजार शाखा, चितवनको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**(प्रकाशित मितिः : २०८२/१२/१२)**

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्योट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ, सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण (पर्सा बजार शाखा, चितवन)**

प्रदेश सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय भरतपुर,बाग्मती प्रदेश चितवनमा मिति २०७८/१०/११ मा साझेदारी फर्म दर्ता नं. ९२३/०७८/०७९ अन्तर्गत दर्ता भएको **कुवारवर्ती ट्रेडिङ** ।
ठेगानाः चितवन जिल्ला रत्ननगर न.पा वडा नं. ०९ ।

**ऋणी फर्मका प्रोपाईटरको नाम र ठेगानाको विवरणः**

दुख महतोको नाती, छनु महतोको छोरा चितवन जिल्ला रत्तनगर न.पा वडा नं. ०७ घर भई हाल चितवन जिल्ला रत्तनगर न.पा वडा नं. ०९ बस्ने, ना.प्र.नं. ३१२३/०४४ (जारी मितिः २०६०/०५/१८, स्थान चितवन) भएका **वुद्धिसेन चौधरी** ।

**ब्यक्तिगत जमानतकर्ताहरुको विवरण**

पृथ्वी नारायण चौधरीको छोरी, छनु महतोको बुहारी, वुद्धिसेन चौधरीको श्रीमती सर्लाहि जिल्ला, जस्दी गा.वि.स. वडा नं. ०७ घर भई हाल चितवन जिल्ला रत्तनगर न.पा वडा नं. ०९ बस्ने, ना.प्र.नं. १९२०९४/२८५ (जारी मितिः २०६६/०६/२५, स्थान सर्लाहि) भएकी **प्रतिमा चौधरी** ।

**धितोको विवरण**

**धितोमा रहेको घर/जग्गाको विवरणः**

जिल्ला रत्तनगर न.पा वडा नं. ०७ घर भई हाल जिल्ला रत्तनगर न.पा वडा नं. ०९ बस्ने, **वुद्धिसेन चौधरी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको चितवन जिल्ला देवौली गा.वि.स. वडा नं. ०६ नक्सा सिट नं. ६ ख मा अवस्थित कि.नं.११३१ क्षेत्रफल क्रमश ३२०८.५३ व.मि. को घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४



## धनपालथान गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
सोराभाग, मोरङ्ग
कोशी प्रदेश, नेपाल

**बिधुतीय दरभाउपत्र आह्वानको सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०८२।१२।१२)**

यस धनपालथान गाउँपालिकाको आ.व. २०८२।०८३ को स्वीकृत बार्षिक योजना तथा कार्यक्रम अन्तर्गत तपसील वमोजिमको योजना ठेक्का प्रकृयावाट संचालन गर्नु पर्ने भएको हुँदा इच्छुक निर्माण व्यवसायीवाट रीतपूर्वकको E–Bidding (बिधुतीय दरभाउपत्र) आह्वान गरीएको छ ।

**तपसीलः**

| क्र.सं. | ठेक्का नम्बर | ठेक्काको विवरण | धरौटी रकम | दरभाउपत्र पेश गर्ने प्रकृया | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | 14/DPTRM/SBG/SQ/GOODS/2082-083 | Supply and Delivery Of Medicine for Basic and Emergency Health Services | रु.५५,०००।- | E–Bidding | १०००।०० |

थप जानकारीको लागि सार्वजनिक खरिद अनुगमनको कार्यालयको Website. www.bolpatra.gov.np तथा यस गा.पा.को Website: dhanapalthanmun.gov.np मा हेर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**



## मण्डनदेउपुर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
महादेवस्थान, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल
फोन नं. ०११४१२११३

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ।**

**(प्रथम पटक प्रकाशित मिति २०८२/१२/१२)**

यस नगरपालिकाको सूचना बमोजिम यस नगरपालिका भित्र रहेका तपसिल बमोजिमको योजनाहरुको कार्यको लागि अनलाइन मार्फत प्राप्त बोलपत्रहरुको प्राविधिक र आर्थिक प्रस्ताव मुल्यांकन गरि मुल्यांकन समितिले प्रक्रियागत रुपमा पेस गरेको प्रतिवेदन अनुसार सारभुतरुपमा प्रभावग्राही रहेको र न्यूनतम रकम कबोल गर्नेलाई छनौट गर्ने हुँदा तपसिलका योजनाहरुको लागी तपसिल बमोजिमका बोलपत्रदाता छनौट भएकोले सार्बजनिक खरिद ऐन, २०६३ को दफा (२७) को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| कार्य नं | योजनाको नाम | प्रस्तावदाताको नाम/ठेगाना | कबोल अंक (भ्याट सहित) |
|---|---|---|---|
| (41/Works/NCB/MDM/082/83) | Wada no 8 ka Bibhinna Yojanaharu | Gautam & Aarabh Construction Pvt. Ltd, Kavre | रू. २३,९९,६४१।८८ (तेइस लाख उनान्सय हजार छ सय एकचालिस रुपैया अठासी पैसा मात्र) |
| (50/WORKS/NCB/MDM/082/83) | Bayarbot Padherogairo Pancharamey Sadak | Taudil Bilders, Roshi | रू. १३,७६,३३०।५० (तेह्र लाख छयत्तर हजार तिन सय तिस रुपैया पचास पैसा मात्र) |
| (52/WORKS/NCB/MDM/082/83) | Simkhet Singhe Chitte Meshagaun Sadakko Chittekhola Culvert Nirman Ward No. 2 Ra 4 | Maidan Construction And Suppliers Private Limated, KTM | रू. ३१,९६,४४२।३८ (एकतिस लाख छयानब्बे हजार चार सय बयालीस रुपैया अठतिस पैसा मात्र) |
| (53/WORKS/NCB/MDM/082/83) | Nagarpalika Sangko Sajhedarima Wada Karyalay Bhawan Nirman | Success Construction and Developers, KTM | रू. ३२,१०,२११।८७ (बत्तीस लाख दस हजार दुई सय एघार रुपैया सतासी पैसा मात्र) |
| (54/WORKS/NCB/MDM/082/83) | WADA NO 6 KA BIBHINNA YOJNAHARU PART-3 | S.N.Global Construction And Suppliers Pvt.Ltd., KTM | रू. ३४,५४,७५५।९९ (चौतिस लाख चवन्न हजार सात सय पचपन्न रुपैया उनान्सय पैसा मात्र) |
| (56/WORKS/NCB/MDM/082/83) | WARD NO. 5 KA BIBHINNA YOJANAHARU PHASE-3 | Shreeyan and Shreyan Multipurpose Pvt.Ltd., Kavre | रू. ९,५८,४४०।२६ (नौ लाख अन्ठाउन्न हजार चार सय चालिस रुपैया छब्बीस पैसा मात्र) |
| (57/WORKS/NCB/MDM/082/83) | Wada Karyalay Bhawan Nirmaan-12 | Maidan Construction And Suppliers Private Limated, KTM | रू. ६०,२१,९७१।९९ (साठी लाख एकाइस हजार नौ सय एकहत्तर रुपैया उनान्सय पैसा मात्र) |
| (62/WORKS/NCB/MDM/082/83) | Nayagaun Swasthya Chauki Sudrhidikaran | Brihaspati Infrastructure and Developers Pvt.Ltd, Kavre | रू. ९,७४,४२९।०० (नौ लाख चौहत्तर हजार चार सय उनान्तीस रुपैया मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**

## सम्पादकीय

# बर्ड फ्लुको भयावहप्रति गम्भीर बन

बर्ड फ्लु (पक्षीजन्य महामारी) ले विकराल रूप लिइसक्दासमेत उच्च सतर्कताका लागि जनतालाई सुसूचित गर्न सरकार चुकेको छ। गत फागुनको तेस्रो साता कीर्तिपुर क्षेत्रमा ठुलो संख्यामा कागहरू मृत भेटिएपछि स्थानीय जनताले परीक्षणका लागि सरकारको ध्यानाकर्षण गराएका थिए। त्यही समयमा झापा, मोरङ तथा सुनसरी क्षेत्रका विभिन्न फार्महरूमा ठुलो संख्यामा कुखुरा मरेका समाचार नआएका होइनन्। तर, मुलुक आमनिर्वाचनमा होमिइरहेका कारण यो गम्भीर विषय ओझेलमा पर्न गयो। ढिलो गरी चैतको पहिलो साता गरिएको परीक्षणबाट बर्ड फ्लु पुष्टि मात्र भएन, यसपटकको भाइरस अत्यन्त खतरनाक रहेको समेत प्रमाणित भयो। यो पुष्टि भएसँगै सरकारले संक्रमण देखिएका क्षेत्रलाई 'संकटग्रस्त क्षेत्र' घोषणा गरी पन्छी र पन्छीजन्य पदार्थको ओसारपसारमा पूर्ण रोक लगाएको छ। तर, सरकारको यो प्रयास पर्याप्त नभएको विज्ञहरूको भनाइ छ। पहिलो कुरा त, यो महामारी पूर्वी तराईमा मात्र सीमित नभएर राजधानी काठमाडौँ तथा पश्चिम नवलपरासीसम्म फैलिइसकेको छ। राजधानीमा यसको उपस्थिति देखिनु भनेको देशभर फैलिने सम्भावना बढ्नु हो। दोस्रो कुरा, जंगली पक्षी कागमा समेत यो महामारी देखिनुको अर्थ भाइरसले व्यापक रूप लिइसकेको संकेत हो। बर्ड फ्लुको महामारी जति खतरा छ, त्योभन्दा बढी जोखिम कुखुरा फार्महरूले रोग लुकाउने सम्भावनाले निम्त्याउँछ। आफ्नो व्यवसाय चौपट हुने डरका कारण फार्म सञ्चालकहरूले महामारी विस्फोट नहुँदासम्म गुपचुप राख्ने प्रवृत्ति पुरानै समस्या हो। त्यसैले, यो मामिलामा सरकार थप गम्भीर र सक्रिय हुनु जरुरी छ।

यस्ता महामारीप्रति सरकार बेलैमा सचेत नहुने हो भने बर्ड फ्लुको भाइरस मानिसमा सर्ने खतरनाक सम्भावनालाई नकार्न सकिँदैन। प्रयोगशाला परीक्षणमा मृत कागहरूमा 'एच फाइभ एन वान' र 'एच नाइन' गरी दुवै खालका भाइरस देखिएका छन्। जसमध्ये एच फाइभ एन वानलाई विश्व स्वास्थ्य संगठन र पशु स्वास्थ्यविज्ञहरूले अत्यन्तै खतरनाक श्रेणीमा राखेका छन्। यो भाइरस पक्षीहरूमा डढेलो सरी फैलिन्छ र संक्रमित पक्षीहरू २४ देखि ४८ घण्टाभित्रै मर्छन्। साथै, यो भाइरस पक्षीबाट मानिसमा सजिलै सर्न सक्छ। मानिसमा सरेको खण्डमा यसको मृत्युदर निकै उच्च (करिब ५० प्रतिशतभन्दा बढी) हुने गर्दछ। त्यसैले, यो समस्याप्रति लापरबाही गर्ने छुट राज्यलाई कत्ति पनि छैन। दुर्भाग्यवश, हाम्रो देशमा अनुगमन संयन्त्र अत्यन्त फितलो र भ्रष्ट छ, आपराधिक मानसिकताका व्यापारीहरूले चाहे भने बर्ड फ्लुकै कारण मरेका कुखुराहरूको मासु सजिलै बजारमा आपूर्ति हुने र उपभोक्ताको भान्छासम्म पुग्ने भयावह अवस्था छ। त्यसैले, कुखुरा फार्महरूले महामारीलाई गुपचुप राख्ने सम्भावनालाई निमिट्यान्न पार्न सरकारले बिनाझन्झट उचित क्षतिपूर्ति उपलब्ध गराउन दरिलो पाइला चाल्नुपर्छ। होइन भने, संक्रमित तथा त्यस आसपासका क्षेत्रका कुखुरा तथा अन्डा नष्ट गर्ने कार्यमा किसानको सहयोग प्राप्त गर्न सहज हुँदैन। त्यसो त, बर्ड फ्लु कतिसम्म खतरनाक रोग हो भन्ने विषयमा कतिपय कुखुरापालक किसानहरू अझै बेखबर छन्। उनीहरू सचेत नहुनुको मुख्य दोषी पनि राज्यको फितलो सूचना संयन्त्र नै हो।

नेपालमा बर्ड फ्लुको इतिहास केही दशक लामो छ। यो महामारी प्रायःजसो ३ वा ४ वर्षको अन्तरालमा फागुन-चैत महिनामा देखापर्ने गरेको छ। सुरुमा भारतीय क्षेत्र सिलिगुडी आसपासमा देखिने र त्यहीँबाट झापा हुँदै नेपाल प्रवेश गर्ने सिलसिलाले यसपटक पनि निरन्तरता पाउनु संयोग मात्र नहुन सक्छ। यो काँकडभिट्टास्थित क्वारेन्टाइन तथा सीमा व्यवस्थापन अत्यन्त फितलो रहेको प्रमाण पनि हो। यो रोगबाट अहिलेसम्म नेपालमा १ जनाको मात्र मृत्यु भएको रेकर्ड रहेकाले मानवीय क्षतिका हिसाबले डराइहाल्नुपर्ने अवस्था नदेखिएला, तर कुखुरापालक किसानले बेहोर्नुपर्ने आर्थिक नोक्सानी भने निकै ठुलो छ। मुलुकको कुल गार्हस्थ्य उत्पादनमा पोल्ट्री क्षेत्रको योगदान ४ प्रतिशतको हाराहारीमा रहेको तथ्यांक छ। यति ठुलो आर्थिक योगदान पुऱ्याएको, मासु तथा अन्डामा मुलुकलाई आत्मनिर्भर बनाएको र लाखौँलाई रोजगारी दिएको क्षेत्र संकटमा पर्नु मुलुकका लागि सानो क्षति होइन। संक्रमण फैलिइसकेको अवस्थामा अब सुरक्षा सतर्कताबाहेक अर्को विकल्प छैन। त्यसैले, पक्षीपालनमा संलग्नहरूले अनिवार्य सुरक्षा कवच प्रयोग गर्ने, मासु र अन्डालाई ७० डिग्री सेल्सियसभन्दा माथिको तापक्रममा राम्ररी पकाएर मात्र खाने र मृत चराको सम्पर्कमा आएपछि साबुनपानीले हात धुने जस्ता आधारभूत सावधानी अपनाउन सरकारले सञ्चारमाध्यममार्फत निरन्तर सार्वजनिक सूचना जारी गर्नुपर्छ। पीडित किसानहरूलाई न्यायोचित क्षतिपूर्ति दिने, बिमा सुविधामा सहुलियत दिने र जंगली चराहरूको निगरानी बढाउने जस्ता मामिलामा सरकार कुनै पनि हालतमा चुक्नु हुँदैन। भाइरसले आफ्नो रूप बदलेर मानिसबाट मानिसमा सर्ने क्षमता विकास गर्नुअघि नै यसलाई नियन्त्रणमा लिनु राज्यको प्रमुख दायित्व हो।

# नेपाली कांग्रेसभित्रको संकट : इतिहासको गम्भीर मोड



आरपी गैरे

नेपालको राजनीतिक इतिहासमा धेरै उतारचढावहरू आए, धेरै आन्दोलनहरू भए, धेरै नेतृत्वहरू उदाए र अस्ताए, तर केही संस्थाहरू यस्ता थिए जसले समयको आँधीबेहरीलाई चिर्दै आफ्नो अस्तित्व मात्र होइन, आफ्नो प्रभावसमेत कायम राखे। तीमध्ये एक हो नेपाली कांग्रेस। करिब आठ दशक लामो इतिहास बोकेको यो पार्टी केवल एउटा राजनीतिक दल मात्र होइन, नेपालको लोकतान्त्रिक चेतनाको मेरुदण्डका रूपमा स्थापित रहँदै आएको थियो। तर अहिलेको परिवर्तित राजनीतिक सन्दर्भले यस पार्टीलाई यस्तो मोडमा ल्याइपुऱ्याएको छ जहाँ यसको अस्तित्व, साख र भविष्य नै गम्भीर प्रश्नहरूको घेरामा परेका छन्।

गत २१ फागुनमा सम्पन्न प्रतिनिधिसभा निर्वाचनले नेपाली राजनीतिमा अभूतपूर्व परिवर्तन ल्याएको छ। लामो समयदेखि सत्ताको केन्द्रमा रहेका पुराना दलहरू अचानक जनताको विश्वासबाट वञ्चित भएका छन्। विशेषतः राष्ट्रिय स्वतन्त्र पार्टीको अप्रत्याशित उदय र झन्डै दुईतिहाइ नजिकको बहुमतले पुराना दलहरूको धरातल हल्लाइदिएको छ। यसले केवल सत्ताको समीकरण मात्र बदलेको छैन, जनताको मनोविज्ञान र अपेक्षाको स्तरलाई समेत नयाँ उचाइमा पुऱ्याएको छ।

तर विडम्बना के छ भने यस्तो गम्भीर पराजयपछि पनि नेपाली कांग्रेस लगायतका पुराना दलहरूमा आत्ममन्थनको गहिराइ देखिएको छैन। निर्वाचनमा किन पराजय भयो ? कहाँ चुकियो ? जनतासँगको सम्बन्ध किन कमजोर भयो ? यी मूल प्रश्नहरूको उत्तर खोज्नुपर्ने बेलामा नेताहरू सतही विश्लेषणमा सीमित देखिन्छन्। कसैले टिकट वितरणलाई दोष दिन्छ, कसैले गठबन्धनलाई, त कसैले मतदाता नै अविवेकी भएको आरोप लगाउनसम्म पछि पर्दैन। यस्तो प्रवृत्तिले समस्या समाधान होइन, झन् गहिरो बनाउने संकेत गर्छ।

विशेषगरी नेपाली कांग्रेसभित्रको अन्तरविरोध अहिले सतहमा मात्रै होइन, संरचनागत रूपमा नै गहिरिएको छ। पुस्तान्तरणको बहस लामो समयदेखि चल्दै आएको भए पनि व्यवहारमा त्यो लागू हुन सकेको छैन। पुराना नेताहरूले स्थान छाड्न नचाहने, नयाँ पुस्तालाई अवसर नदिने, र नेतृत्वमा निरन्तरता मात्र खोज्ने प्रवृत्तिले पार्टीभित्र निराशा बढाएको छ। यसले युवा मतदातालाई टाढा बनाएको छ, जसको फाइदा नयाँ शक्तिहरूले उठाएका छन्।

नेपालको राजनीतिक इतिहासमा नेपाली कांग्रेसको भूमिका अत्यन्त महत्त्वपूर्ण छ। राणाशासनको अन्त्यदेखि लिएर बहुदलीय प्रजातन्त्रको पुनर्स्थापनासम्म यस पार्टीले नेतृत्वदायी भूमिका खेलेको थियो। जनआन्दोलनहरूमा यसको योगदान, लोकतान्त्रिक मूल्य र मान्यताप्रतिको प्रतिबद्धता यी सबै कारणले यो पार्टी जनताको भरोसाको केन्द्र बनेको थियो। तर अहिले त्यही पार्टी जनताको नजरमा कमजोर, दिशाहीन र आन्तरिक रूपमा विभाजित देखिन थालेको छ।

यसैबीच नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टी जस्ता अन्य पुराना दलहरूको अवस्था पनि धेरै फरक छैन। यी दलहरू पनि आन्तरिक रूपमा गुटबन्दी, नेतृत्व संघर्ष र नीतिगत अस्पष्टताबाट ग्रसित छन्। जनताको मुद्दाभन्दा पनि सत्ता समीकरणमा केन्द्रित राजनीति गर्दा उनीहरू जनताबाट टाढिँदै गएका छन्। परिणामतः नयाँ विकल्पको खोजीमा रहेका जनताले राष्ट्रिय स्वतन्त्र पार्टीलाई अवसर दिएका छन्।

यो परिवर्तन केवल एउटा निर्वाचनको परिणाम मात्र होइन, यो जनताको गहिरो असन्तुष्टि र परिवर्तनको आकांक्षाको अभिव्यक्ति हो। वर्षौंसम्म पुराना दलहरूले देखाएको अक्षमता, भ्रष्टाचार, वाचा पूरा नगर्ने प्रवृत्ति र जनतासँगको दुरीले अन्ततः जनतालाई नयाँ विकल्प रोज्न बाध्य बनाएको हो। यो सन्देश स्पष्ट छ, यदि पुराना दलहरूले आफूलाई समयअनुसार रूपान्तरण गर्न सकेनन् भने उनीहरूको भविष्य झन् अन्धकारमय हुनेछ।

अब प्रश्न उठ्छ - के नेपाली कांग्रेस जस्तो ऐतिहासिक पार्टीले आफूलाई पुनर्जीवित गर्न सक्छ ? यसको उत्तर सजिलो छैन, तर असम्भव पनि छैन। यसको लागि पहिलो सर्त हो इमानदार आत्ममूल्यांकन। केवल औपचारिक बैठक, प्रतिवेदन र भाषणले केही हुने छैन। पार्टीले आफ्नो संरचना, नेतृत्व चयन प्रक्रिया, नीतिगत दिशा र जनतासँगको सम्बन्धलाई गहिराइमा पुनर्विचार गर्नुपर्छ।

दोस्रो, पुस्तान्तरणलाई व्यवहारमा लागू गर्नुपर्छ। केवल भाषणमा युवा नेतृत्वको कुरा गर्ने होइन, वास्तविक रूपमा सक्षम, ऊर्जाशील र नयाँ सोच भएका युवालाई नेतृत्वमा ल्याउनुपर्छ। यसले पार्टीलाई नयाँ ऊर्जा दिनेछ र युवा मतदातासँगको दुरी घटाउनेछ। तेस्रो, नीतिगत स्पष्टता आवश्यक छ। आजको युगमा केवल पुरानो इतिहासको भरमा राजनीति चल्दैन। जनताले स्पष्ट योजना, कार्यान्वयन क्षमता र परिणाम चाहन्छन्। शिक्षा, स्वास्थ्य, रोजगारी, पूर्वाधार - यी क्षेत्रमा ठोस नीति र कार्यान्वयनको प्रतिबद्धता देखाउनुपर्छ।

जनतासँगको सम्बन्ध पुनर्स्थापित गर्नु अत्यन्त जरुरी छ। पार्टी कार्यालय र बैठककोठाबाट बाहिर निस्केर गाउँगाउँ, टोलटोलमा पुग्नुपर्छ। जनताको पीडा, समस्या र अपेक्षा बुझ्नुपर्छ। केवल निर्वाचनको बेला मात्र जनतासँग सम्पर्क राख्ने प्रवृत्ति त्याग्नुपर्छ। नेपालको राजनीति अहिले संक्रमणको चरणमा छ। पुराना शक्तिहरू कमजोर हुँदै छन्, नयाँ शक्तिहरू उदाउँदै छन्। यस्तो अवस्थामा नेपाली कांग्रेस जस्तो ऐतिहासिक पार्टीका लागि यो संकट मात्र होइन, अवसर पनि हो। यदि यसले समयको संकेत बुझेर आफूलाई रूपान्तरण गर्न सक्छ भने पुनः जनताको विश्वास जित्न सक्छ।

तर यदि पुरानै शैली, पुरानै सोच र पुरानै नेतृत्वमा अडिग रह्यो भने इतिहासको एउटा अध्याय बनेर सीमित हुने खतरा पनि उत्तिकै छ। यो केवल एउटा पार्टीको कथा होइन, यो नेपालको लोकतन्त्रको कथा हो। यदि लोकतान्त्रिक शक्तिहरू कमजोर भए भने त्यसको असर सम्पूर्ण प्रणालीमा पर्छ। त्यसैले आज आवश्यक छ। आत्ममन्थन, सुधार र रूपान्तरण। नत्र इतिहासले कठोर निर्णय गर्न बेर लगाउने छैन। जेनजी पुस्ताले सडकदेखि सामाजिक सञ्जालसम्म उठाएको प्रश्नले नेपालका पुराना दलहरूको जरा हल्लाइदियो। विशेषतः नेपाली कांग्रेसभित्र यो प्रभाव गहिरो रूपमा महसुस गरियो। पहिले पनि आलोचना नभएको होइन, भ्रष्टाचार, अकूत सम्पत्ति, सत्ताको दुरुपयोग जस्ता आरोपहरू वर्षौंदेखि लाग्दै आएका थिए। तर जेनजी आन्दोलनपछि ती आरोपहरू केवल आरोपमै सीमित रहेनन्, तिनलाई समर्थन गर्ने तथ्यांक, दस्तावेज र सार्वजनिक बहसहरूसमेत व्यापक बने। यसले पार्टीका नेताहरूलाई केवल राजनीतिक रूपमा होइन, नैतिक रूपमा पनि प्रश्नको घेरामा ल्यायो।

यसअघि पार्टीभित्र देखिने आन्तरिक किचलो प्रायः नेतृत्व चयन, टिकट वितरण वा सत्ताको भागबन्डामा सीमित हुन्थ्यो। तर जेनजी विद्रोहपछि त्यो विवाद विचारधारा, कार्यशैली र भविष्यको दिशासम्म फैलियो। यही सन्दर्भमा गगन थापा र विश्वप्रकाश शर्मा जस्ता नेताहरूले प्रतिनिधित्व गर्ने धार र सभापति शेरबहादुर देउवा सहितको संस्थापन पक्षबीच स्पष्ट विभाजन देखा पऱ्यो। यो केवल व्यक्तिको टकराव थिएन, यो दुई फरक राजनीतिक सोचको द्वन्द्व थियो। एकातिर परिवर्तन, पारदर्शिता र पुस्तान्तरणको माग, अर्कोतिर अनुभव, स्थायित्व र परम्परागत शक्ति संरचनाको निरन्तरता।

महामन्त्री पक्षले उठाएको विशेष महाधिवेशनको माग वास्तवमा एउटा गहिरो असन्तुष्टिको अभिव्यक्ति थियो। उनीहरूका लागि यो केवल नेतृत्व परिवर्तनको सवाल थिएन, पार्टीको आत्मा पुनःनिर्माण गर्ने प्रयास थियो। तर संस्थापन पक्षले त्यसलाई सहज रूपमा नलिनु, उदासीन देखिनु वा कतिपय अवस्थामा प्रत्यक्ष-अप्रत्यक्ष रूपमा अवरोध खडा गर्नुले विवादलाई झन् चर्कायो। अन्ततः परिस्थितिले यस्तो मोड लियो जहाँ गगन थापा र विश्वप्रकाश शर्माको अगुवाइमा विशेष महाधिवेशन सम्पन्न भयो।

त्यो महाधिवेशनले नयाँ नेतृत्व जन्मायो। गगन थापा सभापति र विश्वप्रकाश शर्मा उपसभापति बने। यो परिवर्तन धेरैका लागि आशाको किरण थियो, विशेषतः युवा पुस्ताका लागि। तर समयको अभावले त्यो आशालाई व्यवस्थित रूपमा कार्यान्वयन गर्ने अवसर भने पाएन। आमनिर्वाचनको मनोनयनको मिति नजिकिँदै गर्दा हतार-हतारमा उम्मेदवार छनोट गरियो, संगठनलाई सुदृढ बनाउने, रणनीति तय गर्ने र जनतासँग सम्बन्ध पुनर्स्थापित गर्ने काम अधुरै रह्यो।

यसैबीच, संस्थापन पक्षको असहयोग भन्ने आरोपले पनि चुनावी परिणाममा प्रभाव पारेको भनाइ नयाँ नेतृत्वको छ। उनीहरूको दाबी अनुसार, पार्टीभित्रैबाट पूर्ण समर्थन नपाउँदा चुनावी अभियान प्रभावकारी बन्न सकेन। तर यो दाबीमा सर्वसम्मति भने छैन। संस्थापन पक्षका समर्थकहरू भन्छन्। यदि शेरबहादुर देउवाकै नेतृत्वमा निर्वाचनमा गएको भए अनुभव र नेटवर्कका कारण परिणाम राम्रो आउन सक्थ्यो। उनीहरू नयाँ नेतृत्वलाई अपरिपक्व, हतारिएको र रणनीतिक रूपमा कमजोर ठान्छन्।

अर्कोतर्फ, परिवर्तनको पक्षमा उभिएका नेताहरूको तर्क फरक छ। उनीहरू भन्छन्, पुरानै नेतृत्वमा गएको भए परिणाम झन् निराशाजनक हुन सक्थ्यो, किनभने जनताको असन्तुष्टि मूलतः त्यही नेतृत्वप्रति केन्द्रित थियो। उनीहरूको बुझाइमा, नयाँ नेतृत्वले कम्तीमा पनि आशा जगाएको थियो, यद्यपि त्यो आशालाई परिणाममा रूपान्तरण गर्न पर्याप्त समय र तयारीको अभाव रह्यो। यसरी हेर्दा, अहिलेको पराजय कुनै एक कारणको परिणाम होइन। यो लामो समयदेखि थुप्रिँदै आएको असन्तुष्टि, आन्तरिक विभाजन, नेतृत्वको द्वन्द्व, रणनीतिक कमजोरी र बदलिँदो जनचेतनाको संयुक्त परिणाम हो। नेपाली कांग्रेसभित्रको यो द्वन्द्वले केवल पार्टीलाई कमजोर बनाएको छैन, यसले यसको पहिचान र भविष्यलाई समेत अन्योलमा पारेको छ।

यद्यपि, यही अन्योलभित्र सम्भावनाको बिउ पनि लुकेको छ। यदि पार्टीले यस अवस्थालाई गम्भीरतापूर्वक लिएर वास्तविक सुधारको बाटो समात्न सक्छ भने, यो संकट अवसरमा रूपान्तरण हुन सक्छ। तर यदि दोषारोपण, गुटबन्दी र आत्मरक्षाको राजनीतिमा नै अल्झिरह्यो भने, जेनजीले उठाएको प्रश्नहरू अझै तीव्र रूपमा फर्किनेछन् र त्यसबेला जबाफ दिन अझ कठिन हुनेछ।

अहिलेको राजनीतिक परिदृश्यलाई नजिकबाट हेर्ने हो भने एउटा कुरा स्पष्ट रूपमा देखिन्छ। यो केवल एउटा निर्वाचन परिणाम होइन, यो जनमानसको गहिरो मनोविज्ञानको विस्फोट हो। राष्ट्रिय स्वतन्त्र पार्टीको पक्षमा देखिएको जनलहर कुनै सामान्य समर्थन थिएन; यो परम्परागत राजनीतिक संरचनाप्रति जनताको असन्तुष्टि, निराशा र परिवर्तनको आकांक्षाको एकीकृत अभिव्यक्ति थियो। कतिसम्म भने, धेरै स्थानमा मतदाताले उम्मेदवारको नाम, पृष्ठभूमि वा क्षमता हेर्ने झन्झटसमेत गरेनन्। चुनाव चिह्न घण्टी नै भरोसाको प्रतीक बन्यो। यसले देखाउँछ यो चुनाव व्यक्ति वा कार्यक्रमभन्दा बढी भावनाको चुनाव थियो।

यस्तो अवस्थामा नेपाली कांग्रेस, एमालेजस्ता पुराना दलहरूले पराजय बेहोर्नु केवल स्वाभाविक मात्र होइन, लगभग अपरिहार्य नै थियो। तर यति ठुलो राजनीतिक सन्देश पाएपछि पनि आत्मसमीक्षाको गहिराइमा नपुग्नु भने गम्भीर कमजोरी हो। पराजय किन भयो भन्ने प्रश्नको इमानदार उत्तर खोज्नुपर्ने बेलामा, उल्टै विवादलाई गहिरो पार्दै ऊर्जा खर्च भइरहेको देखिन्छ। नेपाली कांग्रेसले औपचारिक रूपमा बैठक गरेर चुनावी समीक्षा गरे पनि त्यो समीक्षा निष्पक्ष, आलोचनारहित र सबैलाई स्वीकार्य बन्न सकेन। यसले झन् पार्टीभित्रको अविश्वास बढाएको छ।

यसै सन्दर्भमा सभापति गगन थापाको राजीनामा प्रकरणले थप विवाद सिर्जना गऱ्यो। नैतिकताको आधारमा जिम्मेवारी लिँदै राजीनामा दिने घोषणा र त्यसलाई अस्वीकार गर्ने पूर्वनिर्धारित सेटिङ भएको भन्ने आरोपले जनमानसमा नकारात्मक सन्देश गयो। आलोचकहरूले यसलाई नाटकको संज्ञा दिन थाले, जसले पार्टीको विश्वसनीयतालाई अझ कमजोर बनायो। अझ रोचक र जटिल पक्ष के देखिएको छ भने विशेष महाधिवेशनबाट चयन भएको नेतृत्वकै टिकट लिएर चुनाव लडेका कतिपय नेताहरू अहिले त्यही नेतृत्वविरुद्ध सक्रिय देखिन्छन्। यसले पार्टीभित्रको सिद्धान्त र प्रतिबद्धताको प्रश्न उठाएको छ।

चुनाव जित्न टिकट लिने तर परिणाम आएपछि जिम्मेवारीबाट पन्छिने प्रवृत्तिले संगठनात्मक नैतिकतालाई गम्भीर चोट पुऱ्याएको छ। यसको प्रतिक्रिया स्वरूप वर्तमान कार्यसमितिले पनि कडा रूप देखाउन थालेको छ। चुनावमा असहयोग गर्ने, मत नदिने वा भ्रातृ संगठनभित्रबाट नै अवरोध सिर्जना गर्नेहरूलाई कारबाही गर्ने चेतावनी दिइएको छ। तर प्रश्न उठ्छ, के कारबाही नै समाधान हो ? वा यो केवल लक्षणमाथि उपचार गर्ने प्रयास मात्र हो ?

वास्तविकता के हो भने, नेपाली कांग्रेसभित्रको समस्या व्यक्तिविशेषको होइन, संरचनागत हो। जब पार्टीभित्र विश्वास हराउँछ, साझा लक्ष्य हराउँछ, र व्यक्तिगत स्वार्थ हाबी हुन्छ, तब यस्तो अवस्था आउँछ। अहिले देखिएको गुटबन्दी, आरोप-प्रत्यारोप र असहयोग त्यही गहिरो रोगका लक्षणहरू हुन्। अर्कोतर्फ, राष्ट्रिय स्वतन्त्र पार्टीको उदयले एउटा नयाँ मापदण्ड स्थापित गरिदिएको छ। जनताले अब विकल्प खोज्न डराउँदैनन्। उनीहरू परम्परागत निष्ठाभन्दा परिणाम र विश्वासलाई प्राथमिकता दिन थालेका छन्। यसले पुराना दलहरूलाई स्पष्ट सन्देश दिएको छ, सुध्रिनुस्, नत्र विस्थापित हुनुस्।

यस्तो अवस्थामा नेपाली कांग्रेसका लागि सबैभन्दा ठुलो चुनौती भनेको बाहिरी प्रतिद्वन्द्वी होइन, भित्री एकता हो। यदि पार्टीले आफ्नो आन्तरिक द्वन्द्व समाधान गर्न सकेन भने, कुनै पनि बाह्य रणनीति प्रभावकारी हुन सक्दैन। अहिलेको संकटले एउटा कठोर सत्य उजागर गरेको छ, जनताको विश्वास गुमाउन समय लाग्दैन, तर त्यो विश्वास पुनः प्राप्त गर्न अत्यन्त कठिन हुन्छ। त्यसैले अबको बाटो स्पष्ट हुनुपर्छ - इमानदार आत्मसमीक्षा, वास्तविक सुधार र व्यवहारमा एकता। नत्र, आज देखिएको पराजय भोलि अझ ठुलो राजनीतिक विस्थापनको संकेत मात्र सावित हुनेछ।

# सुशासनको मूल आधार कर्मचारीतन्त्र



ललितकुमार यादव

नेपालमा पटकपटक राजनीतिक परिवर्तनहरू भए। राणाशासनदेखि प्रजातन्त्रसम्म, पञ्चायतदेखि बहुदल र गणतन्त्रसम्म। तर, यथार्थ के हो भने देश र जनताको अवस्था बदलिएन। नेपाली जनताको न्याय, पारदर्शिता र सुशासनको सपना अझै अधुरो छ। किन ? यसको प्रमुख कारण हो राजनीतिक व्यवस्थाको परिवर्तनसँगै कर्मचारीतन्त्रमा रूपान्तरण हुन नसक्नु। शासन प्रणाली जुनसुकै आए पनि कर्मचारीतन्त्र पुरानै मानसिकता, पुरानै व्यवहार र पुरानै स्वार्थ केन्द्रित संस्कृतिमा अड्किएर बसेको छ।

सुशासन आधुनिक लोकतन्त्रको प्राण हो। यो यस्तो शासन व्यवस्था हो, जहाँ राज्यका हरेक संयन्त्र स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, जनउत्तरदायी र समावेशी हुनुपर्छ। सुशासनले नागरिकलाई न्यायको अनुभूति गराउँछ। विकासलाई गति दिन्छ। राष्ट्रलाई समृद्धिको बाटोमा लैजान्छ। यस्तो आदर्श शासन प्रणालीको स्थापना र निरन्तरतामा कर्मचारीतन्त्रको भूमिका निर्णायक मानिन्छ। कर्मचारीतन्त्रलाई स्थायी सरकार भनिन्छ। राजनीतिक नेतृत्वको फेरबदलका बाबजुद कर्मचारीतन्त्रले राज्यको कार्यप्रणालीलाई अविच्छिन्न रूपमा अगाडि बढाउँछ। त्यसैले, कर्मचारीतन्त्रलाई सुशासनको मेरुदण्ड र मूल आधार मान्नु अत्युक्ति हुँदैन।

आज नेपालमा देखिएका भ्रष्टाचारका हरेक प्रकरणमा कर्मचारीतन्त्रको प्रत्यक्ष वा अप्रत्यक्ष संलग्नता रहेको देखिन्छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तथ्यांकले नै झन्डै ७५ प्रतिशत भ्रष्टाचारका मुद्दामामा सरकारी कर्मचारी प्रत्यक्ष संलग्न रहेको देखाउँछ। यसले स्पष्ट गर्छ कि कर्मचारीतन्त्रको संलग्नताबिना भ्रष्टाचार सम्भव छैन। जसले शासन गर्छ, उसले नीति बनाउँछ। तर नीति कार्यान्वयन गर्ने भनेका कर्मचारी हुन्। जब नीति कार्यान्वयन गर्ने नै भ्रष्ट, निष्क्रिय वा स्वार्थी हुन्छन्, तब सुशासनको परिकल्पना कल्पनामा मात्र सीमित हुन पुग्छ।

२००७ सालमा राणाशासनको अन्त्य भई प्रजातन्त्र आयो। तर राणाकालीन प्रशासनिक ढाँचा ज्यूँका त्यूँ रह्यो। त्यही पुरानो मानसिकता र ढाँचाले नयाँ व्यवस्थालाई हाक्ने काम भयो। २०१७ सालमा पञ्चायत आयो। कर्मचारीतन्त्रलाई राजनीतिको उपकरण बनाइयो। २०४६ सालमा फेरि बहुदल आयो। यद्यपि राजनीतिक दलहरूले पनि त्यही पञ्चायती संस्कृतिमा कर्मचारीहरूलाई आफ्नो स्वार्थमा प्रयोग गर्न थाले। २०६२/०६३ सालको जनआन्दोलनपछि गणतन्त्र आयो। तर त्यसपछि पनि कर्मचारीतन्त्रको सोच, कार्यशैली र संरचनामा खासै परिवर्तन गरिएन। अहिले संविधान कार्यान्वयनको दशक पुग्दा पनि कर्मचारी प्रशासनमा सुधारको प्रयाससमेत गरेको देखिँदैन।

प्रदेश र स्थानीय सरकार गठन भएपछि पनि कर्मचारीहरूको असहयोग, ढिलासुस्ती र राजनीतिक दबाबका कारण संघीयता प्रभावकारी हुन सकेको छैन। स्थानीय तहका प्रमुखहरूले बारम्बार गुनासो गर्ने गरेकाछन् - 'कर्मचारीहरू पुरानो ढर्रामा चल्छन्, जिम्मेवारी लिन चाहँदैनन्, र काम नगरी अधिकार खोज्छन्।'

नेपालमा भ्रष्टाचार सामान्य जस्तो बनिसकेको छ। उच्च तहका सचिवदेखि साना तहका कार्यालय सहयोगीसम्म सबै तहमा घूस र सिफारिसको चलन व्याप्त छ। ठेक्का प्रक्रियामा कमिसन, नियुक्तिमा चलखेल, सेवाप्रवाहमा ढिलासुस्ती यी सबैले कर्मचारीतन्त्र प्रतिको जनताको भरोसा कमजोर पार्दै लगेको छ। कानुन बनाउने काम संसद्को हो, तर कार्यान्वयन गर्ने शक्ति त कर्मचारीतन्त्रकै हातमा हुन्छ। जब कर्मचारीहरूले कानुनलाई आफ्नै स्वार्थअनुसार मोड्छन्, तब कानुन पनि निष्पक्ष रहँदैन।

उदाहरणका लागि हालैका केही घटनाले राज्यसंयन्त्रको असफलतालाई उजागर गरेका छन्। ठुला ठुला योजनामा अनियमितता, भूमि व्यवस्थापन विभागदेखि कर कार्यालयसम्मको भ्रष्टाचार, मनपरी फाइल रोक्ने चलन यी सबैले नागरिकमा वितृष्णा पैदा गरेका छन्। जनतामा अब यस्तो धारणा बनिसकेको छ कि 'कुनै पनि सरकारी काम पैसाबिना सम्भव छैन।' यो धारणा अत्यन्त खतरनाक रहेको छ। किनभने यसले राज्यप्रतिको विश्वास समाप्त गर्दै छ।

राजनीतिक नेतृत्वले नीति र कानुन निर्माण गर्छ। तर त्यसलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्ने जिम्मा कर्मचारीतन्त्रको छ। असल नीतिलाई पनि सफल बनाउन र त्यसको प्रतिफल जनतासम्म पुऱ्याउन दक्ष, इमान्दार र परिणाममुखी कर्मचारीतन्त्र अपरिहार्य छ। यदि कार्यान्वयन गर्ने संयन्त्र नै कमजोर भयो भने जतिसुकै राम्रो नीति पनि कागजमै सीमित हुन पुग्छ। प्रतिफल जनतासम्म पुग्न सक्दैन।

जनतालाई राज्यसँग जोड्ने र प्रत्यक्ष सेवा दिने सबैभन्दा नजिकको संयन्त्र कर्मचारीतन्त्र नै हो। जन्मदर्तादेखि मृत्युदर्तासम्म, कर संकलनदेखि विकास निर्माणसम्मका हरेक सेवा प्रवाहमा कर्मचारीको संलग्नता हुन्छ। छिटो, छरितो, सरल र कम खर्चिलो सेवा प्रवाह सुशासनको कसी हो। जुन कर्मचारीतन्त्रको कार्यशैली र नैतिकतामा निर्भर रहन्छ। कर्मचारीतन्त्र योग्यता प्रणालीमा आधारित स्थायी संयन्त्र हो। यसमा ज्ञान, सीप र अनुभव भएका विशेषज्ञ जनशक्ति हुन्छन्। राजनीतिक परिवर्तनले सरकारहरू फेरिँदा पनि कर्मचारीतन्त्रले राज्यलाई संस्थागत मेमोरी र निरन्तरता प्रदान गर्दछ। यसको स्थायित्वले राष्ट्रिय लक्ष्य र योजनाहरूमा विचलन आउन दिँदैन।

सुशासनका लागि पारदर्शिता र जबाफदेहिता अपरिहार्य छन्। कर्मचारीहरूले आफ्नो काम कारबाही कानुनसम्मत र पारदर्शी ढंगले सञ्चालन गर्नुपर्छ। सूचनाको हक, सार्वजनिक सुनुवाइ र सामाजिक परीक्षणजस्ता सुशासनका औजारहरूको प्रभावकारी प्रयोग कर्मचारीतन्त्रको सक्रियतामा मात्र सम्भव हुन्छ। कर्मचारीतन्त्रले निरन्तर रूपमा संविधान, ऐन-कानुन तथा नियमहरूको पालना र कार्यान्वयन सुनिश्चित गर्दछ। यसले कसैको दबाब वा प्रभावमा नपरी निष्पक्ष ढंगले कार्य गर्नुपर्दछ। यसले देशमा विधिको शासन कायम गर्न मद्दत पुऱ्याउँछ। नेपालको सन्दर्भमा कर्मचारीतन्त्र कतिपय अवस्थामा आफैँ सुशासनको बाधक बनेको आरोप पनि लाग्ने गरेको छ।

राजनीतिकरण, लाल फित्ताशाही, ढिलासुस्ती, भ्रष्टाचार र जनउत्तरदायित्वको कमीजस्ता दुर्बल पक्षहरूले सुशासनको बाटोमा अवरोध सिर्जना गरेका छन्। राज्यको प्रमुख दायित्व जनतालाई सेवा दिनु हो। तर, नेपालमा उल्टो अवस्था छ। नागरिकले सेवा माग्छन्, कर्मचारीतन्त्रले बहाना दिन्छन्। नागरिकता, पासपोर्ट, जग्गा रजिस्ट्रेसन, सामाजिक सुरक्षा भत्ता जस्ता काममा अनावश्यक ढिलासुस्ती छ। कतिपय कर्मचारीहरू सेवाग्राहीलाई अपमानित गर्ने व्यवहार देखाउँछन्। नेपालमा नागरिकले सेवा मागेर पाउँदैनन्। कर्मचारीतन्त्रलाई कि चिन्नुपर्छ, कि त किन्नुपर्छ।

आजको सूचना प्रविधिको युगमा पनि धेरै कार्यालयहरू कागजमै अड्किएका छन्। ई-गभर्नेन्सको चर्चा भए पनि कार्यान्वयन नगर्ने प्रवृत्तिले पारदर्शिता घटाएको छ। यसले जनतामा असन्तुष्टि बढाएको छ। जब नागरिकलाई सरकारी सेवा लिन पैसा वा पहुँच चाहिन्छ, तब लोकतन्त्रको मर्म नै कमजोर हुन्छ। नेपालको कर्मचारीतन्त्रको मानसिकता, व्यवहार र स्वार्थ परिवर्तन हुन आवश्यक छ। कर्मचारीतन्त्रमा गहिरो रूपान्तरणको खाँचो छ। राजनीतिक परिवर्तनले मात्र सुशासन ल्याउन सक्दैन। जबसम्म कार्यान्वयन गर्ने संयन्त्र पारदर्शी, जिम्मेवार र परिणाममुखी हुँदैन।

यसका लागि राजनीतिक सिफारिस र पहुँचको संस्कृतिलाई अन्त्य गरी पारदर्शी, प्रतिस्पर्धात्मक र निष्पक्ष प्रणाली लागू गर्नुपर्छ। प्रत्येक कर्मचारीको कामको मूल्यांकन परिणामका आधारमा गर्नुपर्दछ। जिम्मेवारी पूरा नगर्नेले दण्ड र इमानदारले पुरस्कार पाउनुपर्छ। सबै सेवाहरूलाई डिजिटल माध्यममा लैजानुपर्छ। अनलाइन फाइल प्रणाली, इलेक्ट्रोनिक पेमेन्ट र ट्र्याकिङ प्रणाली लागू गर्नुपर्छ। कर्मचारी सरुवा, पदोन्नति वा कारबाहीमा राजनीतिक हस्तक्षेप रोक्नुपर्छ। कर्मचारीले राजनीतिक दल होइन, राष्ट्र र जनताको हितमा काम गर्नुपर्ने वातावरण सुनिश्चित गर्नुपर्छ। प्रशिक्षण र तालिमहरूमा केवल प्रशासनिक दक्षता होइन, नैतिक मूल्य, उत्तरदायित्व र नागरिक सेवाको भावना विकास गर्न जरुरी छ।

नेपालमा सुशासनको कुरा केवल नारा बनेको छ। तर यसले वास्तविकता प्राप्त गर्न कर्मचारीतन्त्र नै मूल आधार हो। कर्मचारीतन्त्रको सुधार तथा रूपान्तरणबिना सुशासनको सपना देख्नु मृगतृष्णा हो। राजनीतिज्ञहरू परिवर्तनको वाचा गर्छन्। तर कर्मचारीहरू परिवर्तनको अवरोध बन्ने हो भने देश कहिल्यै अघि बढ्न सक्दैन। आजको नेपालमा सुशासन, पारदर्शिता र जबाफदेहिताको माग जनताबाट उठिरहेको छ। यो मागलाई पूरा गर्न सरकारले मात्र होइन, कर्मचारीतन्त्रले पनि आत्मसमीक्षा गर्न आवश्यक छ। कर्मचारीले आफूलाई शासक होइन, सेवक ठान्न आवश्यक छ। अनि मात्र देशमा सुशासन सम्भव हुन्छ।


राजनीति परिवर्तनले ढोका खोलेको छ। अब त्यो ढोकाभित्रको कोठा सफा गर्ने काम कर्मचारीतन्त्रको हो। यदि यो रूपान्तरण अहिले भएन भने, जनताको विश्वासको जग नै धरासायी हुनेछ। त्यसैले राजनीतिक परिवर्तनले मात्र होइन, इमानदार र उत्तरदायी कर्मचारीतन्त्रले मात्र नेपालको भविष्य उज्यालो बनाउन सक्छ। सुशासन कुनै एक पक्षको मात्र दायित्व होइन। यो समग्र राज्य संयन्त्रको साझा प्रयासबाट सम्भव हुन्छ। सरकारको नीतिलाई जनताको दैलोसम्म पुऱ्याउने, सेवाको गुणस्तर कायम गर्ने र राज्यलाई दिगोपन दिने प्रमुख संयन्त्र कर्मचारीतन्त्र नै हुन्।

यदि कर्मचारीतन्त्र सक्षम, नैतिकवान् र जनमुखी बन्यो भने सुशासनका अन्य आयामहरू स्वतः सुदृढ हुँदै जानेछन्। सुशासनको लक्ष्य हासिल गर्नका लागि कर्मचारीतन्त्रलाई सबल र सुधारोन्मुख बनाउनु आजको अपरिहार्य आवश्यकता हो। सुशासनको जगमा समृद्ध राष्ट्र निर्माणका लागि कर्मचारीतन्त्रलाई साँच्चिकै यसको मूल आधारको रूपमा स्थापित गर्न आवश्यक छ।

## आजको राशिफल

| | | | | | |
|---|---|---|---|---|---|
| मेष | वृद्धि। | मिथुन | प्रेममा सफलता। | सिंह | आय वृद्धि। |
| वृष | अध्ययनमा अवरोध। | कर्कट | हानि। | कन्या | सिद्धि। |
| तुला | व्यापारमा नोक्सान। | धनु | सुख। | कुम्भ | कार्य अवरोध। |
| वृश्चिक | विपद। | मकर | स्वास्थ्य सुख। | मीन | विवाद। |

ज्यो. दुर्गा प्रसाद उपाध्याय
फो नं. ९८४१-३७१८९७,
कोटेश्वर, काठमाडौं
ईमेल : durga.np@gmail.com
facebook
Durga Prasad Upadhayaya



# विद्युतीय चुलो : अभरमा सधैँ चर्चा, सहज भएपछि उपेक्षामा

**पेट्रोलियम पदार्थको विकल्पमा विद्युत् प्रयोग गर्न विज्ञहरूले सुझव दिइरहेका छन् - खाना पकाउन विद्युतीय चुल्हो प्रयोग गर्न सकिन्छ । पेट्रोलियम पदार्थको विकल्पमा विद्युत्को प्रयोगले आयात घट्ने र वैदेशिक व्यापारसमेत कम हुने देखिएको छ । तर विद्यमान पूर्वाधार अभावले गर्दा यसको पूर्ण कार्यान्वयन चुनौतीपूर्ण रहेको छ ।**

■ चमिना भट्टराई

'जब समस्या पर्छ, तब मात्रै नेपालीको चेत खुल्छ ।' उखानको रूपमा विकसित भइनसकेको यो भनाइ आजकल सार्वजनिक बहसहरूमा सुन्ने गरिएको छ । अहिले नेपालको हालत पनि यस्तै हुँदै गएको । मध्यपूर्व अशान्त भएसँगै नेपालमा समेत खाना पकाउने एलपी ग्याससहित इन्धन अभाव सुरु भएको छ । यसले गर्दा विद्युतीय चुलो (इन्डक्सन चुलो) को माग र प्रयोग पनि बढेको छ । नेपालमा विद्युतीय चुलोको आवश्यकताको महसुस भएको पहिलो पटक होइन । जति बेला अन्तर्राष्ट्रिय र बाह्य समस्या आइलाग्छ, हाम्रोमा त्यतिबेला मात्रै इन्धनको वैकल्पिक उपाय खोज्ने परिपाटी छ । उदाहरणका लागि - २०७२ सालमा अघोषित नाकाबन्दी लागेका बेला पनि विकल्पको महसुस गरिएको थियो । त्यो बेला तत्कालीन सरकारले एक परिवार एक विद्युतीय चुलो अनुदानमा दिनेसम्मको कुरा आफ्नो बजेट भाषणमा समावेश नै गरेको थियो । तर, इन्धन आपूर्ति सहज भएसँगै त्यसको माग र प्रयोग पनि हराएर गयो ।

अब फेरि खाना पकाउन वैकल्पिक उपायबारे बहस छेडिएको छ । खाना पकाउनका लागि ग्यासको तुलनामा विद्युतीय चुलो सस्तो मात्रै होइन, वातावरणीय दृष्टीले समेत राम्रो मानिन्छ । तर, प्रायः अधिकांश नेपालीले ग्यास असहज भएको अवस्थामा मात्रै यसको प्रयोग बढाएको पाइन्छ । उखान 'अड्को पड्को, तेलको धुप' भन्ने उखान झै



मात्र बल्छ नेपालीको भान्सामा विद्युतीय चुलो । अब फेरि २०७२ सालतिरै फर्कौं - त्यो बेला भारतले झन्डै ६ महिना गरेको अघोषित नाकाबन्दीका बेला नेपालमा इन्धन कटौती गर्दा हाहाकार मच्चिएको थियो । सडकमा मुस्किलले एकचौथाइ सवारी साधन चलेका थिए भने सहरका भान्सामा समेत दाउराले प्रवेश पायो । बिजुलीबाट खाना बनाउन लोडसेडिङको मार थियो भने विद्युत् खपत बढेका कारण बिजुलीका ट्रान्सफर्मरहरू जल्ने समस्या पनि त्यतिकै थियो ।

यस्तो अवस्थामा चीन सरकारले नेपाललाई अनुदानमा १० हजार थान इन्डक्सन चुलो उपलब्ध गराएको थियो । डेढ वर्षमा जम्मा एक थान मात्र बिक्री भएपछि मूल्य घटाएर बेच्नुपर्ने अवस्था आएको थियो । त्यो चुलो सर्वसाधारणसम्म नपुगेको बरु टाठाबाठाहरूले मात्र प्रयोग गरेको पाइएको सरोकारवालाहरूको भनाइ छ । पछिल्लो समय पनि चीनले नेपाललाई इन्डक्सन चुलो पठाएको थियो । ४ महिनाअघि केरुङ नाका हुँदै १ हजार ३०० थान र साढे ३ महिनाअघि हवाई मार्ग हुँदै १० हजार थान विद्युतीय चुलो उपलव्ध गराएको थियो । तर, नेपालीको पहिलो रोजाइमा इन्डक्सन चुलो परेन ।

यस्तै, नेपाल विद्युत् प्राधिकरणका तत्कालीन कार्यकारी निर्देशक कुलमान घिसिङले गत २०७६ को भदौ ८ गते काभ्रेपलाञ्चोकको तेमाल गाउँपालिकामा ४०० परिवारलाई लक्षित गरी विद्युतीय चुलो वितरणको सुरुआत गरेको विषय बाहिरिएको थियो । तर, त्यो जति प्रभावकारी ढंगबाट प्रयोगमा आउन नसकेको बताइएको छ ।

## कहाँ पुग्यो एक परिवार एक विद्युतीय चुलो कार्यक्रम ?

तत्कालीन अर्थमन्त्री जनार्दन शर्माले आर्थिक वर्ष २०७९/०८० को बजेट सार्वजनिक गर्दै स्थानीयतहमार्फत अनुदानमा एक परिवार एक विद्युतीय चुल्हो कार्यक्रम चलाइने जानकारी दिएका थिए । उनले आउँदो वर्षको बजेटमा एक परिवार एक विद्युतीय चुल्हो कार्यक्रम सञ्चालन गर्ने बताए पनि त्यो अहिलेसम्म कार्यान्वयन भएको छैन । यस्तै सरकारले २०७९ साउनको अन्त्यमा सरकारले देशभित्रै स्वदेशी बिजुलीको खपत गराउने र खाना पकाउने ग्यासको विस्थापन गर्ने अभियानको सुरुआत स्वरूप सिंहदरबारभित्र ग्यासको प्रवेशमा रोक लगाउने निर्णय गरेको थियो । सरकारले बजेटको बुँदा नं २५३ मा समावेश गरिएको व्यवस्थाअनुसार नै पहिलो चरणमा सिंदरबारबाट एलपी ग्यासको विस्थापन गर्ने भनेको थियो । तर, त्यसको कार्यान्वयन के कति भयो भन्नेबारे भनेर सम्बन्धित निकायले प्रष्ट्याएको छैन ।

तत्कालीन अर्थमन्त्री शर्माले खाना पकाउने ग्यासमा मात्रै मुलुकको ठुलो धनराशि बाहिरिएको भन्दै आन्तरिक रूपमा बिजुली खपत गराउने लक्ष्यका साथ बजेटमा नै नीतिगत प्रबन्ध गरेको बताएका थिए । साउन महिनाभित्रै सिंहदरबारभित्रका सबै चमेनागृह तथा भोजनगृहहरुबाट एलपी ग्यास विस्थापन गर्ने लक्ष्य राखिए पनि त्यो पूर्णरूपमा कार्यान्वयन भएको नपाइएको सरोकारवालाहरूको भनाइ छ । सरकारले बनाउने योजना पनि संकटको बेला खाली सस्तो लोकप्रियताका लागि मात्रै हुने गरेको सरोकारवालाहरूको भनाइ छ । अब यसको दीर्घकालीन समाधान खोज्नुपर्ने वाणिज्य तथा आपूर्ति मन्त्रालयका पूर्वसचिव पुरुषोत्तम ओझा बताउँछन् । 'इन्धन अभावबाट बच्न तत्काल गर्नुपर्ने तथा दीर्घकालीन र मध्यकालीन रूपमा गर्नुपर्ने उपायको अबलम्बन गर्न जरुरी हुन्छ,' उनी भन्छन् ।

अब फर्कौं फेरि वर्तमानतिरै । यति बेला मध्यपूर्वमा बढ्दो भूराजनीतिक तनावका कारण अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थ र खाना पकाउने ग्यास (एलपी ग्यास)को आपूर्ति प्रभावित बनेको छ, यसको प्रत्यक्ष प्रभाव नेपालमा पनि पर्न थालेको छ । नेपालमा सबैभन्दा धेरै उपभोक्ताहरूले ग्यास अभाव, लामो प्रतीक्षा र महँगो मूल्यको सामना गरिरहेका छन् । यो संकटले नेपाली भान्सामा गम्भीर असर पारेको छ ।

यस्तोमा पेट्रोलियम पदार्थको विकल्पमा विद्युत् प्रयोग गर्न विज्ञहरूले सुझाव दिइरहेका छन् । 'खाना पकाउन विद्युतीय चुल्हो प्रयोग गर्न सकिन्छ । पेट्रोलियम पदार्थको विकल्पमा विद्युत्को प्रयोगले आयात घट्ने र वैदेशिक व्यापारसमेत कम हुने देखिएको छ । तर विद्यमान पूर्वाधार अभावले गर्दा यसको पूर्ण कार्यान्वयन चुनौतीपूर्ण रहेको छ,' सामुदायिक विद्युत् उपभोक्ता राष्ट्रिय महासंघका अध्यक्ष नारायण ज्ञवाली भन्छन् ।

नेपालमा बढ्दो ऊर्जा संकटलाई टार्न र परनिर्भरता घटाउन विद्युत् उत्पादनमा लगानी बढाउनुका साथै यसको वितरण र प्रसारण पूर्वाधारमा व्यापक सुधार गर्नु अपरिहार्य देखिएको सरोकारवालाको तर्क छ । यसका लागि सरकारले स्पष्ट र दीर्घकालीन ऊर्जा नीति निर्माण गरी कार्यान्वयनमा ल्याउनु आवश्यक रहेको उनीहरूको सुझाव छ ।

नेपालमा आयातको ठुलो हिस्सा पेट्रोलियम पदार्थ (डिजेल, पेट्रोल, एलपी ग्यासलगायत) ले ओगटेको देखिन्छ । आर्थिक वर्ष २०८१/०८२ मा १८ खर्ब ४ अर्ब १२ करोड रुपैयाँको कुल आयातमा ३ खर्ब २६ अर्ब १४ करोड रुपैयाँको पेट्रोलियम पदार्थ छ । अर्थात् कुल आयातको १६.८१ प्रतिशत हिस्सा पेट्रोलियम पदार्थले ओगटेको छ ।

आव २०८०/०८१ मा कुल १५ खर्ब ९२ अर्ब ९८ करोड रुपैयाँको वस्तु आयातमा पेट्रोलियम पदार्थले १८.८७ प्रतिशत हिस्सा ओगटेको थियो । उक्त आवमा ३ खर्ब ५४ करोड ४० लाख रुपैयाँ बराबरको पेट्रोलियम पदार्थ आयात गरेको व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको तथ्यांक छ । केन्द्रका अनुसार २०७९/०८० मा ३ खर्ब ९ अर्ब ७० करोड रुपैयाँ बराबरको पेट्रोलियम पदार्थ आयात गरेको थियो ।

पेट्रोलियम संकटको समाधानका लागि विद्युत् प्रयोगलाई एउटा महत्त्वपूर्ण विकल्प मानिन्छ । यद्यपि, नेपालमा विद्युत् उत्पादनको अवस्था र यसको वितरण पूर्वाधार क्षमताले यो विकल्प तत्कालै उपयुक्त नदेखिएको विज्ञहरू बताउँछन् । सबै नेपालीका घरमा विद्युतीय चुलो चलाउनयोग्य विद्युत्को पावरसमेत छैन । यस्तो अवस्थामा सरकारले भने झै, 'एक घर, एक विद्युतीय चुलो' कति व्यावहारिक र प्रभावकारी हुन्छ । त्यो पनि गम्भीर विषय छ । अझ यति बेला लोडसेडिङ नभए पनि कत्ति आउने र जाने समयको टुंगो पनि बेला बेला बिग्रने गरेको छ ।

नेपालमा वर्षायाममा पर्याप्त विद्युत् उत्पादन भए पनि हिउँदमा भने छिमेकी मुलुकबाट विद्युत् आयात गर्नुपर्ने अवस्था छ । नेपाल विद्युत् प्राधिकरणका अनुसार अहिले दैनिक २०० मेगावाटभन्दा बढी विद्युत् आयात भइरहेको छ । जलविद्युतको प्रचुर सम्भावना भए पनि लगानीको अभावमा पर्याप्त उत्पादन हुन नसक्दा नेपाल हिउँद पनि विद्युत् आयातमा निर्भर रहनुपरेको छ । नेपालका अधिकांश ट्रान्सफर्मर, प्रसारण लाइन र सब-स्टेसनहरू इन्डक्सनको थप भार धान्न सक्ने अवस्थामा छैनन् ।

### नारायण ज्ञवाली, सामुदायिक विद्युत उपभोक्ता राष्ट्रिय महासंघका अध्यक्ष



यसमा राज्यले आँखा देख्छ तर, गन्तव्य कहाँ पुग्छ भन्ने हेर्दैन । नेपालमा नाकाबन्दी भएका बेलामा ग्यासको अभाव भयो । त्यो समयमा चीनले नेपाललाई धेरै विद्युतीय चुलो उपलब्ध गराएर सहयोग गरेको थियो । ती चुलो केही बाठा टाठा कर्मचारीले प्रयोग गरे । सर्वसाधारणले पाएनन् । बाँकी रहेको चुलो सरकारको खाद्य नियन्त्रण गुणस्तर प्रणालीमार्फत बिक्री गर्ने भनिएको थियो । तर, भएको पाइएन । यसैगरी २०७४ सालमा नेपाल सरकारले एउटा स्वेतपत्र जारी गऱ्यो । उक्त स्वेतपत्रमा 'एक घर, एक विद्युतीय चुलो'को नारा अघि साऱ्यो । नाराअनुसार सरकारले त्यसलाई प्रवर्द्धन कार्यक्रम गर्नुपर्ने थियो, बजेटमा व्यवस्था गर्नुपर्ने थियो, गरेन । सरकारले स्वेतपत्र अनुसार काम नगरेपछि हामीले २०७५ माघमा यस क्षेत्रमा काम गर्ने केही संस्था मिलेर विद्युतीय चुलो राष्ट्रिय अभियान चलायौं ।

यसको प्रयोगले ग्यासमा भन्दा ५० प्रतिशत खर्च कम हुन्छ । यसको प्रगोगले बत्ती बढी खान्छ, ढिला हुन्छ भन्न कैयौं मानिसलाई भ्रम छ । तर, यसबारेमा भ्रम धेरै हटेको छ । हामीले आफैं पनि करिब ४५ जिल्लामा यसको प्रवर्द्धन गरेका छौं । तर, हाम्रो विद्युतीय प्रणााली व्यवस्थित छैन । अहिले जुन प्रणाली छ त्यसले धान्न गाह्रो छ । त्यसका लागि सरकारले विद्युतीय चुलो विस्तार गर्ने र आयातित पेट्रोलियम पदार्थलाई नियन्त्रण गर्नतर्फ लाग्नुपर्ने हो । त्यसका लागि प्रणाली सुधार गरेर मान्छेले माग गरेका बेला चाहिए जति भोल्टेजको बत्ति दिनुपर्छ ।

अहिले फेरी विद्युतीय चुलोको माग बढेको छ । यसका बेफाइदा केही छैन फाइदा मात्रै छ । तर, यसका पनि प्रकार छन्, इन्डक्सन कि इन्फ्रारेड भन्ने । इन्डक्सनमा सीमित भाडा प्रयोग हुन्छ, इन्फ्रारेडमा सबै भाडा लाग्छन् । सबै इन्फ्रारेड प्रयोग गर्दा अलि बढी विद्युत् खपत हुन्छ । एकपटक किनेको भाडाले वर्षौं धान्ने भएकाले नियमित हुने इन्धन जोगाउने हो भने भाडा जोड्दा राम्रो हुन्छ । एउटा कराइ, कुकर र ताप्के किने हुन्छ । १ वर्षका लागि प्रयोग गर्ने ग्यासले भाडा किन्न सकिन्छ । केहीलाई समय लाग्छ भन्ने, भ्रम पछि छ । जहाँ विद्युत्को पावर राम्रो छ, त्यहाँ सानो बर्नल भएको ग्यासमा बालेको जस्तै हो । जहाँ विद्युत् कमी हुन्छ त्यहाँ भने समय लाग्छ । यो चुलोका कारण नभएर बत्तीका कारण हो ।

### पुरुषोत्तम ओझा, पूर्वसचिव वाणिज्य तथा आपूर्ति मन्त्रालय



नेपालमा अहिले जस्तै समस्या पहिला पनि हुने गरेको थियो । तर, यसको पूर्ण समाधान हामीसँग छैन । यस्ता समस्या पर्दा हामीले गर्न सक्ने भनको नकारात्मक प्रभावलाई कम गर्ने उपाय निकाल्ने हो । त्यसका लागि तत्काल गर्नुपर्ने उपाय, दीर्घकालीन र मध्यकालीन रूपमा गर्नुपर्ने उपायको अबलम्बन गर्न जरुरी हुन्छ । तत्काल गर्न सकिने भनेको इन्धन आपूर्तिका लागि भारतीय आयल निगमसँग भर पर्नुपर्ने अवस्था छ ।

भारतले अहिले रुसबाट पनि तेल ल्याइरहेको अवस्था छ । हुन त इरानबाट तेल ल्याउन देश मध्ये भारत पनि एक हो । इरान वा खाडी मुलुकबाट आउन कम हुने बित्तिकै भारतमा पनि कमी होला । तर, बन्दै हुने अवस्था भने छैन । उसले रुसबाट पनि तेल ल्याइरहेको र हामीले भारतबाट ल्याउने गरेकाले केही आशा गर्ने ठाउँ छ । अर्को कुरा भारतको आवश्यकताको तुलनामा नेपालको आवश्यकता निकै कम हो । त्यसैले गर्दा नेपालमा पूर्णरूपमा बन्द हुने अवस्था रहँदैन होला भन्ने लाग्छ । यद्यपि पहिलाको जस्तो नभएर आपूर्तिमा कम हुन सक्छ ।

अर्को भनेको हाम्रोमा विद्युतीय प्रयोगलाई जोड दिने हो । यो पनि यस्तै यस्तै बेला मात्रै बढी चर्चा र प्रयोग हुने गरेको छ । हाम्रा भान्सामा प्रयोग हुने इन्धनमा हामीले विद्युत् लाई बढवा दिने हो भने पनि बाहिरबाट आउने इन्धनमा धेरै पर पर्दैन । तर, अहिले जसरी इन्डक्सन, इन्फाइरेडजस्ता विद्युतीय चुलोको प्रयोग बढेको छ । यसलाई हामीले नियमित बनाउन सक्नुपर्छ । त्यसका लागि विद्युत् प्रयोगमा अनुदान दिएर वा अरू केही उपाय निकालेर उपभोक्तालाई विद्युत् आर्थिक, वातावरणीय सबै दृष्टिले राम्रो राम्रो छ भन्ने विश्वास दिलाउन सक्नुपर्छ ।

अहिले पनि ग्यास पाइरहेको अवस्था छैन । त्यसैले यसलाई पूरा सामाधान भन्दा पनि केही रणनीति अपनाउन सकिन्छ । अझ महत्त्वपूर्ण कुरा भनेको बेलाबेलामा चर्चा हुने गरेको दैलेखको ग्यासको बारेमा अनुसन्धान र त्यसको उत्खननका बारेमा योजना बनाएर लाग्नुपर्छ । हाम्रो जस्तो देशमा इन्धनको समस्या परिरहन सक्छ त्यसैले हामीले आन्तरिक रूपमा जे गरेर बाह्य इन्धनको भार कम पर्न सकिन्छ त्यसतर्फ लाग्नुपर्छ ।


**सांग्रिला डेभलपमेन्ट बैंक लि.**
**Shangri-la Development Bank Ltd.**
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौ
फोनः ०१-४५२१८६१/६२/६३

**कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी १५ दिने सूचना**

**सूचना प्रकाशित मिति : २०८२/१२/१२ गतेको सौर्य राष्ट्रिय दैनिक**
**बोलपत्र पेश गर्ने अन्तिम मिति २०८२/१२/२६ गते कार्यालय समय भित्र**

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलका ऋणीहरुले यस डेभलपमेन्ट बैंकको निम्न शाखा कार्यालयबाट विविध कर्जा शीर्षक अर्न्तगत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना र अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, व्याज, हर्जाना लगायतका अन्य दै-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि १५ **(पन्ध्र) दिने** सूचना प्रकाशित गरि आह्वान गरिएको छ । तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएको ले सो अवधिमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलीपल्ट वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा बिहानको ११:०० बजे सम्बन्धित शाखा कार्यालयमा खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ । तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणीको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुनै सूचना बिनानै समावेश गरिने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

| ऋणीको विवरण | जमानतकर्ताको विवरण |
|---|---|
| **१. ऋणीः राम बहादुर रोका**<br>बाबुको नाम : गुप्त बहादुर रोका<br>बाजेको नाम : कृष्ण बहादुर रोका<br>ठेगानाः कठजोर-०५, रामेछाप<br>हालः मन्थली-०३, रामेछाप<br>ना.प्र.नं. : १८४६, जारी मिति : २०४१/१०/२८<br>जारी गर्ने कार्यालय : जि.प्र.का., रामेछाप<br>**कर्जा लिएको शाखा : मन्थली, रामेछाप** | **क) नाम : सुवर्ण रोका**<br>बाबुको नाम : रामबहादुर रोका<br>बाजेको नाम : गुप्त बहादुर रोका<br>ठेगाना : कठजोर-०४, रामेछाप<br>हाल : मन्थली-०३, रामेछाप<br>ना.प्र.नं.: २१२११०२८/३२३३०, जारी मितिः २०६९/०४/२२<br>जारी गर्ने कार्यालय : जि.प्र.का., रामेछाप |
| **सुरक्षणमा रहेको धितोको विवरणः** श्री मालपोत कार्यालय रामेछापमा राम बहादुर रोकाको नाममा दर्ता कायम रहेको रामेछाप जिल्ला, कठजोर -०४/४घ, स्थित कि.नं. १०१, १४८, २४०, २९०, २२७, २८९, १८०, २५६ र २४९ को क्षेत्रफल क्रमशः १८९९.८३, ११५.२६, १९९.७२,४७६.९४, ९९४.६३, ५०८.७४, ७९९.८७, ५०४.७७, ६०५.१२ व.मी. रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | **ख) नामः लिला माया बुढाथोकी रोका**<br>बाबुको नाम : वेख बहादुर बुढाथोकी<br>पतिको नामः राम बहादुर रोका<br>ससुराको नाम : गुप्त बहादुर रोका<br>ठेगाना : मन्थली-०५, रामेछाप, हालः मन्थली-०३, रामेछाप<br>ना.प्र.नं.: २१-०१-७२-०५३०५, जारी मितिः २०७२/१०/०८<br>जारी गर्ने कार्यालय : जि.प्र.का., रामेछाप |

| ऋणी/प्रोप्राईटर/जमानतकर्ताको विवरण | जमानतकर्ताको विवरण |
|---|---|
| **२. क) ऋणीः खजुरा मिनी पार्क एण्ड रिसार्ट उद्यान**<br>प्रा.फ.द.नं. : ६३/८४०५/०७७/७८<br>दर्ता गर्ने कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय, बाँके, नेपालगंज<br>दर्ता मिति :२०७७/०५/०९<br>ठेगानाः खजुरा गा.पा. वडा नं.-०४, बाँके<br>पान नं.: ६०७००४४४५<br>**ख) ऋणी/संचालक/जमानतकर्ताको नाम : टेक बहादुर श्रेष्ठ**<br>बाबुको नाम : मान बहादुर श्रेष्ठ<br>बाजेको नाम : सुभान सिंह श्रेष्ठ<br>ठेगाना : बागेश्वरी-०५, बाँके, हाल : खजुरा-०४, बाँके<br>ना.प्र.नं.: ०२८ /२०४, जारी मिति :२०५२/०२/०४<br>जारी गर्ने कार्यालयः जि.प्र.का., बाँके<br>**कर्जा लिएको शाखा : खजुरा, बाँके** | **क) नामः चम्पा कुमारी श्रेष्ठ**<br>बाबुको नामः इन्द्र बहादुर बुढा मगर<br>पतिको नामः टेक बहादुर श्रेष्ठ<br>ससुराको नामः मान बहादुर श्रेष्ठ<br>ठेगाना : बाँगेश्वरी-०५, बाँके<br>हाल : खजुरा-०४, बाँके<br>ना.प्र.नं. : १०/२०५४/१/१२२१७<br>जारी मितिः २०५८/१०/१९<br>जारी गर्ने कार्यालयः जि.प्र.का., बाँके<br>**ख) नाम : आशिष श्रेष्ठ**<br>बाबुको नाम : टेक बहादुर श्रेष्ठ<br>बाजेको नाम : मान बहादुर श्रेष्ठ<br>ठेगाना : खजुरा-०४, बाँके<br>ना.प्र.नं. : ६६-०१-७५-०५०२५<br>जारी गर्ने कार्यालय : जि.प्र.का., बाँके<br>जारी मिति : २०७५/०८/१७ |

**सुरक्षणमा रहेको धितोको विवरणः**
१) श्री मालपोत कार्यालय नेपालगंज, बाँकेमा श्री टेक बहादुर श्रेष्ठको नाममा दर्ता कायम रहेको बाँके जिल्ला, बागेश्वरी न.पा./गा.वि.स. वडा नं.६ स्थित कि.नं. ४०९ ,६१९ र ६१७ को क्षेत्रफल क्रमशः १७७७.५०, १७४८.१० र २४१३.५० बर्ग मिटर रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२) श्री मालपोत कार्यालय नेपालगंज, बाँकेमा श्रीमती चम्पा कुमारी श्रेष्ठको नाममा दर्ता कायम रहेको बाँके जिल्ला, वागेश्वरी न.पा./गा.वि.स. वडा नं.६ स्थित कि.नं. ५६४ को क्षेत्रफल ५०७.९६ बर्ग मिटर रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**शर्तहरु :**
१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयबाट यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९३०७४०१०५०१०१ को "SDBL– Other Non-Operating Income" मा रु ५००.००(अक्षेरुपी रु. पाँचसय रुपैंया मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको अधारमा भर्नु पर्नेछ ।
३. बोलपत्रदाताले आफूले लिन कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयमा यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९२०६५०१०७०५०१ को "SADBL– Auction Deposit (Lilami)" मा Manager's Cheque, Good For Payment Cheque वा नगदै जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संलग्न गरी यस डेभलपमेन्ट बैंकको सम्बन्धित शाखा कार्यालय वा केन्द्रीय कार्यालयमा रहेको कर्जा असुली इकाईमा पेश गर्नुपर्नेछ ।
४. लिलाम बिक्री हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथैं सोहि अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
५. बोलपत्र स्वीकृत भएको वा नभएको जानकारी बोलपत्रदातालाई गराईनेछ र बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले उक्त जानकारी पाए पछि बैंकले तोकेको समय मिति भित्र कबोल गरेको रकममा धरौटी रकम घटाई बाँकी सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको चल/अचल सम्पत्तिहरु आफ्नो नाँउमा नामसारी गरि लिनुपर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
६. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन । उक्त धरौटी रकममा कुनै ब्याज दिइने छैन ।
७. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा नै नीहित रहनेछ र अस्वीकृत गर्दा डेभलपमेन्ट बैंकले कुनै पनि कारण खुलाउनुपर्ने छैन ।
९. बोलपत्र सदर वा सुरक्षरणमा रहेको धितो नामसारी हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ र उक्त धरौटी रकममा कुनै ब्याज समेत प्रदान गरिने छैन ।
१०. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ ।
११. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु स्वयम् बोलकबोल दाताले व्यहोर्नु पर्नेछ ।



**Bheemdatt Municipality**
**Office of Municipal Executive**
**Kanchanpur**

**Invitation for Bid**

**(Date of Publication: 2082/12/12)**

1. Bheemdatt Municipality, Office of the Municipal Executive, Mahendranagar, Kanchanpur invites electronic bids from eligible bidders for following works:

| Contract Number | Description Procurement | Estimated Amount in NRs. (Excl. VAT) | Bid Security Amount (NRs) | Bid Documents Fee (NRs) | Last Date of Bid Submission | Date of Bid Opening |
|---|---|---|---|---|---|---|
| 55/NCB/ SSL2082/083 | Supply, Delivery and Installation of Street Solar Light in Bheemdatt Municipality. | NPR-1,46,09,139.96 | NPR-4,11,000.00 | 3,000.00 | 13th Baishakh 2083 At 12:00 PM | 13th Baishakh 2083, 13:00 PM |

2. Eligible Bidders may obtain further information at Bheemdatt Municipality, Office of Municipal Executive, Mahendranagar, Kanchanpur (Tel- 099-521322,521167) or may visit PPMO's website, http://bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**हकदावी गर्न आउने बारे सूचना**

यस कार्यालयमा मिति २०७८।०१।०८ मा दर्ता भएको प्रा.लि नं.२६२६९५ को अल्टिमेट डिटेलर नेपाल प्रा.लि नामक कम्पनीको दर्ता खारेजी गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ लिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**हकदावी गर्न आउने बारे सूचना**

यस कार्यालयमा मिति २०७०।०४।२९ मा दर्ता भएको प्रा.लि नं.११५१७१ को साबु इन्टरप्राईजेज प्रा.लि नामक कम्पनीको दर्ता खारेजी गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ लिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७१।०४।२२ मा दर्ता भएको **प्रा.लि. नं. १२५२८९** को **शोणितपुर टेडिङ्ग प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२।१२।११ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**घर नक्सा पास सम्बन्धमा जारी भएको सार्वजनिक सूचना**

**मिति : २०८२/१२/१२**

महालक्ष्मी नगरपालिका वडा नं.५ साविक टिकाथली वडा नं.२ स्थित लक्ष्मण प्रसाद योगीको नाममा दर्ता प्रमाणीत भएको टिकाथली गा.वि.स वडा नं.२ कित्ता नं. ४५८,४७७ क्षेत्रफल १३०.०० व.मी., १३.७२ व.मी.जग्गामा भवन निर्माण गर्न नक्सा पासको लागि मिति २०८२ साल फागुन ०८ गते महालक्ष्मी नगरपालिका वडा नं.५ कार्यालयबाट १५ दिने सूचना जारी गरेकोमा म्याद बारम्बार बुझाउन जाँदा संधियार सम्पर्क गर्न नसकिएकोले नक्सा पासको लागि १५ दिने सार्वजनिक सूचना जारी गरिएको छ।
उल्लेखित कित्ता जग्गामा घर निर्माण हुँदा तपाईं संधियारलाई बाधा तथा मर्का पर्ने भएमा समय अवधीभित्र महालक्ष्मी नगरपालिकाको ५नं. वडा कार्यालयमा निवेदन तथा संधियारको जानकारीको लागि सूचना गरिन्छ। यो सूचना प्रकाशित भएको १५ दिन भित्र कोही कसैले कुनै किसिमको दावी विरोध नभएमा नियमानुसार निवेदकको माग बमोजिम नक्सा पासको लागि महालक्ष्मी नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा सिफारिस भई जाने व्यहोरा समेत अनुरोध गरिन्छ।

**तपशिल :**
**पूर्व तर्फको संधियार :- कि.नं. ३१, उत्तर तर्फको संधियार :- कि.नं. ४७८**

**महालक्ष्मी नगरपालिका कार्यालय**
**५ नं. वडा कार्यालय, टिकाथली, ललितपुर।**

**नक्सा पास सम्बन्धमा जारी भएको १५ दिने सार्वजनिक सूचना**

**(मिति : २०८२/१२/१२)**

महालक्ष्मी नगरपालिका वडा नं. ८ साविक लामाटार गा.वि.स. ६ख, कित्ता नं. ८९५ क्षेत्रफल ९५.३९ वर्ग मिटर जग्गामा भवन निर्माण गर्न नक्सा पासको लागि २०८२ फागुन ११ गते महालक्ष्मी नगरपालिका वडा नं. ८ को कार्यालयबाट १५ दिने सूचना जारी गरेकोमा घर जग्गाको म्याद बारम्बार बुझाउन जाँदा सम्बन्धित तपशिलमा उल्लेखित संधियारहरुसँग सम्पर्क हुन नसकेकोले नक्सा पासको लागि १५ दिने सार्वजनिक सूचना जारी गरिएको छ।
उल्लेखित कित्ता जग्गामा घर निर्माण हुदाँ तपाई साँधसंधियारहरुलाई बाधा तथा मर्का पर्ने भएमा समय अवधिभित्र महालक्ष्मी नगरपालिकाको ८ नं. वडा कार्यालयमा निवेदन दिनुहुन तथा साँधसंधियारको जानकारीको लागि सूचित गरिन्छ। म्यादभित्र कसैको कुनै प्रतिक्रिया दावी विरोध प्राप्त नभएमा नियमानुसार निवेदकको माग बमोजिम नक्सा पासको लागि नगरपालिकामा सिफारिस भई जाने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपशिल :**
**दक्षिण तर्फ : रोस्निता मगर लामिछाने कि.नं. ५७७**
**पश्चिम तर्फ : रोस्निता मगर लामिछाने कि.नं. ५७७**

**महालक्ष्मी नगरपालिका कार्यालय**
**८ नं. वडा कार्यालय, लुभु, ललितपुर।**

## गम्भीर सुरक्षा...

अनौपचारिक रूपमै सार्वजनिक भएको र 'जनआस्था'बाट 'सौर्य'ले प्राप्त गरेको प्रतिवेदनमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली अभिभावकीय भूमिकामा रहेकाले त्यसबेलाको घटना रोक्नु उनको दायित्व भएकाले त्यसो गर्न नसक्नु ठुलो कमजोरी भएको आयोगले निष्कर्ष निकालेको छ।

प्रतिवेदनमा तत्कालीन प्रधानमन्त्री ओली, तत्कालीन गृहमन्त्री रमेश लेखक र तत्कालीन प्रहरी महानिरीक्षक चन्द्रकुबेर खापुङलाई मुख्य जिम्मेवार देखाउँदै १० वर्षसम्मको जेल सजाय हुनेगरी मुलुकी अपराध संहिता, २०७४ को दफा १८१ को उपदफा (१) र सोही संहिता, २०७४ को दफा १८२ अनुसार कारबाही सिफारिस गरेको छ। त्यस्तै, तत्कालीन गृहसचिव गोकर्णमणि दुवाडी, सशस्त्र बल नेपालका महानिरीक्षक राजु अर्याल, तत्कालीन राष्ट्रिय अनुसन्धान विभाग प्रमुख हुतराज थापा र तत्कालीन जिल्ला प्रशासन कार्यालय काठमाडौँका प्रमुख छविलाल रिजाललाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८२ को उपदफा (१) अनुसार ३ वर्षसम्म जेल हाल्न सिफारिस गरिएको छ। यसबाहेक नेपाल प्रहरीका ५, सशस्त्रका ३, राअविका २ र सेनाका ४ अधिकारीलाई पनि विभागीय कारबाहीको सिफारिस गरिएको छ।

तथ्य तथा तथ्यांक संकलनका लागि आयोगले स्थलगत अवलोकन तथा निरीक्षण गर्नुका साथै बयान, सोधपुछ तथा घटना विवरणका कागज संकलन गरेको थियो भने सरोकारवाला तथा विज्ञहरूसँग छलफल गरी बयानसमेत लिएको थियो। त्यस्तै, अडियो, भिडियो, सिसिटिभी, सिडिआर र बिटिएसमार्फत प्रमाण संकलन गर्दै प्रमाणहरूको परीक्षण तथा मूल्यांकन गरेको थियो। साथै, प्रत्यक्षदर्शी, पीडित तथा मृतकका आफन्तसँग अन्तर्क्रिया पनि गरेको थियो।

### मृतक ७६ मध्ये ५१ जनाको मृत्यु गोली लागेर

भदौ २३ र २४ मा भएको घटनाका कारण मृत्यु भएका ७६ जनामध्ये ५१ जनाको गोली लागेर, कुटपिटबाट ३ जना प्रहरी, विभिन्न व्यावसायिक प्रतिष्ठान एवं स्थलमा जलेर ९ जना र १ जना भारतीय नागरिकको हायात होटलको चौथौ तलाको झ्यालबाट हामफालेर मृत्यु भएको थियो भने १ जनाको मृत्यु के कारणले भयो भन्ने प्रष्टसँग खुल्न सकेको छैन। मृत्यु भएका ७६ जनामध्ये काठमाडौँमा ५४, सुनसरीमा २, झापामा ३, कास्कीमा ३, चितवनमा १, भक्तपुरमा १, ललितपुरमा २, बाँके (कारागार) ५, रामेछाप (कारागार) ३, धादिङ (कारागार) २ जनाको मृत्यु भएको र १२ जना मृतकको पहिचान खुल्न सकेको छैन।

### १० जना सुरक्षा अधिकारीलाई विभागीय कारबाही सिफारिस

हालका आइजिपी एवं तत्कालीन एआइजी दानबहादुर कार्कीको सवालमा आयोगले प्रहरी महानिरीक्षकसँगै बसेर आदेश दिएका कारण प्रहरी कार्यालयहरू जलाइएको तथा हतियार लुटिएकाले प्रहरी ऐन, २०१२ तथा प्रहरी नियमावली २०७१ को नियम १०९ को उपनियम (क) (२) अनुसार कारबाही गर्न सिफारिस गरिएको छ। यसका साथै एआइजी सिद्धिविक्रम शाह, डिआइजी ओमबहादुर राना, तत्कालीन काठमाडौँ प्रहरी प्रमुख तथा हालका डिआइजी विश्व अधिकारी, काठमाडौँ उपत्यका प्रहरी कार्यालय रानीपोखरीमा तत्कालीन कार्यरत प्रहरी वरिष्ठ उपरीक्षक दीपशम्शेर जबरा, प्रहरी उपरीक्षक ऋषिराम कँडेललाई पनि कारबाही सिफारिस गरिएको छ। भदौ २३ र २४ गते जिम्मेवारीमा रहेका यी पदाधिकारीहरू आफ्नो कर्तव्य पालनमा चुकेकाले प्रहरी ऐन, २०१२ को दफा ९ को उपदफा (४) तथा प्रहरी नियमावली २०७१ को नियम १०९ अनुसार कारबाही गर्न भनिएको छ।

त्यस्तै, सशस्त्र प्रहरी प्रधान कार्यालय हल्चोकका तत्कालीन अपरेसन कमान्डर अतिरिक्त महानिरीक्षक नारायणदत्त पौडेल, नायब महानिरीक्षक सुरेशकुमार श्रेष्ठ र सशस्त्र प्रहरीका एसपी जीवन केसीलाई सशस्त्र प्रहरी ऐन, २०५८ र सशस्त्र प्रहरी नियमावली २०७२ को नियम ११२ बमोजिम कारबाही गर्न सिफारिस गरिएको छ। राष्ट्रिय अनुसन्धान विभागतर्फका २ अधिकारीमाथि पनि विभागीय कारबाहीको सिफारिस आयोगले गरेको छ। भदौ २३ र २४ गतेका घटनासम्बन्धमा सही समयमा सूचना नदिएको भन्दै राअविका सहनिर्देशक कृष्णप्रसाद खनाल, सहअनुसन्धान निर्देशक रिबेनकुमार गच्छदारलाई नेपाल विशेष सेवा ऐन, २०४२ र नेपाल विशेष सेवा नियमावली (१९ औँ संशोधन सहित) २०४४ को नियम १०.२ बमोजिम कारबाही सिफारिस भएको छ।

### सेनाका ४ अधिकारी पनि कारबाही सिफारिसमा

देशका महत्वपूर्ण संरचना राष्ट्रपति भवन शीतल निवास, प्रधानमन्त्री निवास बालुवाटार, सिंहदरबार र संसद् भवनको सुरक्षा जिम्मा पाएका नेपाली सेनाका ४ कमान्डरहरूमाथि पनि कारबाही हुनुपर्ने आयोगको निष्कर्ष छ। जसमा राष्ट्रपति भवनको सुरक्षा जिम्मा पाएको सेनाको टोली प्रमुख सहायक रथी मनोज बैदवार, प्रधानमन्त्री निवासको सुरक्षा नेतृत्व गरेका प्रमुख सेनानी दिवाकर खड्का, सिंहदरबारको सुरक्षाका लागि खटिएको टोलीको नेतृत्व गरेका प्रमुख सेनानी गणेश खड्का र संसद् भवनको सुरक्षा जिम्मा पाएको टोलीको नेतृत्व गरेका सेनानी सन्तोष दुग्गल कारबाही सिफारिसमा परेका हुन्। सुरक्षा दिन तथा दिलाउन नसकेकाले उनीहरूलाई सैनिक ऐन, २०६३ को दफा १०५ को उपदफा (१) को देहाय (क) (७) बमोजिम नेपाली सेनाबाट कारबाही गर्न सरकारलाई सिफारिस गरेको छ।

**नेपाल सरकार**
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
**पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान**
**पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरा**

**बोलपत्र छनौटको आशयको सूचना।**

**प्रकाशित मितिः २०८२/१२/१२**

यस पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको मिति २०८२।०९।१३ र २०८२।०९।२० गते को सौर्य दैनिकमा प्रकाशित निम्नानुसारको बोलपत्र आह्वान सम्बन्धी सूचना बमोजिम म्याद भित्र पर्न आएका बोलपत्रहरु मध्ये यस प्रतिष्ठानबाट गठीत मूल्यांकन समितिबाट मूल्यांकन हुदाँ देहाय बमोजिमका बोलपत्र सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागी छनौट गर्ने निर्णय भई आएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | ठेक्का नम्बर / खरिदको विवरण | बोलपत्रदाताको नाम ठेगना | कबोल अंक (भ्याट, बाहेक) | कैफियत |
|---|---|---|---|---|
| 1 | PoAHS/G/NCB-32/2082-83 Procurement of Pshychiatry related Equipments | श्री Biomed International Pvt Ltd, Kathmandu | रु. २२,५०,०००/- | सारभुत रुपमा प्रभावग्राही बोलपत्र |
| 2 | PoAHS/G/NCB-29/2082-83 Procurement of Opthalmology related Equipments | श्री Biomed International Pvt Ltd, Kathmandu | रु. १८,४५,०००/- | |

**निर्देशक**

# Bhotekoshi Rural Municipality
## Office of the Rural Municipal Executive
Fulpingkatti, Sindhupalchok

**INVITATION FOR E-Bid**

**(First Date of Publication: 2082/12/12 (26/03/2026)**

Bhotekoshi Rural Municipality invites electronic bids from eligible bidders for the construction of works mentioned below under NCB procedures. Eligible Bidders may obtain further information through PPMO e-GP system www.bolpatra.gov.np/egp or may visit Bhotekoshi Rural Municipality website www.bhotekoshimun.gov.np.

| S. No. | Project Name | Contract ID | Last Date of Bid Submission | Date of Bid Opening | Bid validity period | Bid Security Amount | Bid Document Fee | Cost estimate inc. VAT & PS |
|---|---|---|---|---|---|---|---|---|
| 1. | Upgrading Works of Lalbirchok Bhairabkunda Sadak, Bhotekoshi-2, Sindhupalchok | BRM/W/NCB/ 082/083-12 | 2083/01/13 (26/04/2026) 12:00 hrs. | 2083/01/13 (26/04/2026) 13:00 hrs. | 90 days | NRs. 4,00,000.00 | NRs. 3,000.00 | NRs. 1,67,43,440.22 |

**Chief Administrative Officer**

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

दोस्रो पटक प्रकाशित मिति २०८२/१२/१२

यस कम्पनीको मिति २०८१।०९।२६ मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार साविक कम्पनी **सि.टि.एफ. कन्सल्टीङ प्रा.लि. (दर्ता नं. २१२३७१)** को नाममा रहेको सम्पुर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१।०९।२६ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **राष्ट्रिय पठन संस्कृति विकास तथा प्रकाशन केन्द्र प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

प्रथम पटक प्रकाशित मिति २०८२/१२/१२

यस कम्पनीको मिति २०८२।१२।०२ मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार साविक कम्पनी **शिलुकुण्ड कृषि फार्म प्रा.लि. (दर्ता नं. ९७५८३)** को नाममा रहेको सम्पुर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२।१२।०८ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **शिलुकुण्ड इको भिल्ला प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

तेस्रो पटक प्रकाशित मिति २०८२/१२/१२

यस कम्पनीको मिति २०८२।१२।०४ मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार साविक कम्पनी **एस.के. होम एप्लायन्स प्रा.लि. (दर्ता नं. ३२७८८२)** को नाममा रहेको सम्पुर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२।१२।०८ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **एस.के. बिजनेश हाउस प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

# Belaka Municipality
## Office of the Municipal Executive
Rampur, Udayapur
Koshi Province, Nepal

**Invitation for Electronic Bids**

**First Date of Publication: 2082/12/12 (26-03-2026)**

1. The Belaka Municipality office, invites Open Competitive Bidding electronic bids from eligible bidders for the following works under SQ/NCB Procedure:

| S.N. | Contract ID No. | Name of Project | Estimated Amount Without VAT with PS | Bid Security Amount (NRs.) | Fee for Bid Document (NRs.) | Last Date of Bid Submission | Bid Opening Date and Time | Bidding Procedure |
|---|---|---|---|---|---|---|---|---|
| 1 | 23/BELAKA/ SQ/W/2082-083 | Construction and Upgrading Work for Sikharmadi Rani Pandhera Sadak | 10,58,170.92 | 30,000.00/- | 1000/- | 10-04-2026; 12:00 | 10-04-2026, 13:00 | Sealed Quotation |
| 2 | 24/BELAKA/ SQ/W/2082-083 | Construction of Slab Culvert in Ekta Tole beside Bishnu Acharya house,Wada No 9 | 14,52,955.52 | 40,000.00/- | 1000/- | 10-04-2026; 12:00 | 10-04-2026, 13:00 | Sealed Quotation |
| 3 | 25/BELAKA/ SQ/W/2082-083 | Construction of Slab Culvert in Bharti Khola , Ward - 8 | 14,52,955.52 | 40,000.00/- | 1000/- | 10-04-2026; 12:00 | 10-04-2026, 13:00 | Sealed Quotation |
| 4 | 26/BELAKA/ NCB/W/ 2082-083 | Construction and Upgrading of Tankela Lamadipung Kaiyakuri Babala Deuraje Sadak ( Lamadipung and Deuraje Section), Suntala Bagan Sadak, Lokchirang Tankela Gufa Deuraje Sadak,Ward No.5, 6 & 7 | 35,47,438.32 | 1,00,000.00/- | 3000/- | 26-04-2026; 12:00 | 26-04-2026; 13:00 | National Competitive Bidding |
| 5 | 27/BELAKA/ GOODS/ NCB/2082-083 | Procurement & Supply of Heavy Zinc Coated Gabion Boxes and NP3 Humepipe | | 75,000.00/- | 3000/- | 26-04-2026; 12:00 | 26-04-2026; 13:00 | National Competitive Bidding |

2. Eligible Bidders may refer complete set of Bid Document for further information at PPMO'S website www.bolpatra.gov.np/egp. And Bidders shall have the option of submitting their bids electronically only.

**Chief Administrative Officer**

**वन सम्बर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्ययोजना तयारीको लागि प्रस्ताव माग गरिएको सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति :- २०८२।१२।१२**

यस वन उपभोक्ता समूहले संरक्षण र व्यवस्थापन गर्दै आएको जिल्ला नवलपरासी (ब.सु.पू.) देवचुली न.पा. वडा नं. १७ स्थित करिब **३६०.२१** हेक्टर क्षेत्रफल रहेको यस सामुदायिक वनको विस्तृत सर्वेक्षण गरी **गण्डकी प्रदेशको वन संम्बर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन निर्देशिका-२०८२** बमोजिम **सामुदायिक वन व्यवस्थापन कार्ययोजना** तयारी गर्नुपर्ने भएकोले सो कार्य गर्नसक्ने इच्छुक व्यक्ति वा परामर्शदाता संस्थाबाट संक्षिप्त प्रस्ताव पेश गर्न यो ३० दिने सूचना प्रकाशन गरिएको छ। यस कार्यको लागि तयार पारिएको कार्यसूची तथा अन्य विस्तृत जानकारी समूहको कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

**प्रस्ताव पेश गर्नुपर्ने अन्तिम मिति : २०८३।०१।११**
**स्थान : देवचुली न.पा. १७, समूहको कार्यालय**
**समय : दिनको ३:०० बजे सम्म।**

श्री चौतारी सामुदायिक वन उपभोक्ता समूह
देवचुली न.पा.- १७, नवलपरासी (ब.सु.पू.)

# त्रियुगा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
गाईघाट, उदयपुर

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना संशोधन गरिएको !!**

यस कार्यालयबाट मिति २०८२ चैत्र ०९ गतेको सौर्य दैनिकमा प्रकाशित त्रियुगा नगर अस्पताल निर्माण सम्वन्धी बोलपत्र स्वीकृत गर्ने विषयको सुचनामा बोलपत्र नं.18-TM/UDA/2082-083 हुन पर्नेमा भुलवस अन्यथा हुन गएको हुँदा सो बोलपत्र नं. यसै सूचनाबाट सच्याइएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

**प्रमुख प्रशासकीय अधिकृत**

# चीनले नेपालको आर्थिक रूपान्तरणमा सहकार्य गर्ने

■ सौर्य समाचार



काठमाडौँ । चीनले आर्थिक रूपान्तरण र विकासको यात्रामा नयाँ सरकारसँग सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । नेपालका लागि चिनियाँ राजदूत चाङ माओमिङले चीन नेपालसँगको सम्बन्ध थप सुदृढ बनाउन आफूहरू तयार रहेको बताएका हुन् । चीनको १४औँ राष्ट्रिय जन कंग्रेसको चौथो अधिवेशनबारे जानकारी दिँदै मंगलबार राजदूत चाङ माओमिङले चीनले नेपालसँग पर्यटन, लगानी र पूर्वाधारमा साझेदारी एवं सहकार्य बढाउने बताएका हुन् ।

वर्षौंदेखि नेपालको सहयोगी बन्दै आएको चीनले नेपाली जनताको चाहनाअनुरूप सधैँ सहयोग गर्ने, नेपालको सामाजिक-आर्थिक विकासलाई केन्द्रमा राखेर विगतदेखि गर्दै आएको सहयोगलाई निरन्तरता दिने तथा सन् २०१९ मा चिनियाँ राष्ट्रपति सी चिनफिङको नेपाल भ्रमणका बेला भएका सहमतिहरूको कार्यान्वयनमा उनले जोड दिए । नेपालको आर्थिक-सामजिक उन्नयनमा जलस्रोत र पर्यटन क्षेत्रमा पर्याप्त सम्भावना रहेको उल्लेख गर्दै राजदूत चाङले पर्यटनसँग सम्बन्धित भौतिक पूर्वाधार सुधार गर्नसके अधिकभन्दा अधिक चिनियाँ पर्यटक नेपाल भित्र्याउन सकिने बताए ।

चिनियाँ लगानीकर्ताले नेपालमा होटल तथा रेस्टुराँ क्षेत्रमा लगानी गर्न रुचि देखाए पनि लगानीको सुरक्षा, नीतिगत स्पष्टता तथा प्रशासनिक सहयोगको अभावका कारण केही कठिनाइ भएको उनको गुनासो थियो । उनले भने, 'हाम्रा लगानीकर्ताले प्रशासनिक झन्झटका कारण नेपालमा काम गर्न असहज भएको छ ।' अब बन्ने सरकारले यस्ता समस्या हल गर्नेमा आफू आश्वस्त रहेको उनले बताए । चिनियाँ राजदूतले पर्यटनलाई आर्थिक विकासको वाहकका रूपमा उच्च प्राथमिकतामा राखेर दुवै देशले सहकार्य गर्न सके छोटो समयमै नेपालको आर्थिक विकास सम्भव हुने धारणा व्यक्त गरे ।

साथै उनले चिया प्रशोधन, प्याकेजिङ र ब्रान्डिङलाई नेपालको आर्थिक उन्नतिको अर्को सम्भावित क्षेत्रका रूपमा औँल्याउँदै यस क्षेत्रमा पनि चिनियाँ सहयोग आकर्षित गर्न सकिने उनले बताए । चीनले हासिल गरेको प्राविधिक प्रगतिको लाभ नेपालले पनि लिन सक्ने उल्लेख गर्दै हरित विकासलाई प्राथमिकतामा राखेर त्यससँग सम्बन्धित व्यवसाय प्रवर्द्धन गर्न सकिने बताउँदै चिनियाँ कूटनीतिज्ञले व्यापार र लगानीसँग सम्बन्धित नीतिगत व्यवस्था एकीकृत रूपमा एउटै स्थानबाट उपलब्ध गराउन सके चिनियाँ लगानीकर्ताको आकर्षण बढ्ने बताए ।

२ वटा मात्र छिमेकी भएकाले सन्तुलित परराष्ट्र नीति कार्यान्वयन गर्न नयाँ सरकारलाई कठिन नहुने राजदूत चाङको बुझाइ छ । जनचाहनाअनुसार नीति तथा कार्यक्रम निर्माण गर्दै नयाँ सरकारले नेपाली जनताको जीवनस्तर सुधार गर्ने तथा विकासका चाहना पूरा गर्ने विश्वास पनि उनले व्यक्त गरे । उनले कालापानी नेपाल र भारतबीचको द्विपक्षीय विषय भएको उल्लेख गर्दै वार्ताको माध्यमबाट यो समस्याको समाधान खोजिनुपर्ने र चीनलाई आरोप लगाउन नहुने स्पष्ट गरे । परराष्ट्र सचिवस्तरको नेपाल-भारत संयन्त्रलाई सक्रिय बनाएर समस्या समाधान गर्न सकिने उनको भनाइ थियो ।

बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई) नेपालको आर्थिक विकासमा सहयोगी हुने विश्वास व्यक्त गर्दै चिनियाँ राजदूतले कृषि, पूर्वाधार विकास तथा लगानी विस्तारलाई आफ्नो मुलुकले प्राथमिकता दिएको बताए । चीनले नेपाललाई दिएको कर छुट सुविधाको अधिकतम उपयोग गर्नुपर्नेमा जोड दिँदै उनले हाल कृषिजन्य वस्तुमा सीमित निर्यातलाई अन्य उत्पादनतर्फ विस्तार गर्न चीन तयार रहेको जानकारी दिए । व्यापार विस्तारको प्रशस्त सम्भावना रहेको भन्दै उनले द्विपक्षीय साझेदारीलाई केन्द्रमा राखेर काम गरिरहेको बताए । राजदूत चाङले भने, 'विभिन्न क्षेत्रमा चीनले पुऱ्याउँदै आएको सहयोगले द्विपक्षीय सम्बन्धलाई व्यावहारिक र परिणाममुखी बनाएको छ । साथै नेपाल एक चीन सिद्धान्तमा दृढ रहेको छ, जसलाई चीनले उच्च महत्त्व दिँदै आएको छ ।'

नेपाल-चीन सम्बन्ध बहुआयामिक सहकार्यतर्फ उन्मुख हुँदै गएको 'ट्रान्स-हिमालयन बहुआयामिक कनेक्टिभिटी सञ्जाल' को अवधारणाले नेपाललाई भूपरिवेष्टित नभई भूजडित राष्ट्रमा रूपान्तरण गर्ने लक्ष्य लिएको बताउँदै चिनियाँ राजदूतले प्रस्तावित केरुङ-काठमाडौँ रेलमार्ग, कोदारी-झाङ्मु सडक स्तरोन्नति, सीमापार सुरुङ तथा उत्तर-दक्षिण आर्थिक करिडोर विस्तारजस्ता परियोजना दुवै देशका निम्ति लाभप्रद हुने विश्वास व्यक्त गरे ।

सीमापार व्यापार प्रवर्द्धनका लागि तातोपानी-झाङ्मु तथा रसुवागढी-नाकाको स्तरोन्नति, सुक्खा बन्दरगाह तथा हवाई कनेक्टिभिटी विस्तार, पोखरा र गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमार्फत उडान विस्तार, बेइजिङ र काठमाडौँबीच सिधा हवाई सम्पर्क विस्तार गरी पर्यटन प्रवर्द्धनमा उनले जोड दिए । उनका अनुसार सन् २०१७ मा नेपाल बिआरआईमा सहभागी भएपछि पूर्वाधार, व्यापार र कनेक्टिभिटीमा सहकार्य अझ सुदृढ भएको छ । यो सहकार्यले ऊर्जा, स्वास्थ्य, शिक्षा, खेलकुद, तथा सांस्कृतिक क्षेत्रमा समेत सकारात्मक प्रभाव पारेको छ भने सीमा व्यवस्थापन, सुरक्षा सहकार्य तथा अवैध गतिविधि नियन्त्रणमा पनि दुवै देशबीच समन्वय र साझेदारी भइरहेकामा उनले खुसी व्यक्त गरे ।

## सामूहिक बलात्कार...

'इनिशा बेहोस भएपछि अस्पताल लैजान साथीहरूको सहयोग मागेको हो । मेरै आग्रहमा साथीहरू घटनास्थल आएका हुन्,' उनको बयान उद्धृत गर्दै प्रहरी अधिकारीले भने । सिसिटिभी फुटेजमा पनि बिहान ६ बजे इनिशा र उनका प्रेमी भनिएका गौली मात्रै गएको देखिएको छ ।

सुर्खेतको उषा बालबाटिका विद्यालयमा ११ कक्षामा अध्ययनरत इनिशाको घरपरिवार र आफन्तले सामूहिक बलात्कारपछि हत्या गरिएकोले इनिशाको हत्यामा संलग्नलाई कारबाही हुने विश्वस्त वातावरण नभएको भन्दै दबाब बढाइरहेका छन् । इनिशा हत्यामा जिल्ला प्रहरी कार्यालय सुर्खेतले प्रारम्भिक अनुसन्धान पूरा गरेपछि थप अनुसन्धानका लागि सिआइबीको टोली वीरेन्द्रनगर पुगेर थप प्रमाण संकलन तथा अनुसन्धान गरेको थियो । मृतकको पोस्टमार्टम रिपोर्टअनुसार बलात्कारपछि अत्यधिक रक्तस्रावका कारण इनिशाको मृत्यु भएको देखिएको प्रहरीले जनाएको छ । सुर्खेत गुर्भाकोट बडाखाली घर भएकी १६ वर्षीया इनिशा वीरेन्द्रनगरमा बस्दै आएकी थिइन् ।

## कांग्रेसको १५ औं...

महामन्त्रीद्वय गुरुराज घिमिरे र प्रदीप पौडेललाई भ्रातृ संस्थाहरूको अधिवेशन तथा पुनर्गठनलगायत कामको जिम्मेवारी दिइएको छ । बैठकले लेखा समिति संयोजकमा भरत साहलाई तोकेको छ ।

बैठकले पार्टीको आन्तरिक एवं बाह्य अवस्थालगायत सबै पक्षको अध्ययन गरी अबको बाटो तय गर्न पार्टी सभापति थापालाई जिम्मेवारी दिएको छ । कांग्रेसले २०४८ सालदेखि राज्यका सार्वजनिक पदमा उच्च तहमा रहेका सबै व्यक्तिको सम्पत्ति छानबिन गर्न अबिलम्ब उच्चस्तरीय अधिकार सम्पन्न आयोग गठन गर्न र अवैध रूपमा आर्जित सम्पत्ति राष्ट्रियकरण गर्न माग गरेको छ । त्यस्तै २०४६ देखि २०८२ सम्मको विभिन्न भ्रष्टाचार तथा अधिकार दुरुपयोगका काण्डहरुको छानबिन गर्न र जेनजी आन्दोलनमा नेताका घरमा आगजनीमा रकम जलेको विषय पनि छानबिन गरी वास्तविकता बाािहर ल्याउन माग गरेको छ । यस्तै, कांग्रेसबाट निर्वाचित सांसदहरूलाई १४ चैतमा संसदीय अभ्यास, प्रक्रिया एवं प्राथमिकता तथा पार्टीको प्रतिज्ञाका बारेमा अभिमुखीकरण गरिने भएको छ ।

## UAE मा रोजगार

Cleanco Trading, Importing & Services Llc - Sole Proprietorship L.L.C.

पुनः विज्ञापन, पुर्व स्वीकृती मितिः २०८१/५/५ चलानी नं.: ६०२२४४२८ LT No.: 309187

| सि. नं. | कामदारको पद | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cleaner Female | 200 | साधारण | 900 | ३६,७२०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ बर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. २,१००/- कामदार आफैले | निःशुल्क |

अन्तरवार्ता २०८२ चैत्र १९ गते (2 April, 2026) यस प्रा. लि. को कार्यालय, कुपन्डोल, ललितपुरमा हुनेछ ।

AIR KINGS PLACEMENT PVT. LTD.
Kupondole, Lalitpur, Nepal. Tel.: 01-5524006, 5427196
Gov. Lic No. 712/064/065

## नेपाल विद्युत प्राधिकरण
### सुदूरपश्चिम प्रादेशिक कार्यालय, अत्तरिया
### बोलपत्रमा संशोधन गरिएको सूचना

**सूचना प्रकाशित मिति : २०८२।१२।१२**

यस प्रादेशिक कार्यालयले शुरक्षागार्ड आपुर्तिका लागि आव्हान गरेको बोलपत्र नं. **NEA/SPO-082/083-SG-01** को बोलपत्र कागजातको दफा २ को (ञ) र दफा १७ को (ञ) मा "बिगत ३ बर्षभित्रमा एकै पटकमा नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संस्थामा समान प्रकृतिका कम्तिमा १४५ जना कामदारहरु आपूर्ति गरेको हुनुपर्ने" भन्ने उल्लेख भएकोमा सोमा केहि संसोधन गर्नुपर्ने देखिएकोले उक्त दुबै दफामा संसोधन गरि "बिगत १० बर्षभित्रमा कुनै एक आर्थिक बर्षमा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संस्थामा समान प्रकृतिका कम्तिमा १४५ जना कामदारहरु आपुर्ति गरेको हुनुपर्ने" भनी संसोधन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# एडिबीद्वारा वित्तीय सहायता प्याकेज घोषणा




■ सौर्य समाचार

काठमाडौँ । मध्यपूर्वमा जारी युद्धको कारण उत्पन्न आर्थिक तथा वित्तीय प्रभावहरूको न्यूनीकरण गर्न एसियाली विकास बैंक (एडिबी)ले सहायत प्याकेज घोषणा गरेको छ । एडिबीले विभिन्न देशहरूलाई तत्कालका दबाबहरू व्यवस्थापन गर्न र दीर्घकालीन उत्थानशीलता सुदृढ गर्न ुत, लचिलो सहायता उपलब्ध गराउने जानकारी दिएको हो । विशेषगरी अत्यावश्यक वस्तुहरूको (तेलसमेत) आयात सुनिश्चित गर्न छिटो निकासा हुने बजेट सहायता तथा व्यापार र आपूर्ति शृंखला वित्तपोषण पर्ने एडिबीले जनाएको छ ।


एडिबीका अध्यक्ष मासातो कान्डाले विश्वव्यापी अनिश्चितताको घडीमा एसिया र प्रशान्त क्षेत्रलाई सहयोग गर्दै आएको विगतको ट्र्याक रेकर्डलाई थप मजबुत बनाउने काम अहिलेको प्याकेजले गर्ने बताएका छन् । उनका अनुसार एडिबीसँग हाल सञ्चालित र योजनाबद्ध कार्यहरूलाई सुरक्षित राख्न पर्याप्त स्रोतसाधन रहेको छ । विकासशील सदस्य राष्ट्रहरूको आवश्यकता अनुरूप काउन्टरसाइक्लिकल (चक्रीय-प्रतिकूल) ऋण बफरको उपयोग गर्दै आपतकालीन सहायता विस्तार गर्न बैंक सक्षम भएको एडिबीले जनाएको छ । एडिबीको पछिल्लो विश्लेषणले देखाएअनुसार सिपिङ मार्गहरूमा (पानीजहाजको रुटमा) भएको अवरोधले गर्दा लागत र डेलिभरी समय पहिले नै बढिसकेको छ, भने आपूर्तिको जोखिम ऊर्जाबाट अघि बढेर पेट्रोकेमिकल्स र मल जस्ता प्रमुख औद्योगिक कच्चा पदार्थसम्म फैलिएको छ । एडिबीको अध्ययनअनुसार पर्यटन र रेमिट्यान्समा निर्भर अर्थतन्त्रहरूले यी प्रारम्भिक झट्काहरूभन्दा बाहिर थप जटिल जोखिमहरूको सामना गरिरहेको देखिएको छ ।

यसका अतिरिक्त द्वन्द्वले यस क्षेत्रभरि अनिश्चितता बढाइरहेको छ र वित्तीय अवस्थाहरूलाई कसिलो बनाउँदा मुद्राहरू र पुँजी प्रवाहमा दबाब सिर्जना गरेको उल्लेख छ । यस्ता समस्या समाधान गर्न एडिबीले विकासशील सदस्य राष्ट्रहरूलाई जोखिम व्यवस्थापन गर्न, समष्टिगत आर्थिक स्थिरता कायम राख्न र जोखिममा परेका जनसंख्याको सुरक्षा गर्न समयमै वित्तीय र प्राविधिक सहयोग परिचालन गर्न तयार भएको जनाएको छ ।

एडिबीको यो प्याकेज २ भागमा विभाजन गरिएको छ । बढ्दो वित्तीय दबाबको सामना गरिरहेका विकासशील सदस्य राष्ट्रहरूलाई मद्दत गर्न छिटो निकासा हुने बजेट सहायता दिने जनाएको छ । त्यस्तै, एडिबीको 'व्यापार र आपूर्ति शृंखला वित्तपोषण कार्यक्रम' का लागि सहायता दिने जनाएको छ ।

ऊर्जा र खाद्यान्न लगायतका महत्त्वपूर्ण आयातहरूको निरन्तरता सुनिश्चित गर्न निजी क्षेत्रलाई सहयोग गर्ने बताएको छ । सीमित अवधिका लागि मात्र एक अपवादको रूपमा यस कार्यक्रमअन्तर्गत तेल आयातका लागि दिइने सहायतालाई पुनः सक्रिय गर्ने निर्णय एडिबीले गरेको छ ।

# साओमी १७ अल्ट्राको प्रि-अर्डर सुरु




■ सौर्य समाचार

काठमाडौँ । विश्वको अग्रणी प्रविधि ब्रान्ड साओमीले आफ्नो उत्कृष्ट प्रदर्शन गर्ने मोबाइलमध्ये एक साओमी १७ अल्ट्राको प्रि-अर्डर औपचारिक रूपमा नेपालमा सुरु भएको घोषणा गरेको छ । अल्ट्रा, पातलो डिजाइन, उच्च कार्यक्षमता र उत्कृष्ट प्रदर्शनका लागि परिचित यो फोन आफ्नो श्रेणीमा अत्यन्तै मन पराइने स्मार्टफोनमध्ये एक हो । नेपाली बजारमा १६ जिबी र्‍याम र ५१२ जिबी स्टोरेज भेरियन्टमा उपलब्ध यस फोनको मूल्य १ लाख ९९ हजार ९९९ रुपैयाँ तोकिएको छ । कम्पनीका अनुसार यो प्रि-अर्डर अफर मार्च २५ देखि ३१ सम्म मात्र लागू हुनेछ ।

यस प्रि-अर्डर अवधिमा ग्राहकहरूले साओमी १७ अल्ट्रा खरिद गर्दा ३ विशेष अफरहरूमध्ये कुनै एक रोज्न सक्नेछन् । ग्राहकले १० हजार रुपैयाँ तत्कालै क्यासब्याक प्राप्त गर्न सक्नेछन् वा ३९ हजार ९९९ रुपैयाँ पर्ने साओमी वाच एस ४ (४१ एमएम) मात्र २४ हजार ९९९ रुपैयाँमा खरिद गर्न पाउनेछन् । त्यस्तै, तेस्रो विकल्पको रूपमा १५ हजार ९९९ रुपैयाँ मूल्य बराबरको साओमी बड्स ५ निःशुल्क प्राप्त गर्न सकिने सुविधा कम्पनीले उपलब्ध गराएको छ ।

## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय चोरमारा, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)का तपसिलमा उल्लेखित ऋणीहरु तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकाशित मिति २०८२/१२/१२ गते बिहिबारको सौर्य राष्ट्रिय दैनिक)**

यस बैंक (साबिक सेञ्चुरी कमर्सियल बैंक लि.) को तपसिलमा उल्लेखित ऋणीहरुले बिभिन्न शिर्षक अन्तरगत लिनुभएको ऋण कर्जा रकम चुक्ता भुक्तान गर्ने अवधि समाप्त भईसक्दा पनि बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएकोले यस बैंकबाट पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा बैंकले कर्जा असुलीका लागि मिति २०८२/०४/२९ गते बिहीबारको हुलाकीपत्र राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई ऋण कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने वारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचनाहरु वमोजिम कर्जा चुक्ता भुक्तान नगरेको तथा धितो बापतको सम्पत्ति लिलाम विक्री हुन नसकेकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपशिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय **चोरमारा, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचकना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात् मिति २०८२/१२/२७ गते शुक्रबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) शाखा कार्यालय **चोरमारा, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)मा** दिनको ठीक १:०० (एक) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध) दिन भित्र उक्त बाँकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा व्यक्तिगत जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित चल/अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लेखित चल/अचल जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

**१. ऋणी :** नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासीमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७१/१०/१९ मा प्रा.फ.र.नं. ११०३/७५६६/०७१ मा दर्ता कायम भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजस्व कार्यालय भरतपुर, करदाता सेवा कार्यालय कावासोती, नवलपरासीबाट मिति २०७१/१०/१९ मा करदाताको नाम संध्या वि.क. कारोवारको नाम न्यू आदर्श सप्लायर्स भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०२०५४३८४ को प्रमाणपत्र प्राप्त **न्यू आदर्श सप्लायर्स** ।

**रजिष्ट्रर्ड ठेगाना :** नवलपरासी जिल्ला, नारायणी गा.वि.स.वडा नं. ८, भई हालको ठेगाना नवलपरासी (बर्दघाट सुस्ता पुर्व) जिल्ला, मध्यविन्दु नगरपालिका वडा न ४, मदनपुर ।

**प्रोप्राइटर तथा जमानतकर्ता : संध्या वि.क.**
(ना.प्र.नं ३६२०२९/५८४, जारी मिति २०६६।०७।११, जारी गर्ने कार्यालय जि.प्र.का. नवलपरासी) । स्थाई ठेगानाः नवलपरासी जिल्ला नारायणी गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल नवलपरासी (बर्दघाट सुस्ता पुर्व) जिल्ला मध्यविन्दु न.पा. वडा नं. ४, मदनपुर ।
बाबु : अमर सिंह वि.क. ।
पति : गिरमान वि.क. । ससुरा : दुर्गा बहादुर कामी ।

**जमानतकर्ता : गिरमान वि.क.**
(ना.प्र.नं. २४०५६, जारी मिति २०५८।०९।०९, जारी गर्ने कार्यालय जि.प्र.का. नवलपरासी, प्रतिलिपी जारी मिति २०७६।०७।२६, जारी गर्ने कार्यालय जि.प्र.का. नवलपरासी) ठेगानाः नवलपरासी (बर्दघाट सुस्ता पुर्व) जिल्ला मध्यविन्दु न.पा. वडा नं. ४, मदनपुर । बाबु : दुर्गा बहादुर कामी ।
बाजे : पदम बहादुर ।

**जमानतकर्ता : दुर्गा बहादुर कामी**
(ना.प्र.प.नं १९३०२, जारी मिति २०३६/०१/१६, प्रतिलिपी जारी मिति २०७६।०७।२६, जारी गर्ने कार्यालय जि.प्र.का. नवलपरासी) । ठेगाना : नवलपरासी (वर्दघाट सुस्ता पुर्व) जिल्ला मध्यविन्दु नगरपालिका वडा नं. ४, मदनपुर ।
बाबु : पदम बहादुर कामी ।
बाजे : छबी लाल कामी ।

**ख. लिलाम बिक्री हुने सम्पत्तिको विवरण :**
१. दुर्गा बहादुर कामीको नाममा मालपोत कार्यालय कावासोती, नवलपरासीमा दर्ता श्रेष्ता कायम रहेका नवलपरासी जिल्ला तम्सरिया गा.वि.स. वडा नं. २, नक्सा सिट नं. २क, कित्ता नं. ६७६ र ८८२ को क्षेत्रफल ०-१-० र ०-०-१० (बिघा)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत........१
२. ऋणी **न्यू आदर्श सप्लायर्स**को स्टक तथा चालु सम्पतिहरु उपर हाइपोथिकेसन सुरक्षण ....१

**पुनश्च :**
१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा शाखा कार्यालय, चोरमारा, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) बाट** प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा शाखा कार्यालय, चोरमारा, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. : ०१-५७१९०००**

## नागार्जुन नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### हरिसिद्दि, सितापाईला
### बागमती प्रदेश, नेपाल
### विद्युतीय बोलपत्र तथा शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

**प्रकाशन मितिः २०८२/१२/१२**

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट हुने तपसिल अनुसारको आपूर्तिका लागि इजाजत प्राप्त आपूर्तिकर्ता तथा निर्माण कार्यको लागि इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट रितपूर्वकको १५ दिने विद्युतीय बोलपत्र तथा शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना प्रकाशित गरिएको छ । सोको विस्तृत विवरण PPMO को website :www.bolpatra.gov.np/egp मा हेर्न सकिने छ ।

**तपसिल**

| S. N. | Contract Identification no. | Name of project | Estimated Amount (With VAT and PS) | Bid Security Amount (NRs.) | Bid Document fee (Nrs.) | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | Nagarjun/SQ/G/Re-06/2082-83 | Supply and Delivery of Laboratory Chemicals and Reagents at Nagarjun Hospital | - | 62,000/- | 1000/- | प्रथम पटक प्रकाशित मितिः२०८२/१०/१३ दोश्रो पटक प्रकाशित मितिः२०८२/११/१५ |
| 2. | Nagarjun/NCB/W/Re-41/2082-83 | Additional Works at Harisiddhi Temple | 20,18,208.28 | 52,000/- | 3000/- | प्रथम पटक प्रकाशित मितिः२०८२/११/१० |

**प्रमुख प्रशासकीय अधिकृत**

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation

## Babai Irrigation Project

Baidi, Bardiya

**Invitation for Electronic Bids**

**Date of Publication: 2082/12/12 (26 March 2026)**

1. Government of Nepal (GoN) Ministry of Energy, Water Resources and Irrigation, Department of Water Resources and Irrigation, Babai Irrigation Project, Baidi, Bardiya invites electronic bids from eligible bidders for the following contracts under National Competitive Bidding procedure.

| S.N. | Name of Works | Contract Id | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) | Bid Security Period/Bid Security Validity Period | Last Date & Time of Bid Submission | Estimate amount without VAT and PS |
|---|---|---|---|---|---|---|---|
| 1 | Canal maintenance works on Babai Irrigation Eastern Canal systems | BIP/Works/ NCB-01/2082/83 | 680,000.00 | 5,000.00 | 90 days/120 days from last date of bid submission | 26 April 2026 till 12:00 Hrs. | |
| 2 | Fencing works on different chainages of the canal banks of Babai Irrigation System | BIP/Works/ NCB-02/2082/83 | 160,000.00 | 3,000.00 | 90 days/120 days from last date of bid submission | 26 April 2026 till 12:00 Hrs. | 6,036,672.18 |

2. Eligible Bidders may obtain further information from PPMO's website www.bolpatra.gov.np/egp.
3. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Project Director**

Government of Nepal
Ministry of Water Supply
Department of Water Supply and Sewerage Management

## Water Supply and Sewerage Management Office

Dadeldhura

**Invitation of Bids**

**Date of 1st publication: 26-March-2026 AD (12-Chaitra-2082 BS)**

The Water Supply and Sewerage Management Office, Dadeldhura invites sealed quotations from registered Suppliers for the supply and delivery of Supply and delivery of PE 100 HDPE pipe under Sealed Quotation Bidding Procedures as mentioned below:

| S. N. | Contract Identification No. | Description of Works | Estimated Amount Including VAT | Bid Security Amount, (NRs.) | Bid Document Fee, (NRs.) | Bid Submission Deadline |
|---|---|---|---|---|---|---|
| 1. | SQ/G/06/2082-83/ WSSMO/Dadeldhura | Supply and Delivery of PE 100 HDPE pipe for different WSPs of Bajhang District | 14,21,237.52 | 30,000.00 | 1,000.00 | 10-April-2026 AD 12:00 Hrs. |
| 2. | SQ/G/07/2082-83/ WSSMO/Dadeldhura | Supply and Delivery of PE 100 HDPE pipe for different WSPs of Darchula District | 14,44,497.67 | 30,000.00 | 1,000.00 | 10-April-2026 AD 12:00 Hrs. |
| 3. | SQ/G/08/2082-83/ WSSMO/Dadeldhura | Supply and Delivery of PE 100 HDPE pipe for different WSPs of Achham and Bajura District | 18,81,157.92 | 40,000.00 | 1,000.00 | 10-April-2026 AD 12:00 Hrs. |

For further Information Contact at Water Supply and Sewerage Management Office, Dadeldhura. Or visit from PPMO's e-GP portal (www.bopatra.gov.np/egp.)

**Office Chief**

## हिमा गाँउपालिका

## गाँउ कार्यपालिकाको कार्यालय

कालिकाखेतु, जुम्ला
कर्णाली प्रदेश, नेपाल

**आशयको सूचना गरिएको सम्बन्धी सूचना**

**सूचना प्रकाशित मिति: २०८२।१२।१२**

यस हिमा गाँउपालिकाबाट तपशिल बमोजिमको मितिमा तपसिल बमोजिमको निर्माण कार्यको वोलपत्र आह्वान सूचना प्रकाशन गरिए अनुसार पर्न आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्रदाता न्यूनतम, मुल्याङकित सारभूतरुपमा प्रभाबग्राही ठहर हुन आएकोले, स्वीकृतीको लागि सिफारिस भएकोमा सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ।

**तपसिल:**

| सि.नं. | ठेक्का नं. | योजनाको नाम | सूचना प्रकाशित मिति | स्वीकृत बोलपत्रदाता | कबोल अंक (भ्याट सहित) |
|---|---|---|---|---|---|
| १ | HRM/NCB/W/ 2082/83/05 | स्वास्थ्य संस्थाको भवन निर्माण | २०८२।११।०५ | Kalika Devi Nirman Sewa, Khandachakra Kalikot | ५६४५२००.०३ |

**नि:प्रमुख प्रशासकीय अधिकृत**

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation

## Department of Water Resources and Irrigation

Babai Irrigation Project
Baidi, Bardiya

**Invitation for Electronic Bids**

**Date of Publication: 2082/12/12 (26 March 2026)**

1. Government of Nepal (GoN) Ministry of Energy, Water Resources and Irrigation, Department of Water Resources and Irrigation, Babai Irrigation Project, Baidi, Bardiya invites electronic bids from eligible bidders for the following contracts under National Competitive Bidding procedure.

| S. N. | Name of Works | Contract Id | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) | Bid Security Period/Bid Security Validity Period | Last Date & Time of Bid Submission | Estimate amount without VAT and PS |
|---|---|---|---|---|---|---|---|
| 1 | Canal maintenance works on Babai Irrigation Eastern Canal systems | BIP/Works/ NCB-01/2082/83 | 680,000.00 | 5,000.00 | 90 days/120 days from last date of bid submission | 26 April 2026 till 12:00 Hrs. | |
| 2 | Fencing works on different chainages of the canal banks of Babai Irrigation System | BIP/Works/ NCB-02/2082/83 | 160,000.00 | 3,000.00 | 90 days/120 days from last date of bid submission | 26 April 2026 till 12:00 Hrs. | 6,036,672.18 |

2. Eligible Bidders may obtain further information from PPMO's website www.bolpatra.gov.np/egp.
3. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Project Director**

## उद्योग वाणिज्य महासंघमा चुनावी सरगर्मी

# २ प्यानलबाट उम्मेदवारी घोषणा

**सौर्य समाचार**



काठमाडौँ। नेपाल उद्योग वाणिज्य महासंघको ६०औँ वार्षिक साधारणसभा तथा निर्वाचनले निजी क्षेत्रभित्रको राजनीतिक तथा संस्थागत सरगर्मी तीव्र बनेको छ। महासंघको कार्यकारिणी समितिको १५औँ बैठकले गरेको निर्णयअनुसार यहि चैत २९ मा साधारणसभा र त्यसलगत्तै चैत ३० मा निर्वाचन कार्यक्रम तय गरिएको छ। निजी क्षेत्रको नेतृत्व चयनलाई नीतिगत दिशानिर्देशन र आर्थिक एजेन्डा तय गर्ने महत्त्वपूर्ण मोडका रूपमा हेरिएको छ।

मुलुक आर्थिक सुस्तता, लगानी संकुचन र नीतिगत अनिश्चितताबाट गुज्रिरहेको अवस्थामा महासंघको नयाँ नेतृत्वले कस्तो रणनीति अवलम्बन गर्छ भन्ने प्रश्न अहिले चासोको विषय बनेको छ। विशेषतः सरकारसँगको सम्बन्ध, कर नीतिमा सुधार, उद्योगमैत्री वातावरण निर्माण, विदेशी लगानी आकर्षण तथा आर्थिक पुनरुत्थानका एजेन्डामा महासंघको भूमिका महत्त्वपूर्ण हुने भएकाले यो निर्वाचनलाई सामान्य संगठनात्मक प्रक्रिया भन्दा बढी रणनीतिक महत्त्वको रूपमा हेर्ने गरिन्छ।

महासंघको विधान २०४९ (सातौँ संशोधनसहित) बमोजिम साधारणसभासँगै उपाध्यक्षहरू तथा कार्यकारिणी समितिका सदस्यहरूको निर्वाचन हुने व्यवस्था रहेकाले यसपटकको सभा औपचारिकता मात्र नभई नेतृत्व चयनको महत्त्वपूर्ण मञ्चका रूपमा हेरिएको छ। निजी क्षेत्रको छाता संगठनको नेतृत्व चयन हुने भएकाले यसले आगामी आर्थिक नीति, लगानी वातावरण र सरकारसँगको समन्वयमा समेत दूरगामी प्रभाव पार्ने विश्लेषण गरिएको छ।

### निर्वाचन कार्यतालिका

महासंघद्वारा निर्धारित कार्यक्रमअनुसार चैत २९ आइतबार बिहान साधारणसभाको उद्घाटन सत्र सम्पन्न हुनेछ। उद्घाटनपछि सोही दिन महासंघको विधानअनुसार वार्षिक प्रतिवेदन, आर्थिक प्रतिवेदन, नीतिगत छलफल तथा अन्य नियमित एजेन्डाहरूमाथि छलफल गरिनेछ। त्यसको भोलिपल्ट चैत ३० सोमबार निर्वाचन कार्यक्रम सञ्चालन गरिनेछ। निर्वाचन समितिले निर्धारण गरेको समयतालिकाअनुसार उपाध्यक्ष पदसहित कार्यकारिणी समितिका सदस्यहरूको चयन प्रक्रिया अघि बढाइनेछ।

### २ प्यानलबाट उम्मेदवारी घोषणा

महासंघको प्रस्तावित वरिष्ठ उपाध्यक्षमा हेमराज ढकालले गत ११ फागुनमै उम्मेदवारी घोषणा गरिसकेका छन्। ढकाल अहिलेको कार्यकारिणी समितिमा वस्तुगत तर्फका उपाध्यक्ष हुन्। यो समूहबाट एसोसिएट उपाध्यक्षमा ज्योत्सना श्रेष्ठको उम्मेदवारी रहनेछ। श्रेष्ठ अहिलेको कार्यकारिणी समितिमा पनि एसोसिएट उपाध्यक्ष हुन्। त्यस्तै, जिल्ला नगर उपाध्यक्षमा कल्पना गैरे र उमेश डालमिया, वस्तुगत उपाध्यक्षमा नरेशलाल श्रेष्ठ र प्रस्तावित महिला उपाध्यक्षमा कमला श्रेष्ठ छन्। यो समूहको चैत १३ गते वस्तुगत तर्फका सदस्यको उम्मेदवारी घोषणा गरिने जनाएको छ। महासंघको आसन्न नेतृत्व चयनको सन्दर्भमा वरिष्ठ उपाध्यक्ष पदका आकांक्षी हेमराज ढकालले आफ्नो उम्मेदवारीलाई अनुभव, निरन्तरता र नीतिगत सुधारको आवश्यकताका रूपमा बुझ्नुपर्ने बताए।

त्यस्तै, महासंघका हालका वरिष्ठ उपाध्यक्ष तथा आगामी कार्यकालका अध्यक्ष अञ्जन श्रेष्ठ समूहले गत सोमबार एक कार्यक्रमबीच आफ्नो समूह घोषणा गरेको छ। यो समूहले वस्तुगत उपाध्यक्षतर्फ शिवप्रसाद घिमिरे, एसोसिएट उपाध्यक्षमा प्रवलजंग पाण्डे र जिल्ला/नगरतर्फको उपाध्यक्षमा दिलसुन्दर श्रेष्ठ र कृष्णप्रसाद शर्माले उम्मेदवारी घोषणा गरेका छन्। वस्तुगत उपाध्यक्षतर्फका आकांक्षी शिवप्रसाद घिमिरेले महासंघको कार्यकारिणी सदस्य, स्थल यातायात तथा पारवहन समिति सभापति तथा नेपाल कत्था उद्योग उत्पादक संको अध्यक्ष हुन्। उनी नेपाल एलपी ग्यास उद्योग संघको निवर्तमान अध्यक्षसमेत हुन्। वस्तुगत उपाध्यक्षतर्फ उम्मेदवारी घोषणा गर्नु भएका शिवप्रसाद घिमिरेले महासंघ नेतृत्व केवल पद वा प्रतिष्ठाको विषय नभई निजी क्षेत्रका समस्या सुल्झाउने र मुलुकको समग्र आर्थिक तथा व्यावसायिक अवस्था सुधारका लागि पहल गर्ने ठाउँका रूपमा लिइनुपर्ने बताए। विगतका नेतृत्वसँग नजिक रही समन्वयात्मक ढंगले काम गरेको आफ्नो अनुभव पनि आफ्नो महत्त्वपूर्ण पुँजीका रूपमा रहेको घिमिरेको भनाइ छ।

### महासंघ कार्यकारिणी समिति

महासंघमा जिल्ला तथा नगर उद्योग वाणिज्य संघ, वस्तुगत सदस्यका रूपमा वस्तुगत संघ तथा वस्तुगत महासंघ, एसोसिएट सदस्यका रूपमा औद्योगिक तथा व्यावसायिक प्रतिष्ठान र द्विराष्ट्रिय उद्योग वाणिज्य संघ, संस्थापक सदस्य, वैदेशिक सदस्य र मानार्थ सदस्य रहने व्यवस्था छ। 'नेपाल उद्योग वाणिज्य महासंघको विधान २०४९ (सातौँ संशोधन)' अनुसार महासंघको विधानमा उल्लिखित सबै काम गर्ने गराउने अधिकार कार्यकारिणी समितिले पाएको छ। विधानमा उल्लिखित कार्यकारिणी समिति चयनसम्बन्धी व्यवस्थाअनुसार समितिमा महासंघ अध्यक्ष, महासंघ निवर्तमान अध्यक्ष, वरिष्ठ उपाध्यक्षलगायत रहने व्यवस्था छ। त्यस्तै महासंघका उपाध्यक्षहरूमा जिल्ला नगर तर्फबाट २ जना, वस्तुगत तर्फबाट १ जना, एसोसिएट द्विराष्ट्रिय तर्फबाट १ जना र महिला उपाध्यक्ष १ जना रहन्छन् भने १ जना कोषाध्यक्ष रहने व्यवस्था छ।

महासंघका सदस्यहरूमा प्रदेश अध्यक्षहरू ७ जना, उद्योग वाणिज्य संघहरूको खुला तर्फबाट कम्तीमा २ जना महिलासहित १७ जना, उद्योग वाणिज्य संघ सदस्य मध्येबाट प्रत्येक प्रदेशबाट निर्वाचित २ जनाका दरले १४ जना, वस्तुगत तर्फबाट निर्वाचित हुने कम्तीमा १ जना महिलासहित १४ जना, वस्तुगत महासंघमा १५ भन्दा बढी सदस्य भएमा निर्वाचित हुने २ जना, द्विराष्ट्रिय संघहरूबाट निर्वाचित १ जना, एसोसिएट सदस्यमध्येबाट कम्तीमा २ जना महिलासहित १९ जना, महासंघद्वारा प्रवर्द्धित नेपाल युवा उद्यमी मञ्चको अध्यक्ष (पदेन), संस्थापक सदस्यहरू १२ मध्येबाट २ जना र अध्यक्षबाट मनोनीत कम्तीमा २ जना महिलासहित ७ जना रहने व्यवस्था छ। यो विधान लागू हुँदाका बखत कायम वरिष्ठ उपाध्यक्ष आगामी एक कार्यकालको स्वतः अध्यक्ष हुनेछन् भने अर्कोपटकबाट भने महासंघको अध्यक्षका लागि पनि प्रत्यक्ष निर्वाचन हुनेछ।

# १२६ मेगावाटको तल्लो सेती जलविद्युत् जग्गा अधिग्रहण सुरु

**सौर्य समाचार**

तनहुँ। तनहुँमा निर्माण हुने १२६ मेगावाट क्षमताको तल्लो सेती जलविद्युत् आयोजनाका लागि जग्गा अधिग्रहण प्रक्रिया सुरु भएको छ। १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाबाट प्राप्त हुने नियन्त्रित र मादी नदीबाट प्राप्त हुने थप पानी प्रवाहलाई प्रयोग गरी तल्लो तटीय क्षेत्रमा तल्लो सेती जलविद्युत् आयोजना निर्माण गर्न लागिएको हो।

तल्लो सेतीको विस्तृत आयोजना प्रतिवेदन तयार भइसकेको र अब विद्युत्गृह, कार्यालय र कर्मचारी आवास क्षेत्रका लागि देवघाट गाउँपालिकामा पर्ने जग्गा अधिग्रहण प्रक्रिया सुरु गरिएको तनहुँ जलविद्युत् आयोजनाका प्रमुख श्यामजी भण्डारीले जानकारी दिए।

मुआब्जा निर्धारण समितिअन्तर्गत गठित उपसमितिले जग्गा अधिग्रहणस्थलमा रहेका संरचनाको विस्तृत नापजाँच सर्वेक्षण र क्षति सूची तयार गरी प्रतिवेदन समितिसमक्ष पेस गरेको प्रमुख भण्डारीले बताए।

आयोजनाको पहुँच सुरुङ निर्माण कार्यसमेत सुरु भइसकेको छ। चितवनस्थित राजमार्गबाट आयोजनाको विद्युत्गृह क्षेत्रतर्फ जान त्रिशूली नदीमाथि निर्माण गरिने पहुँच पुल लागत अनुमान तथा टेन्डर कागजात तयारी सकिएको उनले बताए। आयोजनाअन्तर्गत बन्दीपुर गाउँपालिका-६ र देवघाट गाउँपालिका-३ साराङघाट नजिकै रहेको सेती नदीमा ३२ मिटर अग्लो बाँध निर्माण गरिनेछ।

पानीको प्रवाहलाई देवघाट गाउँपालिका-३ र ४ हुँदै ६.८ किलोमिटर लामो सुरुङमार्फत सेती नदीको संगमदेखि करिब ५०० मिटर तल्लो तटीय क्षेत्रमा पर्ने देवघाटस्थित कालीगण्डकी नदीको दायाँ किनारमा बन्ने अर्ध भूमिगत विद्युत्गृहमा खसाली विद्युत् उत्पादन गर्ने योजना बनाइएको छ। आयोजनाबाट बन्दीपुर गाउँपालिका-६, व्यास नगरपालिका-१३ र १४, देवघाट गाउँपालिका-२, ३ र ४, ऋषिङ गाउँपालिका-१ र ३, आँबुखैरेनी गाउँपालिका-५ र ६ तथा भरतपुर महानगरपालिका-२९ का केही भाग प्रभावित हुने छन्।

देवघाट गाउँपालिका-४ गाइघाटमा अर्धभूमिगत विद्युत गृहको निर्माण गरी विद्युत् उत्पादन गरिने छ। उत्पादित विद्युत्लाई तनहुँ जलविद्युत् आयोजनाले निर्माण गरेको २२० केभी दमौली-नयाँ भरतपुर प्रसारण लाइनमा जोडी राष्ट्रिय विद्युत् प्रणालीमा समाहित गरिने छ। यसका लागि करिब २ किलोमिटर प्रसारण लाइनको निर्माण गर्नुपर्छ। अर्धजलाशययुक्त तल्लो सेती आयोजनाको करिब १२ किलोमिटर लामो जलाशय माथिल्लो तटीय क्षेत्र अर्थात बाँधस्थलबाट सुँडेगाउँसम्म विस्तार हुने छ।

## Khaniyabas Rural Municipality

Darkha, Dhading
Bagamati, Province

**LETTER OF INTENT (LOI)**

**Date of Publication: 2026-01-23**

This is to notify all concerned bidders our intention to award the contract for the following project to the corresponding substantially responsive lowest evaluated bidder. This notice is published as per the provision stipulated in Public Procurement Act 2063, clause 27, sub clause (2) and (3) and clause 47.

| IFB No. | Project Description | Name and address of the Bidder | Bid Amount (Including Ps and Vat) |
|---|---|---|---|
| Khaniyabas/ NCB/goods/ 11/2082-083 | Supply and Delivery of Mulching Plastic | Dharmadhwaj Construction Pvt.Ltd., Jwalamukhi, Dhading | NRs. 14,78,328.95 |

**Chief Administrative officer**

# अमेरिकाद्वारा इरानलाई १५ बुँदे युद्धविराम प्रस्ताव



■ एजेन्सी

दुबई । अमेरिकी सरकारले इरानसँग जारी द्वन्द्व अन्त्य गर्ने उद्देश्यले १५ बुँदे युद्धविराम प्रस्ताव अघि सारेको छ । यो प्रस्ताव पाकिस्तानमार्फत इरानसम्म पुऱ्याइएको बताइएको छ, जसले अमेरिका र इरानबीच वार्ता पुनः सुरु गराउन मध्यस्थताको भूमिका खेल्ने संकेत दिएको छ । यसैबीच, अमेरिका मध्यपूर्व क्षेत्रमा आफ्नो सैन्य उपस्थिति थप सुदृढ बनाउने तयारीमा देखिएको छ । करिब ५० हजार सैनिक पहिले नै क्षेत्रमा तैनाथ रहेका बेला थप करिब १ हजार सैनिक पठाउने तयारी गरिएको छ । साथै, समुद्री सैनिकहरूको ठुलो संख्या पनि परिचालन गरिँदै छ । यसलाई भविष्यमा आवश्यक निर्णय लिन लचिलोपन कायम राख्ने रणनीतिका रूपमा हेरिएको छ ।

यद्यपि कूटनीतिक प्रयास तीव्र बने पनि परिस्थिति जटिल नै रहेको छ । इरानले अमेरिकासँग कुनै औपचारिक वार्ता भइरहेको दाबी अस्वीकार गरेको छ । अर्कोतर्फ, अमेरिकाले भने वार्ता भइरहेको संकेत दिएको छ, जसले दुवै पक्षबीच अविश्वास अझै गहिरो रहेको देखाउँछ ।

मध्यपूर्वको महत्त्वपूर्ण जलमार्ग हर्मुज जलडमरूमध्य पनि तनावको केन्द्र बनेको छ । इरानले यस मार्गमा नियन्त्रण कडा बनाएपछि अन्तर्राष्ट्रिय व्यापार प्रभावित भएको छ भने इन्धनको मूल्य पनि तीव्र रूपमा बढेको छ । यसले विश्व अर्थतन्त्रमा समेत असर पार्ने चिन्ता बढाएको छ ।

युद्धको क्रममा दुवै पक्षबाट आक्रमण जारी रहेका छन् । इरानले इजरायलतर्फ मिसाइल र ड्रोन आक्रमण गरिरहेको छ भने इजरायलले इरान र लेबनानका विभिन्न स्थानमा हवाई आक्रमण गरेको छ । यी आक्रमणहरूमा सर्वसाधारणको ज्यान जाने र घाइते हुने घटनाहरू पनि भएका छन् ।

लेबनानमा पनि तनाव बढेको छ । इजरायलले त्यहाँ इरान समर्थित समूहहरूलाई लक्षित गर्दै आक्रमण गरेको जनाएको छ । यसबीच लेबनान सरकारले इरानी राजदूतलाई देश छोड्न निर्देशन दिएको छ, जसले क्षेत्रीय तनावलाई अझ जटिल बनाएको छ ।

पाकिस्तानले भने अमेरिका र इरानबीच वार्ता गराउन आफू तयार रहेको जनाएको छ । यदि वार्ता सफल भयो भने निकट भविष्यमा युद्धविराम सम्भव हुन सक्ने आशा गरिएको छ । तर, दुवै पक्षका कडा अडान र आपसी अविश्वासका कारण तत्काल समाधान भने चुनौतीपूर्ण देखिएको छ ।

समग्रमा, एकातर्फ कूटनीतिक पहल अघि बढिरहेको छ भने अर्कोतर्फ सैन्य गतिविधि पनि बढिरहेको छ, जसले मध्यपूर्वको अवस्था अझ संवेदनशील र अनिश्चित बनाएको छ ।

### तेहरानका दुई क्षेप्यास्त्र उत्पादनस्थलमा इजरायली आक्रमण

इजरायली सेनाले बुधबार तेहरानमा इरानको रक्षा मन्त्रालयअन्तर्गत सञ्चालित दुई सैनिक मिसाइल उत्पादनस्थलमा आक्रमण गरेको घोषणा गरेको छ ।

पछिल्लो समयमा आइडिएफको गुप्तचरमा काम गर्ने इजरायली वायु सेनाले तेहरानका २ प्रमुख सैनिक मिसाइल उत्पादन स्थलहरूमा आक्रमण गरेको सेनाले पुष्टि गरेको छ । यी स्थलहरू लामो दुरीको सैनिक क्रुज मिसाइलहरू विकास र निर्माण गर्न प्रयोग गरिएको जनाइएको छ ।

आक्रमणहरूले सैन्य उत्पादन पूर्वाधारमा भएको क्षति बढाउने अर्को कदम भएको सेनाले दावी गरेको छ ।  गत हप्ता सेनाले आफ्ना लडाकु विमानहरूले क्यास्पियन सागरमा मिसाइल सहितका जहाजहरूलगायत धेरै इरानी सेनाका जहाजहरूमा प्रहार गरेको घोषणा गरेको थियो ।

# दोस्रो विश्वयुद्धपछि सबैभन्दा हिंसात्मक चरणमा विश्व : संयुक्त राष्ट्रसंघ

■ एजेन्सी



जेनेभा । विश्व अहिले दोस्रो विश्वयुद्धपछिकै सबैभन्दा हिंसात्मक चरणबाट गुज्रिरहेको संयुक्त राष्ट्रसंघका एक उच्च अधिकारीले बताएका छन् । विशेषगरी मध्यपूर्व क्षेत्रमा चर्किएको द्वन्द्वका कारण सर्वसाधारण नागरिकको जीवनमा गम्भीर असर परेको छ र यसको प्रभाव विश्वभर फैलिएको छ ।

संयुक्त राष्ट्रसंघको परियोजना सेवा कार्यालयका कार्यकारी निर्देशक जोर्ज मोरेइरा दा सिल्भाका अनुसार हिंसा र अस्थिरताका कारण ठुलो संख्यामा मानिसहरू आफ्ना घरबार छोड्न बाध्य भइरहेका छन्, र यो संख्या प्रत्येक घण्टा बढ्दो क्रममा छ ।

उनले मध्यपूर्वको द्वन्द्वले सीमाना नाघ्दै विश्व अर्थतन्त्रलाई समेत असर पारेको उल्लेख गरे । तेल, इन्धन र ग्यासको मूल्यमा तीव्र वृद्धि भई यसको असर विश्वव्यापी रूपमा देखिएको छ ।

विशेषगरी एसिया र अफ्रिकाका विकासोन्मुख देशहरू यसबाट सबैभन्दा बढी प्रभावित हुने अनुमान गरिएको छ । यस वर्ष विश्वभर भोकमरीको समस्या झन् गम्भीर बन्ने र प्रभावित हुने मानिसहरूको संख्या करोडौँले बढ्न सक्ने चेतावनी दिइएको छ ।

संयुक्त राष्ट्रसंघले सबै पक्षलाई सुरक्षा परिषद्का निर्णयहरू कार्यान्वयन गर्न र कूटनीतिक तथा शान्तिपूर्ण उपायमार्फत द्वन्द्व अन्त्य गर्न आग्रह गरेको छ ।

उक्त कार्यालयले विश्वका १०० भन्दा बढी देशहरूमा परियोजना व्यवस्थापन, खरिद तथा पूर्वाधार विकाससम्बन्धी सेवा प्रदान गर्दै आएको छ ।

## Itahari Sub-Metropolitan City
### Office of the Municipal Executive
**Itahari, Sunsari**

**Invitation for Bids**

**Second Date of Publication: 2082/12/12 BS**

1. Itahari Sub-Metropolitan City Office of the Municipal Executive, Itahari Sunsari re-invites NCB from eligible domestic bidders for the Contracts named below.

| S. N. | Contract Identification Number | Work/Description | Estimated Amount (without VAT but including PS) NRs. | Bid Price (NRs) | Bid Security Amount (NRs) | Bid Security Period | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | ITR/NCB/ 31W/082/083 | Construction of Gabion Structure at Shera River and Retaining Wall, Itahari-2, Sunsari | 31,63,431.40 | 3,000 | 80,000.00 | 120 days | Second Notice |
| 2 | ITR/NCB/ 32W/082/083 | Construction of RCC Concrete Road and Drain, Itahari-12, Sunsari | 22,89,905.36 | 3,000 | 60,000.00 | 120 days | Second Notice |
| 3 | ITR/NCB/ 37W/082/083 | Maintenance Works of Ward Office No. 11, Itahari, Sunsari | 17,63,031.76 | 3,000 | 45,000.00 | 120 days | Second Notice |

2. Bidder Shall have the option of submitting their bids electronically. Submission of Hard Copy bids shall not be entertained.
3. Matters not Covered in the notice shall be accordance with prevailing rules and regulation of GoN.
4. Any amendments in this Tender notice will be posted in the notice board of Itahari Sub-Metropolitan City, Office of the Municipal Executive or may Visit PPMO e-GP System at www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

## Dakneshwori Municipality
### Office of the Municipal Executive
**Pato, Saptari**

**Madhesh Province, Nepal**

**Invitation for Bids**

**First Date of Publication: 2082-12-12**

1. Dakneshwori Municipality invites electronic bid from Nepalese eligible bidders for the Char kothe bhawan (Shauchalay sahit) Nirman under National Competitive Bidding procedures.
2. Eligible Bidders May obtain Further information from PPMO website may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. The Name and Identification of the Contract are as follows:

| Description of Work | Estimate Amount without VAT & Contingency | Bid Security Amount NRs | Bid Fee (NRS) | Remarks |
|---|---|---|---|---|
| DKMUN/NCB/W/01-2082-2083 Char kothe bhawan (Shauchalay sahit) Nirman | Rs. 78,33,345.97 | Rs. 2,45,000 | Rs. 3000 | |

**Chief Administrative Officer**

**Invitation for Bids**

## Tarakeshwor Rural Municipality, Dangsing, Nuwakot

**Date of publication: 26-03-2026 10:00 am**

1. Tarakeshwor Rural Municipality, Dangsing, Nuwakot invites sealed bids or electronic bids from Nepalese eligible bidders for the Construction of Health Post Building Tarakeshwor Ward-1, Nuwakot under National Competitive Bidding procedures. The estimated amount for the works is mention below.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Tarakeshwor Rural Municipality, Dangsing, Nuwakot, Bagmati Province, Nepal or may visit PPMO website **www.bolpatra.gov.np/egp.**
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site **www.bolpatra.gov.np./egp,.** Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank :-** Himalayan Bank Ltd.
   **Name of Office:** Tarakeshwor Rural Municipality, Dangsing, Nuwakot
   **Office Code no.** 801032906
   **Account no.:** 05807594280098
   **Rajaswa (revenue) Shirshak no. :** 14229
4. Pre-bid meeting shall be held at Tarakeshwor Rural Municipality, Dangsing, Nuwakot at 15-04-2026 12:00 pm.
5. Sealed or Electronic bids must be submitted to the office Tarakeshwor Rural Municipality, Dangsing, Nuwakot by hand/courier or through PPMO website **www.bolpatra.gov.np/egp** on or before 26-04-2026 12:00 pm. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 26-04- 2026 13:00 pm at the office of Tarakeshwor Rural Municipality, Dangsing, Nuwakot Bagmati Province Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of amounts are mention below, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
8. The details information of the bids are mention below.

| Description of Work | Bid Invitations No. | Estimated Amount, NRs (Excluding VAT and contingency) | Bid Security Amount (Rs.) | Bid Document Fee |
|---|---|---|---|---|
| Construction of Health Post Building Tarakeshwor Ward-1, Nuwakot | TRM/NUW/W/NCB/09 /2082-083 | 17,17,664.70/- | 42,950/- | 3,000.00/- |

## सन्दकपुर गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
**माबुमोड, देउराली, इलाम**

**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयपत्रको सूचना**

**प्रकाशित मितिः २०८२/१२/१२**

यस गाउँपालिकाको कार्यालयबाट मिति २०८२/१०/२८ गते प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचना अनुसार रीत पूर्वक पेश हुन आएका बोलपत्रहरु मध्ये मूल्याङ्कन समितिबाट मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएको देहाय बमोजिमको बोलपत्रदातालाई स्वीकृतिको लागि छनौट गर्ने निर्णय भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) तथा नियमावली, २०६४ को नियम ५४ (क) बमोजिम सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का आई.डि. नं. | योजनाको नाम | छनौट गरिएका बोलपत्रदाता | स्वीकृत बोलपत्रको रकम (मू.अ. कर र पि.एस. सहित) |
|---|---|---|---|---|
| 1. | SRM/ILM/NCB/ WORKS/ 2082/083-07 | BHAGAWATI HIGH SCHOOL CONSTRUCTION WORK | BASANTA NIRMAN SEWA, , ILAM-8, ILAM | NRs. 2187342.15/- (Twenty-One lakh Eighty-Seven Thousand Three Hundred Forty-Two Rupees and Fifteen Paisa) |
| 2. | SRM/ILM/NCB/ WORKS/ 2082/083-08 | DEURALI BAZAR BEAUTIFICATION WORK | LALITA AMBAYA SUPPLIERS & CONSTRUCTION COMPANY PVT. LTD., MAIJOGMAI-3, ILAM | NRs. 3332618.94/- (Thirty- Three Lakh Thirty-Two Thousand Six Hundred Eighteen Rupees and Ninety- Four Paisa) |
| 3. | SRM/ILM/NCB/ WORKS/ 2082/083-09 | JESTHA NAGARIK TATHA BAL UDDHAN BYABASTHAPAN KARYAKRAM | LALITA AMBAYA SUPPLIERS & CONSTRUCTION COMPANY PVT. LTD., MAIJOGMAI-3, ILAM | NRs. 2290758.79/- (Twenty-Two Lakh Ninety Thousand Seven Hundred Fifty-Eight Rupees and Seventy-Nine Paisa) |
| 4. | SRM/ILM/NCB/ WORKS/ 2082/083-10 | SARSAWTI BASIC ELEMENTARY SCHOOL BUILDING CONSTRUCTION WORK | BASANTA NIRMAN SEWA, ILAM-8, ILAM | NRs. 3333662.48/- (Thirty-Three Lakh Thirty-Three Thousand Six Hundred Sixty-Two Rupees and Forty-Eight Paisa) |

**प्रमुख प्रशासकीय अधिकृत**

www.souryaonline.com
का.जि.प्र.का.द.नं. ०११/०५३/०५४ गो.हु.का.द.नं. ०७/०८०/०८१ सौर्य दैनिक

# राखेपद्वारा एन्फालाई निलम्बनको कारबाही

■ सौर्य समाचार



काठमाडौँ । अखिल नेपाल फुटबल संघ (एन्फा) र राष्ट्रिय खेलकुद परिषद् (राखेप) बीचको विवाद थप चुलिएको छ । राखेपले निर्देशनविपरीत निर्वाचन प्रक्रिया अघि बढाएको आरोप लगाउँदै एन्फा कार्यसमितिलाई ३ महिनाका लागि निलम्बनको कारबाही गरेको छ । एन्फाले भने उक्त निर्णय अस्वीकार गर्दै निर्धारित समयमै निर्वाचन गराउने अडान दोहोर्‍याएको छ । राखेपले राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा २९ (२) अनुसार कार्यसमितिलाई निलम्बन गर्ने निर्णय गरिएको बुधबार जनाएको छ । यसअघि राखेपले निर्वाचन स्थगन गर्न निर्देशन दिँदै २४ घण्टे स्पष्टीकरण मागेको थियो । तर, एन्फाको जबाफ चित्तबुझ्दो नभएको निष्कर्ष निकाल्दै निलम्बनको निर्णय गरिएको हो ।

यता, एन्फाले भने आफूले कुनै कानुनी प्रावधान उल्लंघन नगरेको दाबी गरेको छ । एन्फाले फिफा र एएफसीजस्ता अन्तर्राष्ट्रिय निकायको निर्देशनअनुसार नै निर्वाचन प्रक्रिया अघि बढाइएको स्पष्ट पार्दै तेस्रो पक्षको हस्तक्षेप स्वीकार्य नहुने जनाएको छ । साथै, निर्वाचन स्थगन गरिए अन्तर्राष्ट्रिय प्रतिबन्धको जोखिमसमेत हुन सक्ने चेतावनी दिएको छ । एन्फाले चैत १३ गते झापामा निर्वाचन गर्ने तयारीलाई निरन्तरता दिँदै राखेपलाई समेत प्रतिनिधि पठाएर सहयोग गर्न आग्रह गरेको थियो । निर्वाचन तयारीका कारण सातदोबाटोस्थित एन्फा मुख्यालयसमेत बन्द गरिएको जनाइएको छ ।

**थ्रीस्टारको पक्षमा अन्तरिम आदेश**

यसैबीच, एन्फा विवादमा उच्च अदालत पाटनले पनि हस्तक्षेप गरेको छ । अदालतले थ्रीस्टार क्लबलाई निर्वाचन प्रक्रियाबाट वञ्चित गर्ने एन्फाको निर्णय तत्काल कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरेको छ । मुख्य न्यायाधीश लालबहादुर कुँवर र न्यायाधीश गोपालप्रसाद बाँस्तोलाको संयुक्त इजलासले उक्त निर्णय 'सुविधा र सन्तुलन' को दृष्टिकोणले उपयुक्त नभएको ठहर गरेको हो । अदालतको आदेशसँगै थ्रीस्टार क्लबलाई निर्वाचनमा सहभागी हुने बाटो खुलेको छ । क्लबका महासचिव धर्मेन्द्रराज शाक्यले दायर गरेको रिटमा अदालतले यसअघि पनि एन्फाका केही निर्णय बदर गरिसकेको थियो । तर, त्यसपछि पनि एन्फाले पुनः क्लबलाई मतदानबाट वञ्चित गर्ने निर्णय गरेपछि विवाद झन् बढेको हो ।

एन्फा, राखेप र अदालतबीचको यो त्रिपक्षीय विवादले नेपाली फुटबल प्रशासनमा गम्भीर असर पार्ने संकेत देखिएको छ । एकातर्फ सरकारी निकायको हस्तक्षेप, अर्कोतर्फ अन्तर्राष्ट्रिय निकायको दबाब र तेस्रोतर्फ अदालतको आदेशले स्थिति झनै जटिल बनेको छ । अब निर्धारित मितिमा निर्वाचन हुन्छ कि स्थगित हुन्छ भन्ने विषय अनिश्चित बनेको छ । साथै, यस विवादले नेपाली फुटबल अन्तर्राष्ट्रिय रूपमा प्रभावित हुने सम्भावना पनि बढाएको छ ।

प्रधानमन्त्री कप

# कर्णाली र मधेसको पहिलो जित



■ सौर्य समाचार

काठमाडौँ । प्रधानमन्त्री कप (पिएम कप) क्रिकेट प्रतियोगितामा कर्णाली प्रदेश र मधेस प्रदेशले पहिलो जित हात पारेका छन् । कर्णालीले कोसी प्रदेश र मधेसले सुदूरपश्चिम प्रदेशलाई हराउँदै पहिलो प्रतियोगितामा पहिलो जित दर्ता गरेका हुन् । जनकपुरस्थित रामजानकी बहुउद्देश्यीय रंगशालामा बुधबार सम्पन्न कम स्कोरको प्रतिस्पर्धामा कर्णालीले कोसीलाई १६ रनले पराजित गरेको हो । कर्णालीका लागि दिनेश अधिकारीले उत्कृष्ट बलिङ गर्दै जित दिलाउन महत्त्वपूर्ण भूमिका खेले ।

१५२ रनको लक्ष्य पछ्याएको कोसी प्रदेश ४४.४ ओभरमा अलआउट हुँदै १३५ रनमै सीमित भयो । सहज लक्ष्य भए पनि कोसीका ब्याट्सम्यानले जिम्मेवारीपूर्ण प्रदर्शन गर्न सकेनन् । दीपेश कँडेलले सर्वाधिक २६ रन बनाउँदा सिवास बजगाईंले २३, सुमन श्रेष्ठले २० तथा सकिन हक र अंकित सुवेदीले समान १७ रन जोडे । अन्य खेलाडी दोहोरो अंकमा पुग्न सकेनन् । कर्णालीका दिनेश अधिकारीले ८.४ ओभरमा २७ रन खर्चेर ५ विकेट लिँदा दिवान पुन र प्रकाश जैसीले समान २-२ विकेट लिए ।

यसअघि टस जितेर ब्याटिङ गरेको कर्णाली ३९.१ ओभरमा १५१ रनमा समेटिएको थियो । सुरुआतमै शीर्ष क्रमका खेलाडी सस्तैमा आउट हुँदा टोली दबाबमा परेको थियो । तर विपिन रावल र विपिन शाहीबीच चौथो विकेटका लागि ६५ रनको साझेदारीले इनिङ सम्हाल्यो । रावल ३२ रनमा आउट हुँदा शाहीले ९८ बलमा ८ चौकासहित ६३ रन बनाउँदै अर्धशतक पूरा गरे । कोशीका प्रेम कामतले १० ओभरमा ३१ रन दिँदै ४ विकेट लिए भने ज्ञानेन्द्र श्रेष्ठले ३ तथा सुजन थपलियाले २ विकेट लिए ।

यस्तै प्रतियोगिताअन्तर्गत अर्को खेलमा मधेस प्रदेश ५ विकेटले विजयी भएको छ । वीरगन्जको नारायणी रंगशालामा भएको उक्त खेलमा मधेसले सुदूरपश्चिमलाई ५ विकेटले पराजित गरेको हो । सुरुआती चरणमा ब्याटिङ गरेको सुदूरपश्चिमले ४३.२ ओभरमा सबै विकेट गुमाउँदै १६० रन बनायो । १६१ रनको लक्ष्य मधेस प्रदेशले ३३.४ ओभरमा ५ विकेटको क्षतिमा पूरा गर्‍यो ।  मधेस प्रदेशको जितमा अरनिको यादवको ४६, मोहम्मद आदिल आलमको ३४ र पवन सर्राफको २१ रन समावेश थियो । त्यस्तै सुदूरपश्चिमका लागि ब्याटिङ गर्ने क्रममा अभिषेक पालले ४५ बलमा ३३ रन तथा किरण ठगुन्नाले २३ रन जोडे । बलिङतर्फ मधेस प्रदेशका अरनिको यादवले ३ तथा प्रदीप पासवानले २ विकेट लिए । प्रतियोगितामा ३ विभागीय टोली नेपाल पुलिस क्लब, त्रिभुवन आर्मी क्लब र नेपाल एपिएफ क्लब तथा ७ प्रदेशको सहभागिता छ । प्रतियोगिताको विजेताले १० लाख र उपविजेताले ५ लाख रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन् ।

महिला च्यालेन्ज ट्रफी

# प्रारम्भिक चरणमा छानिए २९ खेलाडी

■ सौर्य समाचार

काठमाडौँ । रुवान्डामा हुने आइसिसी महिला च्यालेन्ज ट्रफीका लागि नेपाल क्रिकेट संघ (क्यान)ले प्रारम्भिक चरणमा नेपाली महिला क्रिकेट टोली घोषणा गरेको छ । क्यानले बुधबार प्रेस विज्ञप्ति जारी गर्दै यसबारे जानकारी दिएको हो । छनोट हुने खेलाडीमा विन्दु रावल, रुविना क्षेत्री, सम्झना खड्का, पूजा महतो, इन्दु बर्मा, सीता रानामगर, रुबी पोद्दार, कविता जोशी, कविता कुँवर, रिया शर्मा, रोमा थापा, सुमन विष्ट, अनु कडायत, सिमाना केसी र राजमती ऐरी रहेका छन् ।

त्यसैगरी छनोट हुने अन्य खेलाडीमा मनिषा उपाध्याय, तृष्णा विके, कुसुम गोदार, रचना चौधरी, सोनी पाख्रिन, साना प्रवीन, खुसी डंगोल, सुधा धामी, किरण कुँवर, लक्ष्मी साउद, आलिशा यादव, यशोदा विष्ट, एञ्जी पाठक र रमा बुढाथोकी छन् ।

# फिफा सिरिजका लागि प्रारम्भिक टोली छनोट

■ सौर्य समाचार

काठमाडौँ । आगामी अप्रिलमा थाइल्यान्डमा हुने फिफा सिरिजका लागि अखिल नेपाल फुटबल संघ (एन्फा)ले बुधबार प्रारम्भिक चरणमा ३२ खेलाडी छनोट गरेको छ । छनोट हुने खेलाडीहरूमा अनिता बस्नेत, अनिता केसी, अनिता लम्जेल, अञ्जना राना मगर, अञ्जिला तुम्बापो सुब्बा, अस्मिता नेपाली, वर्षा ओली, विमला विक, बिरसना चौधरी, दीपा शाही, गीता राना, हिरा भुजेल, जेनिफर राना, मनमाया दमाई, मीना देउवा र नेहाकुमारी चौधरी छन् ।

त्यसैगरी निशा ठोकर, पूनम चेम्जोङ, प्रतीक्षा चौधरी, प्रीति राई, पूजा राना, पूर्णिमा राई, रश्मि कुमारी घिसिङ, रेखा पौडेल, रेनुका नगरकोटी, सबिना चौधरी, समीक्षा घिमिरे, सरस्वती हमाल, सरु लिम्बू, सुक्रिया मिया, सुशिलाकुमारी चौधरी र उषा नाथ छनोट भएको एन्फाले जनाएको छ । उक्त फिफा सिरिज अन्तर्राष्ट्रिय मैत्रीपूर्ण प्रतियोगिता हो ।

# बास्केटबल लिग : हाउन्ड्सको फराकिलो जित

■ सौर्य समाचार




काठमाडौँ । हिमालयन जाभा बास्केटबल लिग (एचजेएनबीएल) २०२६ मा फराकिलो जित हात पारेको छ । त्रिपुरेश्वरस्थित दशरथ रंगशाला कभर्डहलमा बुधबार भएको खेलमा केभिसी हाउन्ड्सले प्लेबक्स एरेनालाई १०५-७२ ले पराजित गर्दै लगातार पाँचौं जित हात पारेको छ । हाउन्ड्सले ८ खेलबाट १३ अंक जोडेको छ । हाउन्ड्सले चारै क्वाटरमा अग्रता लिने क्रममा २२-१०, २८-१५, ३४-२९, २१-१८ को प्रदर्शन गर्‍यो । हाउन्ड्सका कप्तान विजय बुर्जाले सर्वाधिक २८ अंक स्कोर गरे । बुर्जा प्लेअर अफ दि म्याच घोषित भए ।

मंगलबार राती भएको खेलमा गोल्डेनगेटले रोएललाई १०८-४६ को फराकिलो अन्तरले पराजित गरेको छ । लिगमा गोल्डेनगेटको यो सातौं जित हो । गोल्डेनगेटले ८ खेलबाट १५ अंक जोडेको छ । नेपाल बास्केटबल संघ (नेबा) को आयोजनामा भइरहेको दोस्रो संस्करणको एचजेएनबिएलमा ८ टिमले प्रतिस्पर्धा गरिरहेका छन् । डबल राउन्ड रोबिनका आधारमा हुने लिगमा कुल ५६ खेल हुनेछ । लिग चरणपछि शीर्ष ४ मा रहने टोली प्लेअफमा प्रवेश गर्नेछन् ।

प्लेअफअन्तर्गत लिगमा पहिलो र दोस्रो हुने टोलीबीच पहिलो क्वालिफायर हुनेछ भने लिगमा तेस्रो र चौथो हुने टोलीबीच एलिमिनेटर खेल हुनेछ । पहिलो क्वालिफायरमा पराजित टोली र एलिमिनेटरमा विजयी टोलीबीच दोस्रो क्वालिफायर हुनेछ । पहिलो र दोस्रो क्वालिफायरको विजेताबीच फाइनल खेल हुनेछ । प्रतियोगिताको विजेताले नगद ४ लाख रुपैयाँ प्राप्त गर्नेछन् भने उपविजेताले २ लाख र तेस्रो हुनेले १ लाख हात पार्नेछन् । यस्तै प्रतियोगिताभर उत्कृष्ट प्रदर्शन गर्दै मोस्ट भ्यालुएबल प्लेअर (एमभिपी) घोषित हुनेलाई पनि आकर्षक पुरस्कार प्राप्त गर्ने नेबाले जनाएको छ ।

## पर्यटन प्रवर्द्धन गर्न बुढानीलकण्ठ/शिवपुरी ट्रेल रेस

■ सौर्य समाचार



काठमाडौँ । आन्तरिक पर्यटन प्रवर्द्धनगर्ने उद्देश्यले बुढानीलकण्ठ नगरपालिका-३ को आयोजनामा बुढानीलकण्ठ/शिवपुरी खुला ट्रेल रेस शनिबार हुने भएको छ । दौडमा पुरुष/महिला गरी करिब १५० खेलाडीको सहभागिता रहने प्रतियोगिता संयोजक एवं वडा-३ का सदस्य विकास तामाङले जानकारी दिए । दौड १५ किलोमिटर दुरीको हुनेछ । दुवै समूहमा शीर्ष ३ स्थान हात पार्नेले क्रमशः ४० हजार, २५ हजार र १५ हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन् । चौथो र पाँचौं स्थानमा रहने खेलाडीलाई समान ५-५ हजार रुपैयाँ पुरस्कार प्रदान गरिने छ ।

दौडको उद्देश्य बारे प्रकाश पार्दै वडा-३ का अध्यक्ष आकाश धितालले भने, 'खेलकुदको माध्यमबाट आन्तरिक पर्यटनको विकास र प्रवर्द्धन गर्नु हो । साथै यस क्षेत्रको विविधता, प्राकृतिक सुन्दरता, स्रोत साधन र सामार्थ्याका बारे आमनागरिकमा परिचित गराउनु पनि हो ।' बुढानीलकण्ठ मन्दिरबाट सुरु हुने दौड राष्ट्रिय निकुञ्जको गेट, घुम कत्ने, छाप भञ्ज्याङ, महादेवथान, शिवपुरी, बाघद्वार, देउराली, मुलाबारी, नागी गुम्बा, पुनः राष्ट्रिय निकुञ्जको गेट हुँदै बुढानीलकण्ठ मन्दिरमै आएर टुंगिने छ ।

# रिमा र प्रमोदको सहकार्यबाट निर्मित याद युट्युबमा




■ सौर्य समाचार

काठमाडौँ । गीतकार रिमा श्रेष्ठ र चर्चित गायक प्रमोद खरेलको सहकार्यमा नयाँ गीत ' याद' सार्वजनिक भएको छ । लामो समयदेखि अमेरिकामा बस्दै आएकी रिमा पेसाले आइटी इन्जिनियर भए पनि नेपाली संगीत र लेखनमा निरन्तर सक्रिय छिन् । उनले माया-प्रेम, बिछोड तथा सकारात्मक सन्देश दिने गीतहरू सिर्जना गर्दै आएकी छन् । उनले अन्जु पन्त, स्वरूपराज आचार्य, राजेश पायल राईलगायत चर्चित कलाकारहरूसँग सहकार्य गरिसकेकी छन् । आफ्ना सिर्जनाहरू उनले 'रिमा श्रेष्ठ वर्ल्ड' युट्युब च्यानलमार्फत सार्वजनिक गर्दै आएकी छन् ।

नयाँ गीत 'याद' मा प्रमोद खरेलको स्वर, रिमा श्रेष्ठको शब्द र रवीन्द्र पौडेलको संगीत रहेको छ । म्युजिक भिडियोमा डा.सुभाष आचार्य, कृतिका बस्नेत र रवीन्द्रको अभिनय देख्न सकिन्छ । भिडियो निर्देशन सोनाम पाख्रिनले गरेका हुन् । विदेशमा रहेर पनि नेपाली कला, भाषा र संस्कृतिको संरक्षणमा योगदान दिँदै आएकी रिमाको सिर्जनाले दर्शकबाट सकारात्मक प्रतिक्रिया पाइरहेको छ ।

Government of Koshi Province
Ministry of physical Infrastructure Development
Infrastructure Development Directorate
Infrastructure Development Office, Morang
Biratnagar, Nepal

**Invitation for Electronic Bids**

**First Date of Publication: 2082/12/12 (26th March 2026)**

1. Government of Koshi Province has allocated funds towards the Upgrading/construction of following works and invites electronics bids from eligible Nepalese bidders under National Competitive Bidding – Single Stage Two Envelope Procedure.

| S.N. | Contract Identification Number | Description and Location of work | Bid Validity Period | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|---|
| 1 | IDO/MOR/NCB/ R/W-202/082-83 | Upgrading of Bhaunne Amtola Sadak (Chainage:0+000 to 4+000) | 90 days | 7,50,000 | 5000 |

2. Last date of Bid Submission is 2083/01/13 (26th April 2026) at 12:00 Noon and bid opening shall take place in Infrastructure Development Office, Morang on 2083/01/13 (26th April 2026) at 13:00 PM.
Information to deposit the cost of bidding document in Bank:
Name of the Bank: Rastriya Banijya Bank.
Name of Office: Infrastructure Development Office, Morang.
Office Code no.: 3370113011 Account no.: 1000100201010001 (Rajaswa)
Rajaswa (revenue) Shirshak no.: 14229
3. Pre-bid meeting shall be held at Infrastructure Development Office, Morang at 2082/12/30 (14th April 2026) at 13:00 hours
4. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered a last day. In such case validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. Detail Information related to respective invitation for bids can obtain from PPMO's e-GP system website: http://www.bolpatra.gov.np

**Office Chief**




सृजना इन्टरनेशनल मिडिया प्रा.लि.द्वारा प्रकाशित । कार्यालय, पानीपोखरी, काठमाडौं, फोन: ०१४५२०१९५, पो.ब.नं.: १०३७८, इमेल: info@souryadaily.com, **मुद्रण**: समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर, **निर्देशक** : वसन्तनाथ पन्त, **प्रधान सम्पादक**: बोधराज त्रिपाठी